स्थानीय पाठ्यक्रम

कक्षा १–८

# हाम्रो दमक

**दमक नगरपालिका**

दमक, झापा

२०८२

## स्थानीय पाठ्यक्रम निर्माणका लागि सल्लाह/परामर्श

१. श्री रामकुमार थापा, नगर प्रमुख

२. श्री रेगिना भट्टराई प्रसाइँ, नगर उपप्रमुख

३. श्री गणेश कार्की, प्रमुख प्रशासकीय अधिकृत

४. श्री कुवेरप्रसाद भट्टराई, संयोजक, नगर शिक्षा समिति

५. श्री प्रवीण खड्का, प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा

## स्थानीय पाठ्यक्रम निर्माण समिति

१. श्री कृष्णप्रसाद भण्डारी, संयोजक

२. श्री भोजप्रसाद भट्टराई, सदस्य

३. श्री घनश्याम अधिकारी, सदस्य

४. श्री जयन्ती पौडेल, सदस्य

५. श्री सोमनाथ गुरागाईं, सदस्य सचिव

## भाषा सम्पादन

श्री बद्रीप्रसाद कोइराला

## आवरण डिजाइन

....................................


## प्रकाशक

**दमक नगरपालिका**

दमक, झापा

## हाम्रो भनाइ

नेपालको संविधान २०७२ ले शैक्षिक विकेन्द्रीकरणका लागि विद्यालय तहको शिक्षाको अधिकार स्थानीय तहमा हस्तान्तरण गरेको सन्दर्भमा यस दमक नगरपालिकाभित्र सञ्चालनमा रहेका विद्यालयहरूको आधारभूत तहमा पठनपाठनका लागि यो 'हाम्रो दमक' नामक स्थानीय पाठ्यक्रमको पहिलो खण्ड कक्षा १- ५, २०७७ देखि कार्यान्वयनमा ल्याइसकिएको र सो पाठ्यक्रमलाइ परिमार्जन गरी दोस्रो खण्ड कक्षा ६-८ समेत शैक्षिक सत्र २०८२ देखि कार्यान्वयनमा ल्याइएको छ। भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक विविधताले भरिएको हाम्रो देशमा केन्द्रीय तहबाट तयार पारिएका शिक्षाका पाठ्यक्रमले स्थानीय संस्कृति, भाषा, भूगोल, जनजीवन र समुदायका मूल्यमान्यताहरूलाई सम्बोधन गर्न नसक्ने हुँदा दमक नगरपालिकाभित्रका स्थानीय नागरिकका आवश्यकता र चाहनाबमोजिमका विषयवस्तुहरू समेटिने गरी यो पाठ्यक्रम तयार पारिएको छ।

यस पाठ्यक्रमले दमक नगरपालिकाको भौगोलिक अवस्था, वातावरण, संस्कार र संस्कृति, स्रोत र सम्पदाहरूको चिनारी, दमक नगरको विकास, पहिचान एवम् समृद्धिका लागि योगदान पुऱ्याउने व्यक्तित्वहरूको चिनारी, दमकमा रहेका मुख्य सङ्घसंस्थाहरूको चिनारी, दमक नगरपालिकाभित्रका प्रमुख आर्थिक क्रियाकलापहरू, दमक नगरपालिकामा रहेका मुख्य पेसा, व्यवसाय र उद्यमशीलताको परिचय, दमकमा हुनसक्ने विपद्को जानकारी तथा विपद् व्यवस्थापनका लागि दमक नगरपालिकामा भएका प्रयासहरूलाई मुख्य विषयवस्तुको रूपमा समेटने प्रयास गरेको छ।

दमक नगरपालिका शिक्षा समितिको मिति २०७६/१०/०३ को निर्णयबमोजिम सात सदस्यीय कार्यदललाई यो पाठ्यक्रमको निर्माणको जिम्मेवारी दिइएको थियो। समितिले पुनः मिति २०८०/०५/१८ को निर्णयअनुसार कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माण तथा कक्षा १-५ को परिमार्जन गर्ने जिम्मा पाँच सदस्यीय कार्यदललाई सुम्पिएको थियो। यसको निर्माण र विकासका लागि विभिन्न चरणमा सरोकारवालाहरू एवम् पाठ्यक्रम विज्ञहरूबाट परामर्श र पृष्ठपोषण प्राप्त भएको थियो। यसलाई बढीभन्दा बढी मापनयोग्य, विश्वसनीय, उपलब्धिमूलक र समयसीमाभित्र शिक्षण गर्न सकिने गरी तयार पारिएको छ। यस पाठ्यक्रममा विद्यार्थीको उमेर, बालमनोज्ञिान, सिकाइस्तर, कक्षा र तहअनुसार विषयवस्तुको वितरण गरिएको छ। यस पाठ्यक्रमले शिक्षण सिकाइ क्रियाकलापको विस्तृत योजना प्रस्तुत गरेको छ। यस योजनामा शिक्षणको समय सीमा निर्धारण, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन एवम् परियोजना कार्यको खाकासमेत समावेश गरिएका छन्।

अन्त्यमा, यस पाठ्यक्रमको तयारीको क्रममा आफ्नो अमूल्य सुझाब प्रदान गर्नुहुने शिक्षक मित्रहरू, जनप्रतिनिधिहरू, दमक नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरू एवम् सबै सरोकारवालाहरूप्रति हार्दिक आभार प्रकट गर्दछौँ।

**पाठ्यक्रम निर्माण समिति**



# शुभ-कामना

दमक नगरपालिकाको चिनारीका रुपमा यस नगरपालिका भित्रका शिक्षकहरुको विशेष अग्रसरतामा आधारभूत तहको ( कक्षा १ देखि ८ सम्म ) स्थानीय पाठ्यक्रम "हाम्रो दमक" तयार भएकोमा मलाई अत्यन्त खुसी लागेको छ । हाम्रा बालबालिकाहरुले अनिवार्य रुपमा निशुल्क र सर्वसुलभ शिक्षा पाउनु पर्दछ भन्ने हाम्रो पहिलो मान्यता हो । सँगसँगै गुणस्तरीय शिक्षा पाउनु बालबालिकाहरुको नैसर्गिक अधिकार पनि हो । अनिवार्य र निशुल्क शिक्षा प्रदान गर्नु विद्यालयको कर्तव्य हो भने सो को आवश्यक प्रवन्ध र सुनिश्चितता गर्ने दायित्व स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको हो । यसै सेरो सेरोफेरोमा शैक्षिक सत्र २०८२ बाट दमक नगरपालिकाले सामुदायिक विद्यालयहरुमा आधारभूत तह पूर्ण रुपमा निशुल्क गरेको छ । शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय शिक्षा सुधार कार्यक्रम सञ्चालनमा ल्याईएको छ ।

यो पाठ्यक्रम दमक भित्रका सबै विद्यालयहरुमा अनिवार्य लागू हुने अवस्था सिर्जना भएकोमा अत्यन्त खुसी लागेको छ । यस कार्यमा लगनशिलताका साथ खटिनु हुने पाठ्यक्रम मस्यौदा समितिका सदस्यहरु, नगर कार्यपालिका, नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा लगायत सम्बन्धित सबै प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस पाठ्यक्रमको सफल कार्यान्वयनका लागि आवश्यक सबै प्रकारको सहयोग गर्ने वाचा सहित शुभकामना व्यक्त गर्दछु ।

राम कुमार थापा
नगर प्रमुख



# शुभकामना

दमक नगरपालिकाको महत्वपूर्ण पहल मार्फत 'हाम्रो दमक' पाठ्यक्रम प्रकाशन हुन लागेकोमा अत्यन्त खुसि लागेको छ । यस सृजनशील कार्यमा लाग्नु हुने सबैलाई मेरो ब्यतिगत तर्फबाट र दमक नगरपालिकाको तर्फ बाट हार्दिक शुभकामना ब्यक्त गर्दछु । यो पाठ्यक्रमले यहाँका विद्यार्थीहरूमा स्थानीय इतिहास, संस्कृति, रहनसहन ,दमकको भौगोलिक अवस्था, जातीय विविधता, आधुनिक प्रगतिहरू, परम्परागत अभ्यास, र लोपोन्मुख तत्वहरू, उद्योग, संघसंस्थाहरुको बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ। नगरपालिकाको यो सराहनीय कार्यले शिक्षा र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउनुका साथै नगरपालिकाको शैक्षिक विकासमा नयाँ अध्याय को प्रारम्भ हुने विश्वास लिएको छु।

अन्त्यमा, यस पाठ्यक्रममा समाबेश गरिएका पाठ्य सामाग्री तयार गर्न हर सम्भब सहयोग गर्ने पाठ्यक्रम लेखन समिति , यस पालिकाका तमाम कर्मचारी मित्रहरु, नगर शिक्षा समितिका साथीहरु, आफ्ना अमूल्य राय सल्लाह तथा सुझावहरु प्रदान गर्नु हुने राजनीतिकर्मीहरु र स्थानीय सरोकारवालाहरु साथै उहाँहरुको सकारात्मक सहयोग प्रति लागि आभारी छु।

2082/01/21

रेगिना भट्टराई प्रसाई
नगर उप-प्रमुख



# शुभकामना

दमक नगरपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम "हाम्रो दमक" तयार पारेको छ । तयार पारिएको स्थानीय पाठ्यक्रम यसै शैक्षिक सत्र 2082 बाट कार्यान्वयनमा ल्याईएको छ । दमक नगरपालिका भित्रका विद्यालयहरुमा अध्ययनरत सबै विद्यार्थीहरुले यस पाठ्यक्रम मार्फत आफ्नो नगरपालिकालाई नजिकबाट चिन्न र जान्न सक्ने अवसर प्राप्त गर्नेछन् भन्ने विश्वास लिएको छु ।

स्थानीय पाठ्यक्रमले दमक क्षेत्र भित्र रहेका जातजाति, भाषाभाषी, संस्कृती, भूगोल, इतिहास, सांस्कृतिक सम्पदा आदि सम्बन्धी विषयहरुको अध्ययन अध्यापन गराउने भएकाले हाम्रा बालबालिकाहरुले आफ्नो स्थानीय परिवेशको बारेमा व्यवस्थित योजनावद्ध र उद्देश्यपूर्ण रुपमा ज्ञान आर्जन गर्ने अवसर प्राप्त गर्नेछन् भन्ने विश्वास लिएको छु ।

संविधान सभाले मिति 2072/06/03 मा जारी गरेको नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ । माध्यमिक तह सम्मको विद्यालय शिक्षाको एकल अधिकार स्थानीय तहलाई प्राप्त भएकाले राष्ट्रिय पाठ्यक्रम प्रारुप,2076 मा भएको व्यवस्था अनुसार तयार गरिएको यो स्थानीय पाठ्यक्रम "हाम्रो दमक" को अध्ययनले शिक्षामा थप सुधार हुने विश्वास लिएको छु ।

यस पाठ्यक्रमको मस्यौदा तयार पार्ने नगर शिक्षा समितिले गठन गरेको समितिका संयोजक सहित सबै सदस्यहरुले गरेको मेहनतको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।पाठ्यक्रम लागू गर्न सहयोग गर्ने नगर कार्यपालिका कार्यालय, नगर शिक्षा समितिका सदस्य लगायत सबैप्रति कृतज्ञता व्यक्त गर्दै स्थानीय पाठ्यक्रम प्रभावकारी र सफलतापूर्वक कार्यान्वयन होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

कुबेर प्रसाद भट्टराई
अध्यक्ष
दमक नगर शिक्षा समिति

# विषय सूची


| क. स. | शीर्षक | पेज नं. |
| --- | --- | --- |
| १. | परिचय | १ |
| २ | पाठ्यक्रमको आवश्यकता | १ |
| ३ | पाठ्यक्रमका महत्त्व | २ |
| ४ | विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू | २ |
| ५ | स्थानीय पाठ्यक्रम | ३ |
| ६ | पाठ्यक्रमको ढाँचा | ३ |
| ७ | स्थानीय पाठ्यक्रमको तहगत सक्षमता | ३ |
| ८ | कक्षागत सिकाइ उपलब्धि (कक्षा १-५) | ५ |
| ९ | कक्षागत र विषयगत क्षेत्र (थिम)गत  सिकाइ उपलब्धि सङ्ख्या (कक्षा १-३) | १० |
| १० | कक्षागत सिकाई उपलब्धि (कक्षा ६-८) | १३ |
| ११ | विषयक्षेत्र र विषयवस्तुहरु (कक्षा १-५) | १७ |
| १२ | विषयक्षेत्र र विषयवस्तुहरु (कक्षा ६-८) | २१ |
| १३ | विषयवस्तुको विस्तृतिकरण र क्रियाकलाप (कक्षा १-५) | २३ |
| १४ | विषयवस्तुको विस्तृतिकरण र क्रियाकलाप (कक्षा ६-८) | ६५ |
| १५ | सिकाइ सहजीकरण क्रियाकलापहरु | ९५ |
| १६ | विद्यार्थी मूल्याङ्कन | ९६ |
| १७ | आवधिक मूल्याङ्कन | १०३ |
| १८ | समय निर्धारण | १०४ |
| १९ | विशिष्टिकरण तालिका (कक्षा ४-५) | १०४ |
| २० | प्रश्नको तह (कक्षा ४-५) | १०५ |
| २१ | प्रश्नको किसिम (कक्षा ४-५) | १०५ |
| २२ | विशिष्टिकरण तालिका (कक्षा ६-८) | १०६ |

| | | |
|---|---|---|
| २३ | प्रश्नको तह (कक्षा ६-८) | १०७ |
| २४ | प्रश्नको किसिम (कक्षा ६-८) | १०७ |
| २५ | शिक्षकलाई निर्देशन | १०७ |
| २६ | अनुसूची<br>अनुसूची १. विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख (कक्षा १) :<br>अनुसूची २. वद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख : (कक्षा २)<br>अनुसूची ३. वद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख : (कक्षा ३) | १०९<br>१०९<br>१२२<br>१३२ |

## १. परिचय :

नेपालको सुदूरपूर्वी जिल्ला झापाको पश्चिमोत्तरमा रहेको दमक एउटा बहुसांस्कृतिक, बहुजातीय एवम् आर्थिक र सामाजिक विविधता भएको नगरपालिका हो । हरियालीयुक्त ग्रामीण क्षेत्रको तीव्र सहरीकरण यसको मुख्य विशेषता रहेको छ । पूर्वी नेपालका पहाडी जिल्लाहरू, तराईका मोरङ जिल्ला र झापाकै अन्य स्थानबाट यस नगरक्षेत्रमा बसाइँसराइ गरी आउने जनसङ्ख्या क्रमशः वृद्धि हुँदै आइरहेको छ । तीव्र सहरी विकासको परिणामस्वरूप दमकको आर्थिक र सामाजिक क्रियाकलाप, परम्परा र संस्कृति, वातावरणीय सन्तुलन, स्रोतसाधनहरूको परिचालनको अवस्थामा समेत तीव्र परिवर्तन र दबाब सिर्जना भएको छ । दमक नगरको मौलिक पहिचान कायम राख्न, स्थानीय स्रोतसाधनको संरक्षण र उचित परिचालन गर्न, स्थानीय वातावरण, जैविक विविधता र विकासको बीचमा सन्तुलन कायम राख्न औपचारिक तथा अनौपचारिक उपायहरूको अवलम्बन गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्न यो स्थानीय पाठचक्रम निर्माण गरी आधारभूत तहका कक्षाहरूमा पठनपाठनका लागि लागू गरिएको छ । यस पाठचक्रमले दमक नगरपालिकाभित्र अध्ययन गर्ने बालबालिकाहरूलाई आफ्नो नगरको भौगोलिक अवस्था, सामाजिक तथा सांस्कृतिक परम्पराहरू, वातावरणीय अवस्था र विशेषताहरू तथा स्रोत र सम्पदाहरूसँग परिचित हुने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यस पाठचक्रमले दमक नगरपालिकाको परिचय, स्थानीय स्रोत र सम्पदाहरू, संस्कार, संस्कृति, भाषा, भेषभूषा र मूल्यमान्यताहरू, व्यक्तित्व र सङ्घसंस्थाहरूको चिनारी, स्थानीय पेसा, व्यवसाय र प्रविधि, स्थानीय वातावरण र जैविक विविधता, विपद् तथा विपद् व्यवस्थापन पक्षलाई विषयवस्तुको रूपमा समावेश गरी सम्बन्धित पक्षको कक्षागत सिकाइ सक्षमता, विषयवस्तुको विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन विधिसमेतको विस्तृत खाका प्रस्तुत गरेको छ ।

नेपालको सन्दर्भमा केन्द्रीय तहबाट निर्माण गरिएका शैक्षिक पाठचक्रमले स्थानीय स्तरका आवश्यकतालाई पूर्णरूपले सम्बोधन गर्न नसक्ने हुँदा 'विद्यालय शिक्षाको राष्ट्रिय पाठचक्रम प्रारूप २०७६' ले स्थानीय स्तरको पाठचक्रमलाई महत्त्व दिएको र स्थानीय शासन ऐन २०७४ ले दिएको अधिकारलाई प्रयोग गरी शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुसार दमक नगरपालिकाले यो स्थानीय पाठचक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पाठचक्रमले स्थानीय स्तरमा रहेका ज्ञान, सिप र धारणाहरूलाई बालबालिकासँग पुऱ्याउने लक्ष्य लिएको छ । यस पाठचक्रमले दमक नगरको ऐतिहासिकताको चिनारी, नगरभित्र रहेका मौलिक विशेषताहरूको पहिचान, संरक्षण र संवर्धन, नगरका स्रोत एवम् सम्पदाहरूको पहिचान र संरक्षण, नगर भित्रको वातावरणीय विशेषताहरू र वातावरण संरक्षणका उपायहरूको जानकारी, स्थानीय पेसा र व्यवसायको पहिचान र प्रवर्धन, स्थानीय स्तरमा हुनसक्ने विपद् र विपद् व्यवस्थापनका उपायहरूका सम्बन्धमा ज्ञान, सिप र सकारात्मक अभिवृत्तिको विकास गर्ने विश्वास लिइएको छ । यो पाठचक्रम आधारभूत तह (कक्षा १-८) मा शैक्षिक सत्र २०७७ देखि क्रमशः लागू हुँदै आएको छ ।

## २. पाठचक्रमको आवश्यकता :

स्थानीय आवश्यकताका विषयवस्तु त्यहीका नागरिकको अपनत्व हुने गरी सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठचक्रम नै स्थानीय पाठचक्रम हो । यसमा केन्द्रीय पाठचक्रमले समेट्न नसकेका विषयवस्तुहरू समेटीएका हुन्छन् । जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम ज्ञान र सिपको मार्गदर्शन पहिल्याउन सहयोग गर्दछ । स्थानीय स्तरमा रहेका मूल्य, मान्यता, कला र सांस्कृतिको संरक्षण र संवर्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्न सहयोग गर्दछ। स्थानीय पाठचक्रमलाई शैक्षिक विकेन्द्रीकरणको महत्त्वपूर्ण खुड्किलाका रूपमा पनि लिन सकिन्छ। केन्द्रबाट तय हुने पाठयक्रमले स्थानीय संस्कृति, जनजीवन, भूगोललगायतका पक्षलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठचक्रमको अवधारणा आएको हो ।

नेपालको संविधानको शिक्षा, भाषा तथा संस्कृतिसम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने उल्लेख गरिएको छ । विद्यालय तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकार मातहत व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरेको छ ।

तसर्थ यस दमक नगरपालिकामा केन्द्रीय पाठचक्रमले समेट्न नसकेका विषयवस्तुहरू स्थानीय आवश्यकताको आधारमा स्थानीय स्रोत र साधन प्रयोग गरी अधिकतमरूपमा स्थानीयकरण गर्न यो पाठचक्रमको आवश्यकता महसुस गरी 'हाम्रो दमक' पाठचक्रम लागू गरिएको हो ।

## ३. पाठ्यक्रमको महत्त्व :

यस पाठ्यक्रमको महत्त्वलाई तपसिलबमोजिमका बुँदाहरूबाट प्रस्ट पार्ने कोसिस गरिएको छ ।

– समाजअनुकूल विषयवस्तुलाई पाठ्यक्रममार्फत शिक्षण गर्न ।

– व्यक्ति, समाज तथा स्थानीय स्तरको आवश्यकता परिपूर्ति गर्न ।

– स्थानीय परिवेशअनुसार चलिआएका चाडपर्व, धर्मसंस्कृति, जातजाति, रीतिरिवाज, कलाकौशल, स्थानीय उद्योग, प्राकृतिक स्रोत साधन, कृषि, पर्यटन, पुरातात्त्विक तथा धार्मिक स्थान, जडिबुटी, अध्यात्मिक शिक्षा, आयआर्जनका क्षेत्रहरूको अधिकतम उपयोग गर्न ।

– स्थानीय सरोकारवालाहरूको सक्षमता अभिवृद्धि गर्न ।

– समुदाय र विद्यालयबीचको घनिष्ठता कायम गर्न ।

– स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न ।

– केन्द्रीय पाठ्यक्रमममा नसमेटिएका विषयवस्तु समेटी शिक्षण गर्न ।

– स्थानीय विषयवस्तुलाई प्राथमिकता दिई स्वावलम्बी र आत्मनिर्भर बनाउन ।

– स्थानीय सिप र व्यावहारिक शिक्षाको माध्यमबाट व्यक्ति र समाजमा परिवर्तन ल्याउन ।

– स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न ।

– स्थानीय तहको पाठ्यक्रमले समाजमा पार्ने प्रभाव, स्थानीयस्तरमा भएको स्रोत र सामग्रीहरूको पहिचान गरी न्यूनतम लागतमा अधिकतम उपलब्धि हासिल गर्न ।

– आफू बसोवास गरेको धरातलीय, सामाजिक, आर्थिक र सांस्कृतिक ज्ञान सहज तवरले औपचारिक रूपमा पुस्तान्तरण गर्न ।

– स्थानीयस्तरमा भएका कला, संस्कृति, सिप र प्रविधिहरूलाई अन्यत्र फैलाउन ।

– विद्यार्थीमा सूक्ष्म विषयवस्तुहरूको खोज तथा अनुसन्धान गर्ने बानीको विकास गर्न ।

– स्थानीय जनचासोका विषयवस्तुसम्बन्धी जानकारी लिई संस्थागत गर्न ।

– स्थानीय पेसा, व्यावसाय र प्रविधिको प्रवर्धन र संरक्षण गर्दै विद्यार्थीमा आवश्यक जीवनोपयोगी सिप विकास गर्न ।

## ४. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू :

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख भएबमोजिम विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरू योग्य र सक्षम तथा राष्ट्र र राष्ट्रियताप्रति जिम्मेवार नागरिक उत्पादन गर्नु रहेको छ । विद्यालय शिक्षाको दृष्टिकोण समाजवादोन्मुख सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणको लागि सक्षम र प्रतिस्पर्धी नागरिक विकास गर्नु रहेको छ । यस दृष्टिकोणलाई सफल तुल्याउन देहायका राष्ट्रिय उद्देश्यहरू तोकिएका छन् :

क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान् नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादोन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने, वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु भाव भएका र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,

ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्टचहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ५. स्थानीय पाठ्यक्रम :

### ५.१ नामकरण:

यो पाठ्यक्रमको नाम **'हाम्रो दमक'** राखिएको छ । यो पाठ्यक्रम यस दमक नगरपालिका क्षेत्रका विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको लागि तयार गरिएको हो । यस पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको स्थानीय तथा जीवनोपयोगी सिप सम्बन्धी विषयवस्तुहरू समेटिएका छन् ।

### ५.२ कार्यान्वयन :

यो स्थानीय पाठ्यक्रम दमक नगरपालिकाकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा लागू गरिने छ । यस पाठ्यक्रमको कार्यान्वयन सबै विद्यालय र सरोकारवालासँगको समन्वय, सहमति र साझेदारीमा गरिने छ । यसको शिक्षण सिकाइको माध्यम भाषा नगरपालिकाले तोकेअनुसार नेपाली हुने छ । यस पाठ्यक्रमको लागि शिक्षक निर्देशिका तयार गरी लागू गर्न सकिने छ । नगरपालिकाले यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषय शिक्षकलाई शिक्षण सिकाइसम्बन्धी तालिम, विद्यार्थीको लागि ई-बुक तथा कार्य अभ्यास पुस्तिकाको व्यवस्था गर्ने छ । शिक्षण सिकाइ क्रियाकलापलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको व्यवस्था नगरपालिका र विद्यालयले तयार गर्ने छन् ।

### ५.३ परिमार्जन :

यस पाठ्यक्रमको कार्यान्वयनको क्रममा अनुभव गरिएका कठिनाइ तथा महसुस गरिएका सुधार गर्नु पर्ने विषय, शैक्षिक सामग्री, शिक्षण सिकाइ र मूल्याङ्कन प्रक्रियामा देखिएका व्यावहारिक अनुभवहरूको आधारमा अझ प्रभावकारी, नतिजामुखी र समय सापेक्ष तुल्याउन समय समयमा परिमार्जन गर्दै लगिने छ । यस पाठ्यक्रमलाई स्थानीय ज्ञान, सिप र सम्भावनाहरू समेटी अझ जीवनोपयोगी तुल्याउन विषयवस्तु तथा शिक्षण सिकाइ प्रक्रियालाई आवश्यकतानुसार परिमार्जन गर्दै लगिने छ ।

## ६. पाठ्यक्रमको ढाँचा :

हाम्रो दमक स्थानीय पाठ्यक्रमको ढाँचा देहायबमोजिम हुने छ :

१. परिचय

२. तहगत सक्षमता

३. कक्षागत सिकाइ उपलब्धि

४. विषयवस्तुको क्षेत्र र क्रम

५. विषयवस्तुको विस्तृतीकरण

६. सिकाइ सहजीकरण प्रक्रिया

७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

## ७. स्थानीय पाठ्यक्रमको तहगत सक्षमता : कक्षा (१ - ८)

क) दमक नगरपालिकाको सामान्य परिचय ।

ख) दमक नगरपालिकाभित्रका प्राकृतिक, सांस्कृतिक सम्पदा र स्रोतको पहिचान र संरक्षण ।

ग) दमक नगरपालिकाभित्र रहेका समुदायहरूका संस्कार, संस्कृति, भाषा, भेषभूषा एवम् सामाजिक मूल्यमान्यताको पहिचान, संरक्षण र अनुसरण ।

घ) दमक नगरपालिकाभित्र रहेका ऐतिहासिक तथा पर्यटकीय स्थल, मठमन्दिर, पोखरी, ताल आदिको परिचय र संरक्षण ।

ङ) दमक नगरपालिकाभित्र रहेका व्यक्तित्व चिनारी, सङ्घसंस्थाहरू र तिनले दिने सेवाहरूको परिचय ।

च) दमक नगरपालिकाभित्रका पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधिको पहिचान र प्रयोग ।

छ) दमक नगरपालिकाभित्र रहेका वातावरणीय समस्या र समाधानका उपायहरूको पहिचान, जैविक विविधताको संरक्षण र संवर्धन ।

ज) विपद् र विपद् व्यवस्थापनसम्बन्धी आधारभूत सचेतना ।

झ) दमक नगरपालिकाभित्रका सम्भावित विपद्को पहिचान र व्यवस्थापनका उपायहरूको जानकारी ।

## ८. कक्षागत सिकाइ उपलब्धि :

### ८.१ कक्षा १-५

| क्र. सं. | विषयवस्तुको क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १. | दमक नगरपालिकाको परिचय | १. आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाम बताउन । | १.आफ्नो छिमेकी गाउँ/टोल र वडाहरूको नाम बताउन । | १.दमक नगरपालिकाको नक्सा अवलोकन गरी साँध-सीमा बताउन । | १.दमक नगरपालिकाको नक्सा बनाउन र वडाको सिमाना छुट्याउन । | १. दमक नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि बताउन । |
| | | २. आफ्नो वडा र छिमेकका वडाका टोल/बस्तीको नाम बताउन । | २. आफ्नो टोल र छिमेकी टोलका टोल विकास संस्थाहरूसँग परिचित हुन । | २. नगरपालिकाका वडाहरूको साँघसिमाना बताउन । | २. दमक नगरपालिकाको भौगोलिक विशेषता बताउन । | |
| | | ३.आफ्नो टोल बस्तीको सिमाना र भौगोलिक अवस्था बताउन । | ३. आफ्नो टोल र छिमेकी टोल, बस्तीहरूमा भएका पूर्वाधारहरूको अवलोकन गरी नाम र ठेगाना बताउन । | ३. दमक नगरपालिकाको नक्सामा आफ्नो टोल, बस्ती रहेको स्थान सङ्केत गर्न । | ३. दमक नगरपालिकामा रहेका गौरवका आयोजनाहरूको बारेमा बताउन । | २. 'दमक' नामकरणसम्बन्धी विभिन्न किंवदन्तीहरू बताउन । |
| | | ४. आफ्नो वरपरका पूर्वाधारहरूको नाम भन्न । | | ४. दमक नगरपालिकाभित्र रहेका पूर्वाधारहरूको उपयोगिता बताउन । | | |
| २. | स्रोत र सम्पदाहरू | ५. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको नाम बताउन । | ४. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोत तथा सम्पदाहरूको उपयोगिता बताउन । | ५. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको संरक्षणका उपायहरू बताउन । | ४. दमक नगरपालिकाको नक्सामा सांस्कृतिक सम्पदा स्थलहरूको सङ्केत गर्न । | ३. दमक नगरपालिकामा रहेका धार्मिक सम्पदाहरूको अवलोकन गरी छोटो परिचय दिन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरूको नाम भन्न । | ५. दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको सूची बनाउन । | ६. दमक नगरपालिकाभित्रका सांस्कृतिक सम्पदाहरूको महत्व बताउन । | ५. दमक नगरपालिकाको नक्सामा प्राकृतिक सम्पदाहरूको सङ्केत गर्न । | ४. स्रोत र सम्पदाहरूको संरक्षणका लागि दमक नगरपालिकाका प्रयासहरू बताउन । |
| | | ७. दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको नाम बताउन । | ६. दमक नगरपालिकाभित्र समुदायको धार्मिक विविधताको अवलोकन गरी सम्मान प्रकट गर्न । | | | |
| | | ८. दमक नगरपालिकाभित्र रहेका धार्मिक सम्पदाहरू चिन्न र नाम भन्न । | | | | |
| ३. | संस्कार र संस्कृति | ९. दमक नगरपालिकाका जातजातिहरूको पहिचान गर्न । | ७. आफ्नो परिवार तथा समुदायमा प्रचलित संस्कारहरू बताउन । | ७. आफ्नो समुदायमा प्रचलित चाडपर्वहरूको सांस्कृतिक महत्त्व बताउन । | ६. आफ्नो समुदायमा प्रचलित मुख्य संस्कारहरूको छोटो वर्णन गर्न । | ५. सांस्कृतिको संरक्षणका लागि दमक नगरपालिकाबाट भएका प्रयासहरू उल्लेख गर्न । |
| | | १०. दमक नगरको भाषागत विविधताबारे जानकारी हासिल गर्न । | | ८. आफ्नो समुदायका व्यक्तिहरूले लगाउने पहिरनको अवलोकन गरी जातजातिहरू छुट्याउन । | ७. आफ्नो परिवार एवम् समुदायमा सहयोग र सम्मानको व्यवहार प्रदर्शन गर्न । | ६. आफ्नो समुदायका मूल्य मान्यताअनुहार असल र खराब आचरणहरू छुट्याउन । |
| | | ११. दमक नगरपालिकाभित्र मनाइने चाडपर्वहरू चिन्न । | ८. आफ्नो समुदायमा बोलिने फरक फरक भाषाहरूको नाम बताउन । | | | |
| | | १२. दमक नगरपालिकाभित्र धार्मिक | ९. आफ्नो परिवार र मान्यजनप्रति आदर, सम्मान प्रकट गर्न । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विविधताको अवलोकन गर्न । | | | | |
| | | १३. मूल्यमान्यता र असल आचरणको पालना गर्न । | | | | |
| ४. | व्यक्ति, व्यक्तित्व र सङ्घ-संस्थाहरू | १४. सामाजिक व्यक्तित्वहरू चिन्न र नाम भन्न । | १०. आफ्नो टोल र छिमेकका सामाजिक व्यक्तिहरूको नाम बताउन । | ९. दमक नगरपालिकाभित्रका सामाजिक व्यक्तित्वहरूको नाम बताउन । | ८. दमक नगरपालिकामा बसोवास गर्ने विशिष्ट व्यक्तित्वहरूको नाम बताउन । | ७. दमक नगरपालिकामा रही सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरूको योगदानको चर्चा गर्न । |
| | | १५. दमक नगरपालिकाका जनप्रतिनिधिहरूको नाम भन्न । | ११. दमक नगरपालिका (तत्कालीन गाउँ पञ्चायत) को स्थापनाकालदेखि हालसम्मका नगरप्रमुख र उपप्रमुखहरूको नाम बताउन । | १०. दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरूको परिचय बताउन । | ९. दमक नगरपालिकाभित्र रहेका विशिष्ट प्रतिभाहरूको पहिचान गरी उनीहरूको नाम र कार्यक्षेत्र वर्णन गर्न । | ८. दमक नगरपालिकाको विकासमा योगदान दिने सङ्घ संस्थाहरूको पहिचान गरी तिनीहरूको छोटो परिचय लेख्न । |
| | | १६. दमक नगरपालिकामा रहेका सङ्घसंस्थाको नाम बताउन । | १२. दमक नगरपालिकामा रहेका सङ्घसंस्थाको परिचय दिँदै सेवाहरू बताउन । | ११. दमक नगरपालिकाका विषयगत समितिहरूको नाम बताउन । | | |
| ५. | वातावरण र जैविक विविधता | १७. स्थानीय वातावरणका विभिन्न तत्वहरूको नाम बताउन । | १३. दमक नगरपालिकाको वातावरणको अवलोकन गरी वातावरणका अवस्था/पक्ष बताउन । | १२. दमक नगरपालिकाभित्र पाइने जीवजन्तु र बोटबिरुवाको नाम बताउन । | १०. सार्वजनिक स्थानको स्वच्छता कायम राख्न दमक नगरपालिकाबाट भएका प्रयासहरू बताउन । | ९. दमक नगरपालिकाको वातावरण स्वच्छ राख्न अपनाउनु पर्ने उपायहरूको सूची बनाउन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १८. दमक नगरपालिकाको जैविक विविधताबारे बताउन । | १४. दमक नगरपालिकाभित्र रहेको जैविक विविधता संरक्षणका उपायहरू बताउन । | १३. दमक नगरपालिकालाई सफा र हराभरा बनाउन आफ्नो समुदाय स्तरमा गरिएका प्रयासहरूको सूची तयार पार्न । | ११. मानवीय क्रियाकलापले दमक नगरपालिकाको वातावरणमा पारेको प्रभावहरूको वर्णन गर्न । | १०. वातावरण र जैविक विविधता संरक्षणमा दमक नगरपालिकाका कार्यहरू बताउन । |
| | | | १५. दमकमा रहेका तालतलैया, सिमसार तथा पोखरीहरूको महत्त्व बताउन । | | | |
| ६. | पेसा, व्यवसाय र उद्यमशीलता | १९. स्थानीय उद्योगहरूका नाम बताउन । | १६. आफ्नो छरछिमेकका व्यक्तिहरूले गर्ने कामहरू पहिचान गर्न । (पेसासँग सम्बन्धित मात्र) | १४. आफ्नो वडा वा समुदायमा भएका मानिसले गर्ने मुख्य मुख्य कामहरूको बारेमा बताउन । | १२. आफ्नो समुदायमा गरिने मुख्य मुख्य पेसा र व्यवसायहरूको वर्गीकरण गर्न । | ११. दमक नगरमा अपनाइएका विभिन्न पेसाहरूको नाम बताउन र वर्गीकरण गर्न । |
| | | २०. परिवारका सदस्यहरूले गर्ने कामको जानकारी हासिल गर्न । | १७. आफ्नो टोल र छिमेकमा भएका आम्दानी हुने कामको नाम बताउन (व्यवसायसँग सम्बन्धित मात्र) । | १५. आफ्नो वडामा आम्दानी हुने व्यवसायको पहिचान गर्न । | १३. आफ्नो समुदायमा सञ्चालित उद्योग र कलकारखानाबाट उत्पादित वस्तुहरूको नाम र फाइदा बताउन । | १२. दमक नगरपालिकामा भएका घरेलु उद्योगहरूको वर्गीकरण गर्न । |
| | | २१. दमक नगरपालिकाका पेसा र प्रविधिहरू चिन्न । | १८. आफ्नो छरछिमेकमा उत्पादन हुने वस्तुहरू पहिचान गर्न । | १६. आफ्नो वडामा भएका घरेलु उद्योगहरूको विवरण पहिचान गरी तिनीहरूबाट उत्पादित वस्तुहरूको नाम बताउन । | १४. उद्यमशीलताको परिचय बताउन । | १३. आधारभूत सिपहरू बताउन र व्यवहारमा उतार्न । |
| | | | १९. आफ्नो वडामा भएका उद्योगहरू र उत्पादित सामग्रीहरूको नाम बताउन । | १७. आवश्यक न्यूनतम सिपहरू हासिल गर्न (प्रयोगात्मक) । | १५. उद्यमी हुनको लागि आवश्यक सिप पहिचान गर्न । | १४. आधारभूत घरेलु सिपहरू र सावधानीहरू व्यवहारमा उतार्न । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २२. परिवारमा प्रयोग हुने परम्परागत प्रविधि र सामग्रीहरू चिन्न । | २०. आफ्नो समुदायमा भएका परम्परागत र आधुनिक प्रविधिका सामग्रीहरूको नाम र उपयोगिता बताउन । | | १६. आधारभूत घरेलु सिपहरू र सावधानीहरूको बारेमा बताउन । | |
| | | २३. पारिवारिक काममा आधुनिक प्रविधिको प्रयोग गर्ने तरिका थाहा पाउन । | | | | |
| ७. | विपद् तथा विपद् व्यवस्थापन | २४. विपद्को परिचय बताउन । | २१. विपद्बाट उत्पन्न हुनसक्ने कठिनाइ तथा समस्याहरू बताउन । | १८. दमक नगरपालिकामा सम्भावित प्राकृतिक विपद्हरूको नाम बताउन । | १७. विपद्बाट बचावटका लागि आवश्यक पूर्वतयारी र आपत्कालीन योजनाको अवधारणा बताउन । | १५. दमक नगरपालिकाभित्र विपद् व्यवस्थापनमा समुदायको भूमिका बताउन । |
| | | २५. विपद्का प्रकारहरू बताउन । | २२. सुरक्षा योजनाको धारणा बताउन ।<br>२३. प्राकृतिक र मानव सिर्जित विपद्बाट सुरक्षा/बचावटका उपायहरू बताउन । | १९. दमक नगरपालिकामा सम्भावित प्राकृतिक विपद् क्षेत्रहरूको नाम बताउन । | १८. दमक नगरपालिकाभित्र सम्भावित प्राकृतिक विपद्हरूको जोखिम न्यूनीकरणका उपायहरू बताउन । | १६. दमक नगरपालिकाभित्र विपद् व्यवस्थापनमा सङ्घसंस्थाको भूमिका बताउन । |
| | | | | २०. दमक नगरपालिकामा मानव सिर्जित विपद् हुनसक्ने क्षेत्रहरूबारे बताउन । | १९. हाम्रो स्थानीय तहमा सम्भावित मानव सिर्जित विपद् न्यूनीकरणका उपायहरू बताउन । | १७. दमक नगरपालिकाभित्र विपद् व्यवस्थापनमा दमक नगरपालिकाको भूमिका बताउन । |

**८.२ कक्षागत र विषयक्षेत्र(थिम)गत सिकाइ उपलब्धि सङ्ख्यासम्बन्धी विवरण (कक्षा १-३) :**

कक्षा १

| क्र.स. | विषयक्षेत्र/थिम | मुख्य सिकाइ उपलब्धि |
|---|---|---|
| १ | म र मेरो परिवार | १. आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाम बताउन ।<br>२. आफ्नो वडा र छिमेककी वडाका टोल, बस्तीहरूको नाम बताउन ।<br>३. आफ्नो टोल बस्तीको सिमाना र भौगोलिक अवस्था बताउन ।<br>४. आफ्नो वरपरका पूर्वाधारहरूको नाम भन्न । |
| २ | हाम्रो समुदाय | ५. सामाजिक व्यक्तित्वहरू चिन्न र नाम भन्न ।<br>६. दमक नगरपालिकाका जनप्रतिनिधिहरूको नाम भन्न ।<br>७. दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरूको पहिचान गर्न । |
| ३ | हाम्रो वातावरण | ८. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको नाम बताउन ।<br>९. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरूको नाम भन्न ।<br>१०. स्थानीय वातावरणका विभिन्न पक्षहरूको नाम बताउन ।<br>११. स्थानीय जैविक विविधतासँग परिचित हुन । |
| ४ | हाम्रो संस्कृति | १२. दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको नाम बताउन ।<br>१३. दमक नगरपालिकाभित्र रहेका धार्मिक सम्पदाहरू चिन्न र नाम भन्न ।<br>१४. जातजातिहरूको पहिचान गर्न ।<br>१५. भाषागत विविधताबारे जानकारी हासिल गर्न ।<br>१६. चाडपर्वहरू चिन्न ।<br>१७. धार्मिक विविधताको अवलोकन गर्न ।<br>१८. मूल्यमान्यता र असल आचरणको पालना गर्न । |
| ५ | सञ्चार प्रविधि र बजार | १९. स्थानीय उद्योगहरूको नाम बताउन ।<br>२०. परिवारका सदस्यहरूले गर्ने कामको जानकारी हासिल गर्न<br>२१. स्थानीय पेसा र प्रविधिहरू चिन्न ।<br>२२. स्थानीय उद्योगहरूको नाम भन्न ।<br>२३. परिवारमा प्रयोग हुने परम्परागत प्रविधि र सामग्रीहरू चिन्न ।<br>२४. पारिवारिक काममा आधुनिक प्रविधिको प्रयोगगर्ने तरिकाबारे थाहा पाउन । |

| | | |
|---|---|---|
| ६ | हाम्रा क्रियाकलाप | २६. विपद्का प्रकारहरू बताउन ।<br>२६. विपद्का प्रकारहरू बताउन । |

**कक्षा २**

| क.स. | विषयक्षेत्र/थिम | मुख्य सिकाइ उपलब्धि |
|---|---|---|
| १. | म र मेरो परिवार | १. आफ्नो छिमेकी गाउँ, टोल र वडाहरूको नाम बताउन ।<br>२. आफ्नो टोल र छिमेकी टोलका टोल विकास संस्थाहरूसँग परिचित हुन ।<br>३. आफ्नो टोल र छिमेकी टोल, बस्तीहरूमा भएका पूर्वाधारहरूको अवलोकन गरी नाम र ठेगाना बताउन । |
| २. | हाम्रो समुदाय | ४. आफ्नो टोल र छिमेकका सामाजिक व्यक्तिहरूको नाम बताउन ।<br>५. दमक नगरपालिकाको स्थापनाकालदेखि हालसम्मका नगरप्रमुख र उपप्रमुखहरूको नाम बताउन ।<br>६. दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरूको परिचय दिँदै सेवाहरू बताउन । |
| ३. | हाम्रो वातावरण | ७. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको उपयोगिता बताउन ।<br>८. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाउन ।<br>९. दमक नगरपालिकाको वातावरण अवलोकन गरी अवस्था बताउन ।<br>१०. दमक नगरपालिकाभित्र रहेको जैविक विविधता संरक्षणका उपायहरू बताउन ।<br>११. दमकमा रहेका तालतलैया, सिमसार तथा पोखरीहरूको महत्त्व बताउन । |
| ४. | हाम्रो संस्कृति | १२. दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको अवलोकन गरी सूची तयार पार्न ।<br>१३. अफ्नो परिवार तथा समुदायमा प्रचलित संस्कारहरू बताउन ।<br>१४. आफ्नो परिवारमा चाडपर्व मनाउने तरिका बताउन ।<br>१५. आफ्नो समुदायमा बोलिने फरक फरक भाषाहरूको नाम भन्न ।<br>१६. आफ्नो परिवार र छिमेकीप्रति आदर सम्मान प्रकट गर्न । |
| ५. | सञ्चार प्रविधि र बजार | १७. आफ्नो छरछिमेकका व्यक्तिहरूले गर्ने कामहरू पहिचान गर्न । (पेसासँग सम्बन्धित मात्र)<br>१८. आफ्नो टोल र छिमेकमा भएका आम्दानी हुने कामको नाम बताउन (व्यवसायसँग सम्बन्धित मात्र) ।<br>१९. आफ्नो छरछिमेकमा उत्पादन हुने वस्तुहरू पहिचान गर्न ।<br>२०. आफ्नो वडामा भएका उद्योगहरू र उत्पादित सामग्रीको नाम बताउन ।<br>२१. आफ्नो समुदायमा भएका परम्परागत र आधुनिक प्रविधिका सामग्रीहरूको नाम र उपयोगिता बताउन । |

| | | |
|---|---|---|
| ६. | हाम्रा क्रियाकलापहरू | २२. विपद्वाट उत्पन्न हुनसक्ने कठिनाइहरू/समस्याहरू बताउन ।<br>२३. सुरक्षा योजनाको धारणा बताउन । (सुरक्षित रहने के के गर्ने ?)<br>२४. प्राकृतिक र मानव सिर्जित विपद्बाट सुरक्षा/बचावटका उपायहरू बताउन । |

**कक्षा ३**

| क्र.स. | विषयक्षेत्र | मुख्य सिकाइ उपलब्धि |
|---|---|---|
| १. | म र मेरो परिवार | १. दमक नगरपालिकाको नक्सा अवलोकन गरी साँधसिमाना बताउन ।<br>२. नगरपालिकाका वडाहरूको साँधसिमाना बताउन ।<br>३. दमक नगरपालिकाको नक्सामा आफ्नो टोल, बस्ती रहेको स्थान सङ्केत गर्न ।<br>४. दमक नगरपालिकाभित्र रहेका पूर्वाधारहरूको उपयोगिता बताउन । |
| २. | हाम्रो समुदाय | ५. दमक नगरपालिकाभित्रका सामाजिक व्यक्तित्वहरूको नाम बताउन ।<br>६. दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरूको वर्णन गर्न ।<br>७. दमक नगरपालिकाका विषयगत समितिहरूको नाम बताउन । |
| ३. | हाम्रो वातावरण | ८. दमक नगरपालिकाभित्र पाइने जीवजन्तु र बोटबिरुवाहरूको नाम बताउन ।<br>९. दमक नगरपालिकालाई सफा र हराभरा बनाउन समुदायस्तरमा गरिएका प्रयासहरूको सूची तयार पार्न । |
| ४. | मेरो सिर्जना | १०. आवश्यक आधारभूत सिपहरू हासिल गर्न । |
| ५. | हाम्रो संस्कृति | ११. आफ्नो समुदायमा प्रचलित चाडपर्वहरूको सांस्कृतिक महत्त्व बताउन ।<br>१२. आफ्नो समुदायका व्यक्तिहरूले लगाउने पहिरनको अवलोकन गरी जातजातिहरू छुट्याउन । |
| ६. | सञ्चार प्रविधि र बजार | १३. आफ्नो वडा वा समुदायमा भएका मानिसले गर्ने मुख्यमुख्य कामहरूको बारेमा बताउन ।<br>१४. वडामा आम्दानी हुने व्यवसायको पहिचान गर्न ।<br>१५. आफ्नो वडामा उत्पादन हुने वस्तुहरू यकिन गरी पहिचान गर्न ।<br>१६. आफ्नो वडामा भएका घरेलु उद्योगहरूको विवरण पहिचान गरी तिनीहरूबाट उत्पादित वस्तुहरूको नाम बताउन । |

| | | |
|---|---|---|
| ७. | हाम्रा क्रियाकलापहरू | १७. दमक नगरपालिकामा हुनसक्ने सम्भावित प्राकृतिक विपद्हरूबारे बताउन ।<br>१८. दमक नगरपालिकामा सम्भावित प्राकृतिक विपद्का क्षेत्रहरूको पहिचान गर्न ।<br>१९. हाम्रो वरपर मानव सिर्जित विपद् हुनसक्ने क्षेत्रहरूबारे बताउन । |

**८.३ कक्षागत सिकाइ उपलब्धि** :

**कक्षा ६-८**

| **क्र.सं.** | **विषयक्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|---|
| १. | दमक नगरपालिकाको परिचय | १.दमक नगरपालिकाको अवस्थिति र भौगोलिक अवस्थाको पहिचान गर्न । | १. दमक नगरपालिकाभित्र विकासका पूर्वाधारहरूको वर्तमान अवस्था भन्न र लेख्न । | १. दमक नगरपालिकाभित्र विकासका पूर्वाधारहरूको वर्तमान अवस्थाको विश्लेषण गर्न । |
| | | २. दमक नगरपालिकाभित्र विकासका मुख्य मुख्य पूर्वाधारहरूको पहिचान गर्न । | २. दमक नगरपालिकाको जनसाङ्ख्यिक अवस्थाको विश्लेषण गर्न । | २. दमक नगरपालिकाको दिगो विकासका लागि गौरवका आयोजनाहरूको चिनारी र महत्त्व बताउन । |
| | | ३. दमक नगरपालिकाभित्र जनसङ्ख्याका तथ्याङ्कहरूको वर्तमान अवस्था भन्न र लेख्न । | ३. दमक नगरपालिका अन्तर्गतका वडाहरूबाट प्राप्त हुने सेवाहरू भन्न र लेख्न । | ३. दमक नगरपालिकाको जनसङ्ख्या बनावट उल्लेख गर्न । |

| | | | | |
|---|---|---|---|---|
| | | | ४. दमक नगरपालिका अन्तर्गतका शाखाहरूको नाम बताउन ।<br>५. दमक नगरपालिकाका शाखाहरूबाट प्रवाह हुने सेवाहरूको सूची तयार पार्न । | ४. दमक नगरपलिकाको सहरीकरणको अवस्था बताउन ।<br>५. दमक नगरपलिकाको सहरी व्यवस्थापनका समस्याहरू बताउन ।<br>६. दमक नगरपालिकाभित्र सहरी व्यवस्थापनका उपायहरू बताउन । |
| २. | स्रोत र सम्पदाहरू | ४. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको पहिचान गर्न । | ६. दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको उपयोगिता र संरक्षणका उपायहरू बताउन । | ७. दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षणका उपायहरू बताउन । |
| | | ५. दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको पहिचान गरी सम्मान गर्न । | ७. दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको महत्त्व बताउन । | ८. दमक नगरपालिकाभित्र मानवीय स्रोतको पहिचान गरी महत्त्व बताउन । |
| | | | ८. दमक नगरपालिकाभित्र रहेका पुरातात्त्विक सम्पदाहरूको नाम बताउन । | |
| ३. | संस्कार र संस्कृति | ६. दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मुख्य संस्कार र संस्कृति पहिचान गर्न ।<br>७. दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका चाडपर्व, बाजाहरू, खानपिन र रहनसहन भन्न र लेख्न । | ९. दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायको संस्कार र संस्कृतिको महत्त्व बताउन । | ९. दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका संस्कार र संस्कृतिको संरक्षणका उपायहरू भन्न र लेख्न । |
| | | ८. दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायको भाषा र भेषभूषासँग परिचित हुन। | १०. दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायको भाषा र भेषभूषाको संरक्षणका उपायहरू बताउन । | |

| | | | | |
|---|---|---|---|---|
| ४. | व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ९. दमक नगरपालिकाभित्रका प्रेरणादायी व्यक्तित्वहरूको पहिचान गरी सम्मान गर्न । | ११. दमक नगरपालिका भित्रका प्रेरणादायक व्यक्तित्वहरूको पहिचान गरी सम्मान गर्न । | १०. दमक नगरपालिकाभित्र रहेका सङ्घसंस्थाले दिने सेवाको क्षेत्र बताउन । |
| | | | १२. दमक नगरपालिकाभित्र रहेका सङ्घसंस्थाहरूको नाम बताउन । | ११. दमक नगरपालिकाभित्रका मुख्य वातावरणीय समस्याहरू र समाधानका उपायहरू बताउन । |
| ५. | वातावरण र जैविक विविधता | १०.दमक नगरपालिकाको वातावरणसँग परिचित हुन ।<br>११. दमक नगरपालिका भित्रका जैविक विविधतासँग परिचित हुन ।<br>१२. दमक नगरपालिकाभित्र पाइने मुख्य जडीबुटीहरूको नाम बताउन । | १३.दमक नगरपालिकाको वातावरण संरक्षणका उपायहरू बताउन ।<br>१४. दमक नगरपालिकाको जैविक विविधता संरक्षणका उपायहरू भन्न र लेख्न ।<br>१५.दमक नगरपालिकाभित्र पाइने मुख्य जडीबुटीहरूको प्रयोगका क्षेत्र बताउन । | |
| ६. | पेसा, व्यवसाय र उद्यमशीलता | १३. पेसा वा वृत्तिको अर्थ बताउन ।<br>१४. दमक नगरपालिकाभित्र रहेका मुख्य मुख्य पेसा र व्यवसायको नाम बताउन ।<br>१५. पेसा वा वृत्ति छनौट गर्ने तरिका बताउन । | १६.दमक नगरपालिका स्तरमा पेसा र व्यवसाय छनौटका लागि आवश्यक पर्ने आधारभूत तत्त्वहरूको सूची बनाउन ।<br>१७.आफ्नो रुचिअनुसारको पेसा वा वृत्तिको छनौटका लागि अवधारणा बनाउन । | १२. दमक नगरपालिकामा पेसा र रोजगारीका मुख्य क्षेत्रहरूको सूची बनाउन ।<br>१३. पेसा र रोजगारीका लागि आवश्यक सिपसँग परिचित हुन ।<br>१४. पेसा र रोजगारीका क्षेत्रमा प्रवेश गर्नका लागि आवश्यक प्रक्रिया बताउन । |

| | | | | |
|---|---|---|---|---|
| | | १६. दमकको विकास र समृद्धिका लागि व्यापार र व्यवसायको महत्त्व बताउन ।<br>१७. दमकका मुख्य व्यापारिक क्षेत्रहरूको सूची तयार गर्न । | १८. दमकमा व्यवसायको व्यवसायीकरण प्रक्रियाबारे बताउन ।<br>१९. दमकमा उत्पादित सामग्रीको बजारीकरणका चुनौतीहरूसँग परिचित हुन ।<br>२०. दमकमा बजार व्यवस्थापनका उपायहरू बताउन । | १५. दमकको बजार व्यवस्थापनको प्रक्रिया बताउन ।<br>१६. बजारीकरणका सिपसँग परिचित हुन ।<br>१७. दमकमा व्यावसायिक खेतीका अवसर र चुनौतीहरूको सूची तयार गर्न ।<br>१८. दमकमा उपभोक्ता अधिकार संरक्षणका लागि अपनाउनु पर्ने उपायहरू बताउन । |
| | | १८. दमकका घरेलु उद्योगको प्रकृतिअनुसार सूची तयार गर्न ।<br>१९. दमकका वित्तीय संस्थाहरूको प्रकृतिअनुसार सूची तयार गर्न । | २१. दमकको विकासमा उद्योगको महत्त्व बताउन ।<br>२२. दमकको औद्योगिक विकासका चुनौतीहरू बताउन । | १९. दमकमा घरेलु तथा साना उद्योग स्थापनाको लागि दर्ता प्रक्रिया बताउन । |
| | | २०. जीवनोपयोगी आधारभूत सिपहरूको सूची बनाउन । | २३. दमकमा "पढ्दै कमाउँदै" अवधारणासँग सम्बन्धित आधारभूत सिपहरू हासिल गर्न । | २०. दमकमा "पढ्दै कमाउँदै" अवधारणासँग सम्बन्धित प्रारम्भिक सिपहरू हासिल गर्न । |
| ७. | विपद् तथा विपद् व्यवस्थापन | २१. दमक नगरपालिका क्षेत्रमा हुनसक्ने विपद्हरूको नाम बताउन ।<br>२२. दमक नगरपालिकाभित्र हुनसक्ने विपद् व्यवस्थापनका उपायहरू भन्न र लेख्न ।<br>२३. दमक नगरपालिका क्षेत्रमा घट्नसक्ने मानव सिर्जित विपद्हरूका नाम बताउन ।<br>२४. दमकमा वन्यजन्तुका कारण हुनसक्ने विपद्हरू भन्न र लेख्न । | २४. दमक नगरपालिका क्षेत्रमा घट्नसक्ने मानव सिर्जित विपद्को न्यूनीकरणका उपायहरू बताउन ।<br>२५. दमकको सहरी सुरक्षा व्यवस्थापनका उपायहरू बताउन । | २२. मानव सिर्जित तथा यान्त्रिक विपद् व्यवस्थापनका पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनाको योजना निर्माणका लागि आधारभूत सिप हासिल गर्न ।<br>२२. दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद् व्यवस्थापनका पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनाको योजना निर्माणमा सहभागी हुन । |

| | | | | |
|---|---|---|---|---|
| | | | | २२. मानव सिर्जित तथा यान्त्रिक विपद् व्यवस्थापनका पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनाको योजना निर्माणका लागि आघारभूत सिप हासिल गर्न । |

**९. विषयक्षेत्र र विषयवस्तुहरू :**

**९.१ कक्षा १-५**

| **क्र.सं.** | **क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
|---|---|---|---|---|---|---|
| १. | नगरपालिकाको परिचय | १.१ आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाम ।<br><br>१.२ आफ्नो् वडा र छिमेकी वडाका गाउँबस्तीका नाम ।<br><br>१.३ आफ्नो टोल वा बस्तीको साँधसीमा र आफ्नो टोल बस्तीको भौगोलिक अवस्था ।<br><br>१.४ आफ्नो गाउँ, टोल वा बस्तीको वरपर भएका विकासका पूर्वाधारहरू । | १.१ आफ्नो छिमेकी गाउँ, टोल र वडाको नाम ।<br><br>१.२ आफ्नो, टोल र छिमेकी टोलमा भएका टोलविकास संस्थाहरूको नाम र ठेगाना ।<br><br>१.३ आफ्नो गाउँ, टोल र वडाभित्र भएका विकासका पूर्वाधारहरूको नाम ठेगाना । | १.१ दमक नगरपालिकाको साँधसीमा ।<br><br>१.२ दमक नगरपालिकाका वडाहरू ।<br><br>१.३ दमक नगरपालिकाभित्र आफू बसोवास गरेको वडा, टोल र बस्ती नक्सामा सङ्केत गर्ने ।<br>१.४ दमक नगरपालिकाभित्र रहेका ठुला पूर्वाधारहरू । | १.१ दमक नगरपालिकाको नक्सा ।<br><br>१.२ दमक नगरपालिकाको विकास र पहिचानका लागि गौरवका आयोजनाहरू । | १.१ दमक नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि ।<br><br>१.२ दमकको नामकरणसम्बन्धी विभिन्न किंवदन्तीहरू । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | स्रोत र सम्पदाहरू | २.१ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरू ।<br><br>२.२ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरू ।<br><br>२.३ दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरू । | २.१ दमक नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक सम्पदाहरू ।<br><br>२.२ दमक नगरपालिका भएका मुख्य सांस्कृतिक सम्पदाहरू ।<br><br>२.३ दमक नगरपालिकाभित्र रहेका धार्मिक समुदायहरू । | २.१ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको संरक्षणका उपायहरू ।<br>२.२ दमक नगरपालिकाभित्र रहेका भौतिक, सांस्कृति सम्पदाहरू, ऐतिहासिक र पारम्परिक ज्ञानको संरक्षण । | २.१ दमक नगरपालिकाभित्रका मूर्त सांस्कृतिक सम्पदाहरू ।<br><br>२.२ दमक नगरपालिकाभित्रका प्राकृतिक सम्पदा स्थलहरू । | २.१ दमक नगरपालिकामा रहेका सांस्कृतिक एवम् धार्मिक सम्पदाहरू ।<br>२.२ स्रोत र सम्पदाहरूको संरक्षणका लागि दमक नगरपालिकाले गरेका प्रयासहरू । |
| ३. | संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने जातजातिहरू ।<br><br>३.२ दमक नगरपालिकाभित्र बोलीचालीका भाषाहरू ।<br><br>३.३ दमक नगरपालिकामा प्रचलनमा रहेका चाडपर्वहरू ।<br><br>३.४ दमक नगरपालिकाभित्रको धार्मिक विविधता । | ३.१ दमक नगरपालिकाभित्र प्रचलित मुख्य संस्कारहरू ।<br><br>३.२ दमक नगरपालिकाभित्र बोलिने भाषाहरू ।<br><br>३.३ परिवार र मान्यजनप्रति सम्मान प्रकट गर्ने क्रियाकलाप । | ३.१ दमक नगरपालिकाभित्र प्रचलित चाडपर्वहरूको सांस्कृतिक महत्त्व ।<br><br>३.२ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मानिसहरूले लगाउने सांस्कृतिक गरगहनाहरू । | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मौलिक संस्कार ।<br>३.२ आफ्नो परिवार एवम् समुदायमा सहयोग र सम्मानको व्यवहार । | ३.१ सांस्कृतिको संरक्षणका लागि दमक नगरपालिकाबाट भएका प्रयासहरू ।<br>३.२ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायको मूल्य मान्यताहरू । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३.५ मूल्यमान्यता र असल आचरण । | | | | |
| ४. | व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ४.१ दमक नगरपालिकाभित्र सामाजिक क्रियाकलापमा सक्रिय व्यक्तित्वहरू ।<br><br>४.२ दमक नगरपालिकाका जनप्रतिनिधिहरू परिचय ।<br><br>४.३ दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरू । | ४.१ आफ्नो टोल, छिमेक वा वडाका व्यक्तित्वको पहिचान ।<br><br>४.२ दमकको स्थापनाकालदेखि हालसम्मका प्रमुख र उपप्रमुखहरू ।<br>४.३ दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरू । | ४.१ दमक नगरपालिकाभित्र सामाजमा योगदान पुऱ्याउने व्यक्तिहरू ।<br><br>४.२ दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरू ।<br><br>४.३ दमक नगरपालिकामा रहेका विषयगत समितिहरू । | ४.१ दमक नगरपालिकामा बसोवास गर्ने विशिष्ट व्यक्तित्वको नाम ।<br><br>४.२ दमक नगरपालिकामा बसोवास गर्ने विशिष्ट प्रतिभाको नाम र प्रतिभाको क्षेत्र । | ४.१ दमक नगरपालिकामा रहेका सामाजिक व्यक्तिहरूको योगदान ।<br>४.२ दमक नगरपालिकाका विषयगत समितिको कार्यक्षेत्र । |
| ५. | वातावरण र जैविक विविधता | ५.१ आफ्नो घरवरपर पाइने सजीव र निर्जीव वस्तुहरू ।<br><br>५.२ आफ्नो घरवरपरको वातावरणमा पाइने जैविक विविधता । | ५.१ नगरपालिकाको स्थानीय वातावरणको अवस्था ।<br><br>५.२ दमक नगरपालिकाभित्रको जैविक विविधता ।<br><br>५.३ दमक नगरपालिकामा रहेका । | ५.१ दमक नगरपालिकाभित्र पाइने जीवजन्तु र बोटबिरुवा ।<br><br>५.२ दमक नगरपालिकालाई स्वच्छ र हरियालीयुक्त बनाउन नगरपालिकाबाट भएका प्रयासहरू । | ५.१ दमक नगरपालिकाभित्र वातावरणको स्वच्छता कायम राख्न नगरपालिकाबाट भएका प्रयासहरू ।<br>५.२ मानवीय क्रियाकलाप र सहरीकरणबाट दमक नगरपालिकाको वातावरणमा परेको प्रभाव । | ५.१ दमक नगरपालिकाको वातावरण स्वच्छ राख्न अपनाउनु पर्ने उपायहरू ।<br><br>५.२ दमक नगरपालिकाको वातावरण र जैविक विविधता संरक्षणका लागि चुनौतीहरू । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ आफ्नो परिवारको आम्दानी बढाउने कार्यहरू ।<br><br>६.२ आफ्नो परिवारले उत्पादन गर्ने वस्तुहरू ।<br><br>६.३ पम्परागत प्रविधिहरू ।<br><br>६.४ आधुनिक प्रविधिहरू । | ६.१ छरछिमेकमा रहेका व्यक्तिहरूले गर्ने पेसागत कामहरू ।<br><br>६.२ आफ्नो टोल र छिमेकमा आम्दानी हुने व्यवसायहरू ।<br><br>६.३ आफ्नो छरछिमेकमा उत्पादन हुने वस्तुहरू ।<br><br>६.४ आफ्नो वडामा भएका उद्योगहरू ।<br><br>६.५ आफ्नो समुदायमा प्रयोग हुने परम्परागत र आधुनिक प्रविधिका सामग्रीहरूको नाम र प्रयोग । | ६.१ आफ्नो वडा वा समुदायमा गरिने मुख्य पेसाहरू ।<br><br>६.२ आफ्नो वडामा पाइने आम्दानीमूलक व्यवसायको नाम, सेवा/उत्पादन, र महत्त्व ।<br><br>६.३ आफ्नो वडामा उत्पादन हुने वस्तुहरूको नाम, प्रयोग, र स्थानीय महत्त्व ।<br><br>६.४ आफ्नो वडामा रहेका घरेलु उद्योगहरू ।<br><br>६.५ आधारभूत सिपहरू चिन्ने, बुझ्ने र घरमा आइपर्ने सामान्य कामहरू गर्न । | ६.१ आफ्नो समुदायमा अपनाइने पेसा र व्यवसायहरूको वर्गीकरण गर्न ।<br><br>६.२ उद्यमशीलताको अर्थ र महत्त्व ।<br><br>६.३ उद्यमी हुन आवश्यक सिपहरू ।<br><br>६.४ हामीले सिक्नुपर्ने आधारभूत घरेलु सिपहरू ।<br><br>६.५ सुरक्षासम्बन्धी सावधानी । | ६.१ दमक नगरका प्रचलित विभिन्न पेसाहरू<br><br>६.२ घरेलु उद्योगहरू (नाम/ वर्गीकरण) ।<br><br>६.३ आर्थिक क्रियाकलापहरू ।<br><br>६.४ घर परिवारमा आवश्यक आधारभूत घरेलु सिपहरू । |
| ७. | विपद् र विपद् व्यवस्थापन | ७.१ विपद्को परिचय । | ७.१ विपद्बाट उत्पन्न हुनसक्ने कठिनाइहरू/ समस्याहरू । | ७.१ दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्हरू । | ७.१ विपद्बाट बचावटमा पूर्वतयारी र आपतकालीन योजनाको अवधारणा । | ७.१ स्थानीय तहमा सम्भावित विपद्हरू व्यवस्थापनमा समुदायको भूमिका । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७.२ विपद्का प्रकारहरू । | ७.२ सुरक्षा योजनाको अवधारणा/परिभाषा ।<br><br>७.३ दमक नगरपालिकामा सम्भावित विपद्हरू । | ७.२ आफ्नो टोल, समुदाय तथा दमक नगरपालिकाभित्र हुनसक्ने सम्भावित मानव सिर्जित विपद् स्थलहरू ।<br>७.३ आफ्नो टोल, समुदाय र दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्हरू सम्भावित क्षेत्रहरू । | ७.२ दमक नगरपालिकाभित्र सम्भावित प्राकृतिक विपद्हरूको जोखिम न्यूनीकरणका उपायहरू ।<br>७.३ दमक नगरपालिकामा सम्भावित मानव सिर्जित विपद् न्यूनीकरणका उपायहरू । | ७.२ स्थानीय तहमा सम्भावित विपद्हरू व्यवस्थापनमा सङ्घसंस्थाको भूमिका ।<br>७.३ स्थानीय तहमा सम्भावित विपद्हरू व्यवस्थापनमा दमक नगरपालिकाको भूमिका । |

**९.२ कक्षा ६–८**

| **क.स** | **क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|---|
| १. | नगरपालिकाको परिचय | १.१. विश्वको नक्सामा दमक नगरपालिकाको अवस्थिति ।<br>१.२ भौगोलिक स्वरूप ।<br>१.३ पूर्वाधार र विकासको अवस्था ।<br>१.४ दमक नगरपालिकाको जनसङ्ख्याको अवस्था । | १.१ दमक नगरपालिकामा विकासका पूर्वाधारको अवस्था ।<br>१.२ दमक नगरपालिकाको जनसाङ्ख्यिक अवस्थाको विश्लेषण ।<br>१.३ दमक नगरपालिकाबाट प्रवाह हुने सेवाहरू । | १.१ विकासका पूर्वाधार ।<br>१.२ दमक नगरपालिकामा दिगो विकासका लागि गौरवका अयोजनाहरू ।<br>१.३ सहरीकरण ।<br>१.४ दमक नगरपालिकाको जनसङ्ख्या बनावट । |
| २. | स्रोत र सम्पदाहरू | २.१ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरू ।<br>२.२ दमक नगरपालिका क्षेत्रभित्र रहेका सांस्कृतिक सम्पदाहरूको चिनारी र संरक्षण । | २.१ दमक नगरपालिकामा रहेका प्राकृतिक स्रोतहरू ।<br>२.२ दमक नगरपालिका रहेका सांस्कृतिक सम्पदाहरू ।<br>२.३ दमक नगरपालिका रहेका पुरातात्त्विक सम्पदाहरू । | २.१ दमक नगरपालिका क्षेत्रभित्र रहेका मानवीय स्रोतहरू । |

| | | | | |
|---|---|---|---|---|
| ३. | संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका चाडपर्वहरू, रैथाने बाजाहरू, मौलिक खानपिन र रहनसहन । | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका भाषाहरू, मौलिक पहिरन, सांस्कृतिक मेलाहरू । | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका संस्कार र संस्कृतिको पहिचान र संरक्षण । |
| ४. | व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ४.१ दमक नगरपालिकाभित्र रहेका व्यक्तित्वहरूको चिनारी र सम्मान । | ४.१ दमक नगरपालिकाभित्र रहेका विभिन्न विधामा योगदान पुऱ्याउने व्यक्तित्वहरूको चिनारी र सम्मान ।<br>४.२ नगरपालिकाभित्र रहेका सङ्घसंस्थाको पहिचान । | ४.१ नगरपालिकाभित्र रहेका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समेत कार्यक्षेत्र भएका सङ्घसंस्थाहरूको पहिचान र सेवाका क्षेत्रहरू । |
| ५. | वातावरण र जैविक विविधता । | ५.१ दमक नगरपालिकाको प्राकृतिक वातावरण ।<br>५.२ दमक नगरपालिकाभित्रको जैविक विविधता ।<br>५.३ दमक नगरपालिकाभित्र पाइने जडीबुटीहरू । | ५.१ दमक नगरपालिका क्षेत्रको वातावरण र जैविक विविधताको संरक्षणका उपायहरू ।<br>५.२ दमक नगरपालिकाभित्र पाइने मुख्य जडीबुटीहरूको प्रयोगका क्षेत्र बताउन । | ५.१ दमक नगरपालिकाभित्रका मुख्य वातावरणीय समस्याहरू ।<br>५.२ दमक नगरपालिकाभित्रका मुख्य वातावरणीय समस्याहरूको समाधानका उपायहरू । |
| ६. | पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ पेसा वा वृत्तिको परिचय र छनौट गर्ने तरिकाहरू ।<br>६.२ व्यापार र व्यवसायका क्षेत्रहरू ।<br>६.३ उद्योग र वित्तीय संस्थाहरू ।<br>६.४ सिपहरू । | ६.१ पेसा वा वृत्तिको छनौट गर्ने तरिकाहरू ।<br>६.२ व्यापार, व्यवसाय र व्यावसायिकता ।<br>६.३ उद्योगहरू ।<br>६.४ सिपहरू । | ६.१ रोजगारीका लागि आवश्यक मुख्य सिप ।<br>६.२ रोजगारीका क्षेत्रहरू ।<br>६.३ रोजगारीका लागि आवश्यक प्रक्रियाहरू ।<br>६.४ व्यापार र व्यावसायिकता ।<br>६.५ व्यावसायिक खेती ।<br>६.६ उपभोक्ता अधिकार ।<br>६.७ उद्योगहरू ।<br>६.८ सिपहरू । |
| ७. | विपद् र विपद् व्यवस्थापन | ७.१ दमक नगरपालिका क्षेत्रमा हुनसक्ने प्राकृतिक विपद्हरू ।<br>७.२. दमक नगरपालिका क्षेत्रमा हुनसक्ने मानव सिर्जित विपद्हरू ।<br>७.३ दमकमा वन्यजन्तुका कारण हुनसक्ने विपद् । | ७.१. दमक नगरपालिका क्षेत्रमा हुनसक्ने विपद् न्यूनीनकरणका उपायहरू ।<br>७.२ दमकको सहरी सुरक्षा व्यवस्थापनका उपायहरू । | ७.१ विपद् व्यवस्थापनका लागि पूर्वतयारी ।<br>७.२ विपद् व्यवस्थापनका लागि प्रतिकार्य र पुनर्स्थापना ।<br>७.३ मानव सिर्जित विपद्का क्षेत्रहरू ।<br>७.४ सहरी सुरक्षा तथा विपद् व्यवस्थापनमा दमक नगरपालिकाले गरेका कामहरू । |

## १०. विषयवस्तुको विस्तृतीकरण र क्रियाकलाप :

### १०.१ कक्षा १-५

कक्षा १

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य-भार |
|---|---|---|---|---|
| १. दमक नगरपालिकाको परिचय | १.१ आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाम । | क) विद्यार्थीहरूलाई आफ्नो गाउँ, टोल वा बस्ती र वडाको नाम र ठेगाना सम्बन्धमा आफ्नो परिवारसँग सोधपुछ गरी थाहा पाउन मौखिक रूपमा परियोजना कार्य दिने, कक्षामा पालैपालो भन्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>ख) यो क्रियाकलाप दोहोऱ्याउँदै निरन्तर मूल्याङ्कन र पृष्ठपोषणको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए/नभएको यकिन गर्ने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको घर भएको ठाउँ वा टोलको नाम बताउनुहोस् ।<br><br>ख) तपाईंको घर भएको ठाउँ वा टोल दमक नगरपालिकाको कति नम्बर वडामा पर्दछ ? | १२ |
| | १.२ आफ्नो वडा र छिमेकका वडाका गाउँबस्तीका नाम । | क) विद्यार्थीहरूलाई आफ्नो परिवारसँग सोधी आफ्नो घर भएको वडामा पर्ने र छिमेकमा रहेको अर्को वडामा पर्ने टोल वा बस्तीको नाम भन्न लगाउने ।<br>शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>ख) निरन्तर मूल्याङ्कन र पुनरावृत्तिबाट सिकाइ उपलब्धि सुनिश्चित गर्ने । | क) विद्यार्थीहरूलाई आफू बसोवास गरेको गाउँ, टोल र वडाको नाम भन्न लगाउने ।<br><br>ख) विद्यार्थीहरूलाई आफ्नो छिमेकमा रहेका गाउँ, टोल र वडाको नाम भन्न लगाउने । | ८ |
| | १.३ आफ्नो टोल वा बस्तीको साँधसिमाना र भौगोलिक अवस्था :<br>क) जमिनका स्वरूपहरू<br>ख) माटोको प्रकृति<br>ग) हावापानी | क) विद्यार्थीहरूलाई आफ्नो परिवारसँग छलफल गरी आफू बसोवास गरेको टोल वा बस्तीको साँधसिमानाको बारेमा जानकारी लिन लगाउने ।<br>ख) कक्षामा आआफ्नो टोलको साँधसिमाना पालैपालो भन्न लगाउने र पृष्ठपोषण प्रदान गर्ने । | -निम्न लिखित प्रक्रियामा आधारित भई निरन्तर मूल्याङ्कन गर्नुहोस् :<br>क) विद्यार्थीहरूलाई पालैपालो आफ्नो टोल, बस्तीको साँधसिमाना भन्न लगाउने । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | घ) वातावरण<br>ङ) अवस्थिति | ख) विद्यार्थीहरूलाई परिवारको सहायताबाट आफू बसोवास गरेको ठाउँको भौगोलिक अवस्था बुझ्न लगाउने र कक्षामा पालैपालो भन्न लगाउने ।<br>घ) शिक्षकले आवश्यक सहजीकरण गर्ने । | ख) विद्यार्थीहरूलाई आफ्नो टोल वा बस्तीको भौगोलिक अवस्था भन्न लगाउने । | |
| | १.४ आफ्नो गाउँ, टोल वा बस्तीको वरपर भएका विकासका पूर्वाधारहरू :<br>- सडक<br>- पुल<br>- कुलो<br>- विद्युत्<br>- टेलिफोन<br>- खानेपानी<br>- ढल । | क) विद्यार्थीहरूलाई आफ्नो घर र विद्यालयवरपर भएका विकासका पूर्वाधारहरूको अवलोकन गराउने र आफ्नो गाउँ, टोलमा भएका यस्तै र अन्य विकासका पूर्वाधारहरूको नाम भन्न लगाउने ।<br>ख) आफ्नो गाउँ, टोलको विकासका लागि के कस्ता कामहरू भएका छन् भनी कक्षामा छलफल गर्ने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको गाउँमा कतिवटा बाटा छन् ?<br>ख) तपाईंको खेतबारीमा सिँचाइका लागि कुलो बनाइएको छ ?<br>ग) तपाईंको टोल वा गाउँमा बिजुलीका खम्बाहरू र तारहरू छन् ?<br>घ) तपाईंको टोल वा गाउँमा पिउने पानीका लागि पाइप र धाराहरू जडान गरिएका छन् ?<br>ङ) तपाईंको बस्ती वा टोलमा पानीको निकासका लागि ढल बनाइएको छ ? | १२ |
| २. स्रोत र सम्पदाहरू | २.१ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरू<br>- बालुवा<br>- ढुङ्गा<br>- माटो<br>- पानी । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र पाइने विभिन्न किसिमका प्राकृतिक स्रोतहरूको अवलोकन गराई ती वस्तुहरूको नाम भन्न र चिन्न सहजीकरण गर्ने । | क) दमक नगरपालिकाभित्र पाइने प्राकृतिक स्रोतहरूको नाम बताउनुहोस् । | ५ |
| | २.२ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरू :<br>- जमिन | क) प्राकृतिक स्रोत चिनाउने रङ्गीन चित्रहरूको सहयोगबाट अवधारणा प्रस्ट पार्ने ।<br>ख) प्राकृतिक स्रोत चिनाउन भिडियो तथा डकुमेन्ट्रीहरू देखाउने । | क) दमक नगरपालिकाभित्र कुन कुन प्राकृतिक सम्पदाहरू रहेका छन् ? | ५ |

| | | | | |
|---|---|---|---|---|
| | - वन<br>- पोखरी<br>- सिमसार<br>- जडिबुटी<br>- नदी । | | | |
| | २.३ दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरू : (विभिन्न चाडपर्वहरू, देवाली, कुलपूजा, जात्राहरू : श्रीकृष्ण रथयात्रा, गाईजात्रा, महाराजस्थान जात्रा) (मठ, मन्दिर, गुम्बा, मदरसा, चर्च, माङ्हिम, माङ्खिम ग्रामस्थान, महाराजस्थान) । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र मनाइने विभिन्न-चाडपर्व तथा सांस्कृतिक सम्पदा स्थल एवम् क्रियाकलापहरूको अवलोकन गराउने ।<br>ख) सांस्कृतिक सम्पदा स्थल एवम् क्रियाकलापहरूको बारेमा विद्यार्थीसँग छलफल गर्ने ।<br>ग) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न-धार्मिक सम्पदाहरूको अवलोकन गराउने ।<br>घ) दमक नगरपालिकाभित्र रहेका धार्मिक सम्पदाहरूको फोटो एवम् भिडियो प्रदर्शन गर्ने ।<br>ङ) धार्मिक सम्पदा स्थल एवम् क्रियाकलापहरूको बारेमा विद्यार्थीहरूसँग छलफल गर्ने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) सांस्कृतिक सम्पदाहरूको नाम बताउनुहोस् ।<br>ख) आफ्नो परिवारमा मनाइने मुख्य चाडपर्वको नाम भन्नुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र मानाइने जात्राहरूको नाम बताउनुहोस् ।<br>घ) दमक नगरपालिकाभित्र रहेका धार्मिक सम्पदाहरूको नाम बताउनुहोस् । | १० |
| ३. संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने जातजातिहरू : (धिमाल, लिम्बू, राई, ब्राह्मण/क्षत्री, तामाङ, मैथिली, सन्थाल, राजवंशी, ताजपुरिया, सन्थाल, सिल्पी, गुरुङ) । | क) विद्यार्थीहरूलाई आफ्नो गाउँटोलमा कुन कुन जातजातिका मानिसहरू बसोवास गर्दछन्, आफ्नो परिवार वा छरछिमेकमा सोधपुछ गरी जातजातिको नाम टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउन लगाउने ।<br>ख) विभिन्न जातजातिको पहिचान झल्कने भेषभूषा, भाषा, सांस्कृतिको अवलोकन गराउन समुदायको भ्रमणमा लैजाने ।<br>ग) शिक्षकले कक्षामा दमक नगरपालिकाको जातिगत विविधता झल्कने चित्र, भिडियो र छोटो वृत्तचित्र प्रदर्शन गर्ने । | क) दमक नगरपालिकाभित्र बसोवास गर्ने कुनै पाँचवटा जातजातिको नाम बताउनुहोस् ।<br><br>परियोजना कार्य :<br>- तपाईंको छरछिमेकमा कुन कुन जातजातिका मानिसहरू बसोवास गर्दछन् ? आफ्नो परिवारसँग सोधपुछ गरी जातजातिहरूको सूची बनाई कक्षामा आफ्ना साथीहरूलाई सुनाउनुहोस् । | ३ |

| | | | | |
|---|---|---|---|---|
| | . | घ) कक्षामा दमक नगरपालिकाभित्र बसोवास गर्ने जातजातिहरूको नाम उल्लेख भएको चार्ट प्रस्तुत गर्ने । | | |
| | ३.२ दमक नगरपालिकाभित्र बोलीचालीका भाषाहरू : (नेपाली, धिमाल, मैथिली, लिम्बू, उराऊ, सन्थाल, तामाङ, राई/बान्तवा भाषा) । | क) विद्यार्थीहरूलाई आफ्नो गाउँटोलमा कुन कुन भाषा बोल्ने मानिसहरू बसोवास गर्दछन् भनी आफ्नो परिवार वा छरछिमेकमा सोधपुछ गरी भाषाको नाम टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउन लगाउने ।<br>ख) कक्षामा दमक नगरपालिकाभित्र बोलचालमा प्रयोग हुने भाषाहरूको नाम उल्लेख भएको चार्ट प्रस्तुत गर्ने ।<br>ग) विद्यार्थीहरूलाई विभिन्न भाषाभाषीको पहिचानका लागि भेषभूषा, सांस्कृतिको अवलोकन गराउन समुदायको भ्रमणमा लैजाने ।<br>घ) कक्षामा दमक नगरपालिकाको भाषागत विविधता झल्कने चित्र, भिडियो र छोटो वृत्तचित्र प्रदर्शन गर्ने । | क) दमक नगरपालिकाभित्र बोलचालमा प्रयोग हुने कुनै पाँचवटा भाषाहरूको नाम बताउनुहोस् । | ३ |
| | ३.३ दमक नगरपालिकामा प्रचलनमा रहेका चाडपर्वहरू : (दसैँ, तिहार, तिज, छठ, इद, बकरिद, रमजान, लोसार, क्रिसमस, उँधौली, उँभौली, माघे सङ्क्रान्ति, जितिया, महाराज थान पूजा) । | क) विद्यार्थीहरूलाई आफ्नो गाउँ टोलमा कुनकुन चाड पर्व मनाउने मानिसहरू बसोवास गर्दछन् ? आफ्नो परिवार वा छरछिमेकमा सोधपुछ गरी चाडपर्वहरूको नाम टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउन लगाउने ।<br>ख) विद्यार्थीहरूलाई विभिन्न जातजातिमा मनाइने चाडपर्वको बारेमा जानकारी दिन समुदायको अवलोकन भ्रमणमा लैजाने । | परियोजना कार्य :<br>क) तपाईंको छरछिमेकमा कुन कुन भाषा बोल्ने मानिसहरू बसोवास गर्दछन् ?<br>ख) आफ्नो परिवारसँग सोधपुछ गरी बोलचालमा प्रयोग हुने भाषाहरूको सूची बनाई कक्षामा आफ्ना साथीहरूलाई सुनाउनुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायमा मनाइने चाडपर्वहरूको नाम टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउनुहोस् । | ५ |

| | | | | |
|---|---|---|---|---|
| | ३.४ दमक नगरपालिकाभित्रको धार्मिक विविधता : (हिन्द, बौद्ध, इस्लाम, क्रिस्चियन, किराँत, प्राकृत, जैन) । | क) शिक्षकले कक्षामा दमक नगरपालिकाभित्र बसोवास गर्ने जातजातिहरूले मान्ने धर्मसंस्कार बुझाउने चित्र, भिडियो र छोटो वृत्तचित्र प्रदर्शन गर्ने ।<br>ख) कक्षामा दमक नगरपालिकाभित्र बसोवास गर्ने मानिसहरूले मान्ने धर्मको नाम उल्लेख भएको चार्ट प्रस्तुत गर्ने । | क) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मानिसहरूले मान्ने धर्मको नाम बताउनुहोस् । | ४ |
| | ३.५ मूल्यमान्यता र असल आचरण (आदर/सम्मान, आज्ञाकारिता, मेलमिलाप, सहयोग/उपकार र विनम्रता) । | क) विद्यार्थीहरूलाई आफ्नो परिवारमा मान्यजनहरूको आदरसम्मान कसरी गरिन्छ भनी छलफलमा सहभागी गराउने ।<br>ख) परिवार र समाजमा असल नागरिक बन्नका लागि मेलमिलाप, सहयोग, विनम्र स्वभाव जस्ता गुणहरू आवश्यक पर्दछन् भनी अभिनयसहित चर्चा गर्ने र विद्यार्थीको व्यवहारमा परिवर्तन भए नभएको अवलोकन गर्ने । आवश्यकताअनुसार थप पृष्ठपोषण प्रदान गर्ने । | - निम्न क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको परिवारमा आफूभन्दा ठुला व्यक्ति र मान्यजनहरूको आदरसम्मान कसरी गरिन्छ भनी पालैपालो अभिनय गरी देखाउनुहोस् ।<br>ख) कस्तो व्यवहार भएका व्यक्तिलाई असल मानिस भनिन्छ ?<br>ग) कक्षामा साथीहरूसँग झगडा गर्ने अथवा सबैसँग मिलेर बस्ने ? तपाईंलाई कुन बानी राम्रो लाग्छ, बताउनुहोस् । | ३ |
| ४.व्यक्ति, व्यक्तित्व र सङ्घ-संस्थाहरू | ४.१ दमक नगरपालिकाभित्र सामाजिक क्रियाकलापमा सक्रिय व्यक्तित्वहरू :<br>- परिचय<br>- विशिष्टता । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र विभिन्न सामाजिक भूमिकामा रहेका व्यक्तिहरूसँग भेटघाट गराई उनीहरूले गर्ने कामको बारेमा जानकारी दिने ।<br>ख) कामको आधारमा मानिसको व्यक्तित्व भिन्न भिन्न हुनसक्छ भनी अवधारणा दिने । | क) मानिसले गर्ने काम तथा कामका आधारमा मानिसको व्यक्तित्व चिनाउने काम र व्यक्तित्व जनाउने तालिकालाई जोडा मिलाउनुहोस् । जस्तै :<br>१. बालबालिकालाई शिक्षा दिने व्यक्ति – शिक्षक<br>२. कविता, गीत, कथा रचना गर्ने व्यक्ति – साहित्यकार<br>३. न्यायनिसाफका लागि बहस गर्ने व्यक्ति–वकिल | ६ |

| | | | | |
|---|---|---|---|---|
| | ४.२ दमक नगरपालिकाका जनप्रतिनिधिहरूको परिचय । | क) फोटो र भिडियोको माध्यमबाट जनप्रतिनिधिहरूको नाम र पद चिनाउने ।<br>ख) विद्यार्थीलाई दमक नगरपालिकाको अवलोकन भ्रमणमा लैजाने ।<br>ग) दमक नगरपालिकामा जनताबाट निर्वाचित जनप्रतिनिधिहरूसँग विद्यार्थीहरूलाई भेटघाट गराई जनप्रतिनिधिहरूको परिचय गराउने । | क) जनप्रतिनिधिको फोटो र नाम उल्लेख भएको तालिका बनाई जोडा मिलाउन लगाउने ।<br>ख) जनप्रतिनिधिको फोटो देखाउँदै नाम भन्न अभ्यास गराउने । | ६ |
| | ४.३ दमक नगरपालिकामा रहेका सङ्घ-संस्थाहरूको परिचय : नेपाल टेलिकम, रेडक्रस सोसाइटी, खानेपानी तथा सरसफाइ कार्यालय, विद्युत् प्राधिकरण, हुलाक सेवा कार्यालय, दमक उद्योग वाणिज्य सङ्घ, दमक अपाङ्ग सहयोग समिति । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकामा रहेका विभिन्न सङ्घसंस्थाहरूको अवलोकन भ्रमणमा लैजाने ।<br>ख) अवलोकन गरिएका सङ्घसंस्थाको नाम, तिनले गर्ने मुख्य काम र ठेगाना विद्यार्थीलाई बताउने । | - निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नेपाल रेडक्रस सोसाइटीले कस्तो काम गर्दछ ?<br>ख) दमक नगरपालिकामा रहेको विद्युत् प्राधिकरणको कार्यालय रहेको टोलको नाम के हो ? | ८ |
| ५. वातावरण र जैविक विविधता | ५.१ आफ्नो घरवरपर पाइने सजीव र निर्जीव वस्तुहरू । | क) विद्यार्थीहरूलाई विद्यालयको खेलमैदान अथवा वरपरको खुला ठाउँमा अवलोकनका लागि लैजाने ।<br>ख) आफ्नो वरपर पाइने, सजीव र निर्जीव वस्तुहरू ( पानी, माटो, बोटबिरुवा, जनावर आदि)को बारेमा विद्यार्थीहरूसँग छलफल गर्ने ।<br>ग) शिक्षकले सजीव र निर्जीव वस्तुहरू बिचको भिन्नता प्रस्ट पार्ने ।<br>घ) विद्यार्थीहरूलाई आफ्नो घरवरपर पाइने सजीव र निर्जीव वस्तुहरूका २/२ ओटा नमुना सङ्कलन गरी ल्याउन परियोजना कार्य दिने । | क) हाम्रो वातावरणका ५/५ ओटा सजीव र निर्जीव वस्तुहरूको नाम भन्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | ५.२ आफ्नो घर वरपरको वातावरणमा पाइने जैविक विविधता : बिरुवाहरूको नाम, जनावर र चराहरूको नाम । | क) विद्यार्थीहरूलाई विद्यालयको खेलमैदान अथवा वरपरको खुला ठाउँमा अवलोकनका लागि लैजाने ।<br>ख) आफ्नो वरपर पाइने र देखिने विभिन्न किसिमका बोटबिरुवा, जनावर र चराहरूको अवलोकन गर्न लगाई तिनीहरूको नामसँग परिचित गराउने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो वरिपरि पाइने बोटबिरुवाको नाम भन्नुहोस् ।<br>ख) आफ्नो वरिपरि पाइने जनावर र चराहरूको नाम बताउनुहोस् । | १० |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ आफ्नो परिवारको आम्दानी बढाउने कार्यहरू । | क) एउटा परिवारले आफ्नो आम्दानी बढाउने उपायहरू समेटिएको सरल प्रसङ्ग सुनाउनुहोस् ।<br>ख) बालबालिकाहरूलाई समूहमा विभाजन गर्ने र आम्दानी बढाउने कामको बारेमा छलफल गर्न लगाउने ।<br>ग) आम्दानी बढाउने कामको उदाहरणसहित चर्चा गरिदिने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंले आफ्नो घरमा कस्ता कस्ता काम देख्नुभएको छ ?<br>ख) आफ्नो घरको आम्दानी बढाउने कामहरू भन्नुहोस् । | ८ |
| | ६.२ आफ्नो परिवारले उत्पादन गर्ने वस्तुहरू । | क) आफ्नो घरमा उत्पादन हुने वस्तुहरूका बारेमा छलफल गराउने ।<br>ख) बालबालिकालाई घरबाट आफ्नो परिवारले उत्पादन गरेको वस्तुको नाम भन्न लगाउने ।<br>ग) घरमा उत्पादन गरिएका वस्तुहरूको चित्र देखाई त्यसको नाम भन्न लगाउने ।<br>घ) विभिन्न वस्तुहरूको समूहबाट आफ्नो परिवारमा उत्पादन हुने वस्तु छुट्याउन लगाउने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंले आज आफ्नो परिवारमा उत्पादन हुने कुन कुन वस्तुहरूको बारेमा सिक्नुभयो ?<br>ख) तपाईंको घरमा अरू के कस्ता वस्तु बनाइन्छ ?<br>ग) आफ्नो परिवारबाट उत्पादन हुने वस्तुहरूको नाम भन्नुहोस् । | ८ |
| | ६.३ पम्परागत प्रविधिहरू र आधुनिक प्रविधिहरू । | क) आफ्नो परिवारले उत्पादन गर्ने वस्तुहरूको बारेमा एउटा प्रसङ्ग सुनाउनुहोस् ।<br>ख) बालबालिकालाई परम्परागत र आधुनिक प्रविधिका सामग्रीको अवलोकन गराउने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) पुरानो प्रविधिबाट चल्ने/बन्ने एउटा वस्तुको नाम लेख्नुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | | ग) अवलोकन गरिएका सामग्रीहरूमध्ये परम्परागत र आधुनिक प्रविधिका सामग्री छुट्याउन लगाउने ।<br>ङ) बालबालिकालाई छुट्याएका सामग्रीको नाम र काम बताउन लगाउने । | ख) नयाँ प्रविधिको कुनै एक सामग्रीको नाम बताउनुहोस् ।<br>ग) तपाईंको घरमा कुन कुन पुराना प्रविधिका वस्तुहरू प्रयोग गरिएको छ ? भन्नुहोस् । | |
| ७. विपद् र विपद् व्यवस्थापन | ७.१ विपद्को परिचय । | क) आफ्नो परिवार र समुदायमा हुनसक्ने विपद्हरूको सम्बन्धमा छलफल गराउँदै विपद्सम्बन्धी धारणा विकासमा सहयोग पुऱ्याउने ।<br>ख) चित्रहरूको माध्यमद्वारा विपद् के हो भन्ने विषयमा स्पष्ट पारिदिने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) विपद्को भनेको के हो ?<br>ख) आफ्नो परिवार र समुदायमा आउन सक्ने विपद्हरू के के हुन् ? | ९ |
| | ७.२ विपद्का प्रकारहरू | क) विद्यार्थीहरूलाई विपद्का नाम पालैपालो भन्न लगाउने ।<br>ख) आफ्नो परिवार र समुदायमा हुनसक्ने प्राकृतिक विपद्हरूको नाम परिवारका सदस्यहरूलाई सोधी कक्षामा भन्न लगाउने ।<br>जस्तै : भूकम्प, आँधीहुरी, चट्याङ, बाढी, नदी कटान ।<br>ग) दमक नगरपालिकाभित्र भएका प्राकृतिक विपद् प्रभावित क्षेत्रहरूको भ्रमण गराई विद्यार्थीहरूमा प्राकृतिक विपद्को धारणा विकासलाई स्थायित्व दिन सहयोग गर्ने ।<br>घ) हाम्रो समुदायमा मानिसहरूले आफैं सिर्जना गर्नसक्ने विपद्हरू के के हुनसक्छन् छलफल गराएर ती विपद्हरूको चित्र देखाई तिनीहरूको नाम बताइदिने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो परिवार र समुदायमा हुनसक्ने प्राकृतिक विपद्हरूको नाम भन्नुहोस् ।<br>ख) चित्रको समूहबाट प्राकृतिक विपद् र मानव सिर्जित विपद् छुट्याउनुहोस् । | ९ |
| | | | | |

**कक्षा - २**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठचभार |
|---|---|---|---|---|
| १.दमक नगरपालिकाको परिचय | १.१ आफ्नो छिमेकी गाउँ, टोल र वडाको नाम । | क) विद्यार्थीलाई आफ्नो छिमेकी गाउँ, टोल, वडा र नगरपालिकाको नाम, ठेगाना बारे परिवारसँग छलफल गरी थाहा पाउन मौखिक रूपमा परियोजना कार्य दिने र कक्षामा पालैपालो भन्न लगाउने ।<br>ख) विद्यार्थीले कक्षामा प्रस्तुत गरेका विवरण अद्यावधिक गर्न शिक्षकले थप सहजीकरण गर्ने । | परियोजना कार्य :<br>क) आफ्नो परिवारका सदस्यसँग सोधपुछ गरी आफ्नो छिमेकी गाउँ, टोल र वडाको नामठेगाना टिपोट गर्नुहोस् ।<br>ख) आफ्ना छिमेकी गाउँ, टोल र वडाको नामठेगाना टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउनुहोस् । | १२ |
| | १.२ आफ्नो, टोल र छिमेकी टोलमा भएका टोलविकास संस्थाहरूको नाम र ठेगाना । | क) विद्यार्थीहरूलाई आफ्नो परिवारसँग सोधपुछ गरी आफ्नो टोल र छिमेकी टोलमा भएका टोल विकास संस्थाको नाम सङ्कलन गरेर कक्षामा साथीहरूलाई सुनाउन लगाउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको गाउँटोलमा भएका टोल विकास संस्थाको नाम बताउनुहोस् ।<br>ख) तापाईंको घर भएको टोलको छिमेकी टोलमा भएका कुनै पाँचवटा टोल विकास संस्थाको नामठेगाना भन्नुहोस् । | १२ |
| | १.३ आफ्नो गाउँ, टोल र वडाभित्र भएका विकासका पूर्वाधारहरूको नामठेगाना : सडक, कुलो, विद्युत्, टेलिफोन, पिउने पानी, ढल निकास । | क) विद्यार्थीहरूलाई आफ्नो गाउँटोलमा भएका विकासका पूर्वाधारहरूको अवलोकन गराउने । आफ्नो गाउँटोल तथा वडामा भएका यस्तै र अन्य विकासका पूर्वाधारहरूको बारेमा छलफल गरी ती पूर्वाधारहरूको नाम र सामान्य कामको बारेमा जानकारी प्रदान गर्ने । | - निम्न प्रश्नको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस्:<br>क) तपाईंको गाउँ/टोलमा भएका सडकहरूको नाम बताउनुहोस् ।<br>ख) तपाईंको गाउँमा कतिवटा कुलो रहेका छन् ?<br>ग) तपाईंको वडामा बिजुलीको सुविधा पुगेको छ ?<br>घ) तपाईंको टोलमा पिउने पानीका पाइप र धाराहरू छन् ? | १६ |

| | | | | |
|---|---|---|---|---|
| २. स्रोत र सम्पदाहरू | २.१ दमक नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक सम्पदाहरू : बालुवा खानी, ढुङ्गागिट्टी सङ्कलन क्षेत्र, माटो, वन, नदी, पोखरी, सिमसार, वन्यजन्तु, जडिबुटी । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न प्राकृतिक सम्पदाहरूको अवलोकन गराई ती सम्पदाहरूसँग परिचित गराउने ।<br>ख) प्राकृतिक सम्पदाका रङ्गीन चित्र, नमुना वस्तुको सहयोगबाट थप अवधारणा प्रस्ट पार्ने ।<br>ग) प्राकृतिक सम्पदाहरूको उपयोगको सम्बन्धमा कक्षामा छलफल गर्न लगाउने र शिक्षकले उपयोगिताहरू बताउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) परियोजना कार्यको रूपमा दमक नगरपालिकामा भएका प्राकृतिक सम्पदाहरूको सूची बनाई कक्षामा साथीलाई सुनाउनुहोस् ।<br>ख) दमक नगरपालिकामा पाइने प्रमुख प्राकृतिक सम्पदाहरूका उपयोगिताबारे आलोपालो बताउनुहोस् । | ५ |
| | २.२ दमक नगरपालिका भित्र रहेका धार्मिक समुदायहरू :<br>हिन्दू, बौद्ध, इस्लाम, क्रिस्चियन, प्राकृत, किराँत । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न धार्मिक समुदायका व्यक्तिहरूसँग भेटघाट गराई उनीहरूले मनाउने चाडपर्व, उनीहरूका मुख्य धार्मिक मान्यताहरू, प्रमुख देवस्थलहरू, उनीहरूका मुख्य देवीदेवताहरू आदिको बारेमा जानकारी प्रदान गर्ने ।<br>ख) शिक्षकले दमक नगरपालिकाभित्र रहेका विभिन्न धार्मिक समुदायका व्यक्तिहरू कसरी एक अर्काको धर्म, संस्कार र संस्कृतिलाई सम्मान गर्दछन् भन्ने सम्बन्धमा उदाहरणसहित प्रस्ट पार्ने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकामा कुन कुन धर्म मान्ने मानिसहरू बसोवास गर्दछन् धर्महरूको नाम लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकामा बसोवास गर्ने विभिन्न धर्म मान्ने मानिसहरूले अर्को सम्प्रदायको धर्म, संस्कार र परम्परालाई कसरी सम्मान गर्दछन् कक्षामा छलफल गर्नुहोस् ।<br>- शिक्षकले छलफलको निष्कर्ष निकाल्न सहजीकरण गर्ने । | ७ |
| | २.३ दमक नगरपालिका भएका मुख्य सांस्कृतिक सम्पदाहरू :<br>क) भौतिक सम्पदाहरू : मन्दिर, मस्जिद, गुम्बा, थान, चर्च, माङ्हिम ।<br>ख) अभौतिक सम्पदाहरू | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न सांस्कृतिक सम्पदा स्थल एवम् सांस्कृतिक क्रियाकलापहरूको अवलोकन गराई ती सम्पदाहरूसँग परिचित गराउने ।<br>ख) सांस्कृतिक सम्पदा चिनाउने क्रियाकलाप र वस्तुका रङ्गीन चित्र, डकुमेन्ट्री तथा प्रत्यक्ष अवलोकनको माध्यमबाट थप अवधारणा प्रस्ट पार्ने । | - निम्न लिखित प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो परिवार र गाउँघरमा हुने गरेका मुख्य सांस्कृतिक क्रियाकलापबारे पालैपालो वर्णन गर्नुहोस् । | ७ |

| | | | | |
|---|---|---|---|---|
| | : पूजापाठ, सांस्कृतिक नाचगान (मारुनी, धान नाच, सङ्गीनी नाच, साकेला नाच, रत्यौली नाच) सिलोक<br>ग) सांस्कृतिक क्रियाकलापहरू :<br>व्रत/उपवास, टीका-टाला, आशीर्वाद, बलि-भोग, देवाली, भोज, जात्रा | | ख) दमक नगरपालिकाभित्र रहेका मुख्य मुख्य सांस्कृतिक सम्पदाहरूको नाम भन्नुहोस् । | |
| ३. संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र प्रचलित मुख्य संस्कारहरू :<br>-जन्म संस्कार<br>-विवाह संस्कार<br>-मृत्यु संस्कार । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका फरक फरक समुदायका मानिसहरूका सांस्कृतिक उत्सव, न्वारान, विवाह र मृत्यु संस्कार आदिमा देखेका क्रियाकलापहरूको बारेमा कक्षामा छलफल गराउने ।<br>ख) दमक नगरभित्र बसोवास गर्ने विभिन्न समुदायमा प्रचलित संस्कारहरूका तस्बिर, डकुमेन्ट्रीहरू कक्षामा प्रस्तुत गर्ने ।<br>ग) शिक्षकले विभिन्न समुदायका मानिसका संस्कारहरूको बारेमा कक्षामा छलफल गर्ने । | - निम्न प्रश्न र क्रियाकलापहरूको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र बसोवास गर्ने धिमाल जातिको जन्मसम्बन्धी मुख्य संस्कार बताउनुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र बसोवास गर्ने लिम्बू जातिका विवाहसम्बन्धी संस्कारका पाँचवटा क्रियाकलापहरू बताउनुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र बसोवास गर्ने ब्राह्मण, क्षत्री  समुदायका मृत्युसम्बन्धी मुख्य संस्कार बताउनुहोस् । | ७ |
| | ३.२ दमक नगरपालिकाभित्र बोलिने भाषाहरू :<br>-नेपाली<br>-मैथिली<br>-लिम्बू | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न मातृभाषा भएका समुदायका व्यक्तिहरू सग भेटघाट गराई दमकको जनसख्याको भाषिक विविधताको बारेमा जानकारी प्रदान गर्ने ।<br>ख) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र बोलिने प्रमुख पाँचवटा भाषाहरूको नाम टिपोट गरिदिने । | क) दमक नगरपालिकाभित्र बोलिने पाँचवटा मुख्य भाषाहरूको नाम बताउनुहोस् । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | -धिमाल<br>-तामाङ<br>-मगर । | | | |
| | ३.३ परिवार र मान्यजनप्रति सम्मान प्रकट गर्ने क्रियाकलापहरू :<br>- आदर र सत्कार बुझाउने चित्र<br>-आदर र सम्मानका लागि प्रयोग गरिने शब्द/भाषा<br>-आदर र सम्मानपूर्ण व्यवहार<br>-शिष्टता<br>-अनुशासन<br>-विनम्रता । | क) विद्यार्थीहरूसँग आफ्नो परिवारमा मान्यजनप्रति गरिने सम्मानपूर्ण व्यवहारहरूका बारेमा कक्षामा छलफल गर्ने र कक्षामा शिक्षकले अभिनय गरी देखाउने ।<br>ख) परिवारका सदस्य र आफ्ना मान्यजन प्रति आदर सत्कार गरेको चित्र, भिडियो वा कुनै डकुमेन्ट्री देखाउने र अनुसरण गर्न लगाउने । | -निम्न प्रश्न र क्रियाकलापहरूको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो परिवारमा आफू भन्दा ठुला व्यक्तिलाई आदर गरी सम्मान जनाउन गरिने तीन क्रियाकलापहरू कक्षामा अभिनय गरी देखाउनुहोस् ।<br>ख) तापाईंको परिवारमा आफूभन्दा ठुला व्यक्तिलाई आदर सम्मान प्रकट गर्न प्रयोग गरिने केही शब्दहरू बताउनुहोस् ।<br>ग) तपाईंको विद्यालयमा अनुशासन कायम राख्न के कस्ता व्यवहार गर्नु पर्दछ ? केही क्रियाकलापको अभिनय गरी देखाउनुहोस् । | ७ |
| ४. व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ४.१ आफ्नो टोल, छिमेक वा वडाका निम्न व्यक्तित्वको पहिचान : (दाताहरू, प्रतिभाहरू, समाजसेवीहरू, अभियन्ताहरू) । | क) विद्यार्थीहरूलाई आफ्नो टोल, छिमेक वा वडामा भएका सम्बन्धित व्यक्तित्वसँग भेटघाट गराउने र उनीहरूको अनुभव, विचार र उनीहरूले गरेका कामहरूको बारेमा सुन्ने र बुझ्ने अवसर प्रदान गर्ने ।<br>ख) आफ्नो टोलछिमेक वा वडाको विकास गर्न र गौरव बढाउनका लागि योगदान दिने व्यक्तिहरूको नाम र कामको बारेमा कक्षामा छलफल गर्ने ।<br>ग) उल्लिखित व्यक्तिहरूका तस्बिर देखाउने र योगदानको चर्चा गर्ने । | परियोजना कार्य :<br>क) आफ्नो परिवार वा छरछिमेकमा सोधपुछ गरेर आफ्नो टोल, छिमेक र वडाका मुख्य व्यक्तिहरूको नाम सङ्कलन गरी कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।<br>ख) आफ्नो टोलछिमेकमा रहेका व्यक्तिले आफ्नो गाउँको भलाइका लागि गरेका महत्त्वपूर्ण कामको विवरण सङ्कलन गरी प्रस्तुत गर्नुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | ४.२ दमकको स्थापनाकालदेखि हालसम्मका प्रमुख र उपप्रमुखहरू । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाको छोटो अवलोकन भ्रमणमा लैजाने ।<br>ख) दमक नगरपालिकामा प्रमुख र उपप्रमुखको कार्यकक्षमा रहेको पूर्वप्रमुख र पूर्व-उपप्रमुखहरूको नामावली अध्ययन गर्न लगाउने ।<br>ग) शिक्षकले कक्षामा पूर्वप्रमुख र उपप्रमुखको फोटो प्रदर्शन गर्दै नाम टिपोट गरिदिने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) फोटो हेरेर नगरपालिकाका पूर्वप्रमुख र पूर्व-उपप्रमुखको नामसँग जोडा मिलाउनुहोस् ।<br>ख) दमक नगरपालिकाका पूर्वनगरप्रमुख र उपप्रमुखमध्ये कुनै दुई-दुईजनाको नाम लेख्नुहोस् । | ४ |
| | ४.३ दमक नगरपालिकामा रहेका सङ्घ-संस्थाहरू :<br>- नेपाल रेडक्रस सोसाइटी<br>-रोटरी क्लब<br>-खानेपानी तथा सरसफाइ उपभोक्ता समिति<br>- दमक उद्योग वाणिज्य सङ्घ । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरूको अवलोकन भ्रमणमा लैजाने ।<br>ख) अवलोकन भ्रमण गरिएका सङ्घसंस्थाका प्रमुख/कर्मचारीसँग ती संस्थाले दिने सेवाको बारेमा जानकारी लिने ।<br>ग) शिक्षकले सङ्घसंस्थाको नाम र ती संस्थाले दिने सेवाको बारेमा चार्ट बनाई कक्षामा प्रस्तुत गर्ने । | - निम्न प्रश्नको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) नेपाल रेडक्रस सोसाइटीले कस्तो सेवा प्रदान गर्दछ ?<br>ख) दमक उद्योग वाणिज्य सङ्घले प्रदान गर्ने सेवाहरू के के हुन, सेवाको नाम बताउनुहोस् । | ८ |
| ५. वातावरण र जैविक विविधता | ५.१ नगरपालिकाको स्थानीय वातावरणको अवस्था :<br>-सरसफाइ<br>-हरियाली प्रवर्धन<br>-ढल निकासको प्रबन्ध<br>-हावा, पानी र माटोको स्वचछता । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्रको सहरी क्षेत्र, नदी किनार, सामुदायिक तथा निजी वनक्षेत्र, ताल वा पोखरी भएका ठाउँको अवलोकनका लागि लैजाने ।<br>ख) विद्यार्थीहरूलाई दमक नगरपालिका क्षेत्रमा सार्वजनिक स्थल, सडक, चोकमा सरसफाइको अवस्था, हरियाली प्रवर्धनका लागि गरिएका प्रयासहरू तथा ढल निकासको प्रबन्धको अवलोकन गर्न लगाउने । | क) दमक नगरपालिकालाई सफा राख्नका लागि भएका दुईवटा प्रयासहरू बताउनुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | | ग) विद्यार्थीहरूलाई उनीहरूले अवलोकन गरेका स्थानको हावा, पानी र माटोको स्वच्छताको बारेमा शिक्षकले वर्णन गरिदिने ।<br>घ) शिक्षकले कक्षामा दमक नगरपालिकाको वातावरणको अवस्थाको बारेमा विस्तारमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने । | | |
| | ५.२ दमक नगरपालिकाभित्रको जैविक विविधता :<br>-जीवजन्तु<br>-वनस्पति । | क) विद्यार्थीहरूलाई दमक नगरपालिका भित्रका विभिन्न स्थानका खुल्ला चौर, वनक्षेत्र, चरिचरन क्षेत्र, नदी किनार, पोखरी, सिमसारको अवलोकनका लागि लैजाने ।<br>ख) विद्यार्थीले अवलोकन गरेका सथानमा भएका विभिन्न किसिमका बोटबिरुवाहरू, जनावरहरू, चराहरू, किराहरूको बिचमा भएको भिन्नताका बारेमा शिक्षकले वर्णन गरिदिने ।<br>ग) दमक नगरपालिकाभित्रको जैविक विविधता चिनाउने विभिन्न मोडेल र डकुमेन्ट्रीहरूसमेत प्रस्तुत गर्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंले अवलोकन गरेका स्थानमा देखिएका जनावरहरूको नाम बताउनुहोस् ।<br>ख) आलोकनका क्रममा तपाईंले कुन कुन बोटबिरुवाहरू देख्नुभयो, तिनीहरूको नाम बताउनुहोस् । | ५ |
| | ५.३ दमक नगरपालिकामा रहेका<br>-तालहरूको नाम<br>-सिमसारहरूको नाम<br>-पोखरीहरूको नाम । | क) विद्यार्थीहरूलाई दमक नगरपालिका भित्रका विभिन्न ताल, पोखरी र सिमसार क्षेत्रको अवलोकनका लागि लैजाने ।<br>ख) विद्यार्थीले अवलोकन गरेका ताल, पोखरी र सिमसारहरूका महत्त्वको बारेमा शिक्षकले प्रस्ट पार्ने ।<br>ग) ताल, पोखरी र सिमसारहरूले दमक नगरको वातावरण संरक्षण र सुधारका लागि कसरी सहयोग गर्दछन् भनी छलफल गर्ने । | क) ताल, पोखरी र सिमसारहरूले हाम्रो वातावरणको संरक्षणका लागि कसरी सहयोग गर्दछन् ? कक्षामा साथीहरूसँग छलफल गरी शिक्षकलाई सुनाउनुहोस् । | ७ |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ छरछिमेकमा रहेका व्यक्तिहरूले गर्ने पेसागत कामहरू :<br>-शिक्षक<br>-डाक्टर | क) आफ्नो छरछिमेकमा रहेका विभिन्न पेसाका व्यक्तिहरू चिनाउन छलफल गराउने ।<br>ख) बालबालिकालाई पेसा र साधनका चित्रहरूबिच जोडा मिलाउन लगाउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको छरछिमेकमा कुन कुन पेसा गर्ने मानिसहरू बस्छन् ? | ६ |

| | | | | |
|---|---|---|---|---|
| | -व्यापारी<br>-किसान<br>-सवारीचालक । | ग) बालबालिकालाई पेसा चिनाउने चित्र र पेसासँग सम्बन्धित सामग्रीलाई एकै ठाउँ राख्न लगाउने ।<br>घ) बालबालिकालाई समूहमा विभाजन गरी कुनै एउटा पेसाको नक्कल गर्न लगाउने । | ख) खेतीपाती गर्ने मानिसलाई के भनिन्छ ?<br>ग) डाक्टरले गर्ने काम के हो ? | |
| | ६.२ आफ्नो टोल र छिमेकमा<br>आम्दानी हुने व्यवसायहरू : पसल, तरकारी खेती, साना उद्योग, सिलाइ व्यवसाय, माछापालन । | क) आफ्नो छिमेकमा चलिरहेका व्यवसायबारे चर्चा गर्ने ।<br>ख) बालबालिकालाई आफ्नो छिमेकमा भएका कुनै २ व्यवसायको नाम भन्न लगाउने ।<br>ग) चित्रहरू दिएर व्यवसाय र सम्बन्धित सामानबिच जोडा मिलाउन लगाउने ।<br>घ) आफ्नो टोल र छिमेकमा आम्दानी हुने वस्तु र व्यवसायबिच जोडा मिलाउन लगाउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको घर नजिकै भएको एउटा व्यवसायको नाम भन्नुहोस् ।<br>ख) आफ्नो टोल र छिमेकमा भएका आम्दानी हुने कामको नाम बताउनुहोस् । | ६ |
| | ६.३ आफ्नो छरछिमेकमा उत्पादन हुने वस्तुहरू । | क) आफ्नो छिमेकमा उत्पादन हुने वस्तुबारे बालबालिकालाई छलफल गर्न लगाउने ।<br>ख) उत्पादित वस्तु र उत्पादन स्थानका चित्रहरू दिएर जोडा मिलाउन लगाउने ।<br>ग) बालबालिकालाई घर वा छिमेकमा बनेको वस्तु ल्याउन लगाई प्रदर्शनीको आयोजना गर्ने र प्रत्येकलाई आफ्नो वस्तु देखाएर त्यसबारे केही वाक्यमा बताउन लगाउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको छिमेकमा कुन कुन वस्तु उत्पादन हुन्छ ?<br>ख) दुधबाट के-कस्ता वस्तु बन्छन् ? | ६ |
| | ६.४ आफ्नो छरछिमेकमा भएका उद्योगहरू । | क) आफ्नो छरछिमेकमा भएका उद्योगहरूको अवलोकन भ्रमण गराई विद्यार्थीहरूलाई ती उद्योगहरूको नाम बताउन लगाउने ।<br>ख) अवलोकन गरिएका उद्योगबाट उत्पादन भएका एक एकवटा वस्तुहरूको नाम भन्न लगाउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको छरछिमेकमा रहेको कुनै एउटा उद्योगको नाम भन्नुहोस् ।<br>ख) इँटा बनाउने उद्योगलाई के भनिन्छ ?<br>ग) डेरी उद्योगले कुन वस्तु उत्पादन गर्छ ? | ३ |

| | | | | |
|---|---|---|---|---|
| | ६.५ आफ्नो समुदायमा प्रयोग हुने परम्परागत तथा आधुनिक प्रविधिका सामग्रीहरूको नाम र प्रयोग । | क) बालबालिकाले देखेका परम्परागत र आधुनिक सामग्रीको नाम र कामबारे छलफल गर्न लगाउने ।<br>ख) परम्परागत र आधुनिक सामग्रीका चित्रहरू दिएर बालबालिकालाई ती चित्रहरू पुरानो र नयाँको टोकरीमा छुट्याउन लगाउने ।<br>ग) बालबालिकालाई एक एकवटा परम्परागत र आधुनिक सामग्री देखाएर तिनीहरूको नाम र काम भन्न लगाउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा प्रयोग हुने कुनै दुईवटा परम्परागत सामग्रीको नाम लेख्नुहोस् ?<br>ख) तपाईंको समुदायमा प्रयोग कुनै दुईवटा आधुनिक सामग्रीको नाम बताउनुहोस् ।<br>ग) आफ्नो समुदायमा भएका कुनै तीनवटा परम्परागत र आधुनिक प्रविधिका सामग्रीहरूको नाम लेख्नुहोस् । | ३ |
| ७. विपद् र विपद् व्यवस्थापन | ७.१ विपद्बाट उत्पन्न हुनसक्ने कठिनाइहरू/ समस्याहरू :<br>-भूकम्प,<br>-आगलागी<br>-हावाहुरी<br>-बाढी<br>-डुबान । | क) विद्यार्थीहरूलाई आफूले देखेका/सुनेका विपद्हरूको नाम भन्न लगाई पाटी (बोर्ड)मा तिनीहरूको सूची तयार गर्न लगाउने ।<br>ख) उनीहरूका विपद्सम्बन्धी अनुभवहरू वा उनीहरूले सुनेका विपद्सम्बन्धी घटनाहरू सुनाउन लगाउने ।<br>ग) विपद्बाट आफ्नो समुदायभित्र आइपर्नसक्ने कठिनाइहरूका विषयमा श्रव्यदृश्य सामग्री वा फोटो प्रदर्शन गरी धारणा विकास र सिकाइमा स्थायित्व प्रदान गर्न सहयोग गर्ने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) विपद्बाट मानिसलाई कस्ता समस्याहरू आउन सक्छन्, कुनै पाँचवटाको नाम बताउनुहोस् ।<br>ख) प्राकृतिक र मानव सिर्जित विपद्बाट उत्पन्न हुनसक्ने पाँच - पाँचवटा समस्याहरू बताउनुहोस् ।<br>परियोजना कार्य :<br>क) आफ्नो क्षेत्रमा देखिएका विपद्सम्बन्धी पाँच-पाँचवटा घटनाहरूको नाम सङ्कलन गरी कक्षामा सुनाउनुहोस् । | ६ |
| | ७.२ सुरक्षा योजनाको अवधारणा/परिभाषा । | क) विद्यार्थीहरूमाझ भूकम्प, आगलागी, हावाहुरी, बाढी र डुबानका समस्याहरू आउँदा कसरी त्यो समस्याबाट जोगिने भन्नेसम्बन्धी उनीहरूको अनुभव कक्षामा प्रस्तुत गर्ने अवसर प्रदान गर्ने । | क) विपद्बाट कसरी बच्न सकिन्छ ? कुनै दुईवटा उपायहरू बताउनुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | ख) विद्यार्थीहरूका अनुभवहरू नभएमा शिक्षकले आफ्ना अनुभवहरू सुनाएर विपद्का कठिनाइहरू स्पष्ट पारिदिने ।<br>ग) विद्यार्थीहरूलाई विपद्हरूबाट बच्न सुरक्षित स्थलहरूको खोजी गरी बचावटका उपायहरूको धारणा विकास गराउन विविध क्रियाकलापद्वारा स्पष्ट पार्ने । जसमा भूकम्प, आगलागी, हावाहुरी, बाढी र डुबानले गर्ने विनाशबाट बच्ने उपायहरू समावेश गर्ने ।<br>घ) सुरक्षासम्बन्धी धारणा व्यावहारिक रूपले कार्यान्वयन गराउन के के गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीमाझ छलफल गरी स्थानीय तहमा सम्भावित विपद्बाट बचावटका उपायहरूबारे स्पष्ट गरिदिने । | | |
| | ७.३ दमक नगरपालिकामा सम्भावित विपद्हरू : प्राकृतिक र मानव सिर्जित विपद्बाट बचावटका उपायहरू । | क) सुरक्षासम्बन्धी धारणा व्यावहारिक रूपले कार्यान्वयन गराउन के के गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीमाझ छलफल गराउँदै स्थानीय तहमा सम्भावित विपद्बाट बचावटका उपायहरूको बारेमा स्पष्ट पारिदिने । | क) विपद्बाट बचावटका कुनै चारवटा उपायहरू लेख्नुहोस् । | ६ |
| | | | | |

**कक्षा -३**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पठचभार |
|---|---|---|---|---|
| १.दमक नगरपालिकाको परिचय | १.१ दमक नगरपालिकाको साँधसिमाना : छिमेकी जिल्ला र पालिकाहरू । | क) विद्यार्थीलाई आफ्नो परिवार वा छिमेकमा रहेका कुनै व्यक्तिसँग सोधपुछ गरी दमक नगरपालिकाको साँधसिमाना, छिमेकी पालिकाहरूको नाम र छिमेकी जिल्लाको नाम टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउन लगाउने तथा शिक्षकले सहजीकरण गर्ने<br>ख) विद्यार्थीहरूलाई दमक नगरपालिकाको नक्सा देखाई यसको साँधसिमाना, छिमेकी पालिका र छिमेकी जिल्लाको नाम भन्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको साँधसिमानाको नाम बताउनुहोस् ।<br>ख) दमक नगरपालिकाका छिमेकी पालिका र छिमेकी जिल्लाको नाम बताउनुहोस् । | ९ |
| | १.२ दमक नगरपालिकाका वडाहरू :<br>- सङ्ख्या<br>- वडा छुटचाउने आधार<br>- छिमेकी वडाहरूको नाम । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाका वडाहरूको नाम र साँधसिमानासमेत प्रस्ट देखिने नगरपालिकाको राजनैतिक र प्राकृतिक नक्सा देखाउने ।<br>ख) नक्साको अवलोकन गरी दमक नगरपालिकाका वडाहरूको सङ्ख्या, नाम र सिमाना छुटचाउन अभ्यास गराउने । | क) नगरपालिकाको नक्सामा आफ्नो वडा चिन्नुहोस् । | ६ |
| | १.३ दमक नगरपालिकाभित्र स्थानीय वडा, टोल र बस्तीको नक्साङ्कन । | क) विद्यार्थीलाई दमक नगरपालिकाको नक्सामा आफू बसोवास गरेको वडा र आफ्नो टोल भएको स्थान सङ्केत गर्न लगाउने ।<br>ख) नक्सामा टोल वा वडा सङ्केत गर्न शिक्षकले सहजीकरण गर्ने ।<br>ग) विद्यार्थीलाई दमक नगरपालिकाको नक्सामा आफ्नो टोल र वडा सङ्केत गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :<br>क) विद्यार्थीहरूलाई आफ्नो नगरपालिकाको भौगोलिक बनावट र हावापानी (समथर, भिरालो, बालुवा, हिलो, बगर, खोला, वनजङ्गल जाडो, गर्मी) को अवस्था भन्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | | | ख) दमक नगरपालिकाको नक्सामा आफ्नो वडा, टोल  वा बस्ती रहेको स्थानको सङ्केत गरी कक्षामा साथीहरूलाई देखाउनुहोस् । | |
| | १.४ दमक नगरपालिकाभित्र रहेका ठुला पूर्वाधारहरू :<br>-दमक रिङरोड<br>-दमक बिजनेस टावर<br>-दमक सभागृह<br>-दमक ताराबारी सडक<br>-दमक विज्ञान पार्क<br>-दमक फनपार्क<br>-दमक फलफूल तथा तरकारी थोक बजार । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाको केही स्थानमा भएका विकासका ठुला पूर्वाधारहरूको अवलोकन गराउने र आफ्नो गाउँ, टोल र वडामा भएका साना तथा मझौला पूर्वाधारहरूको बारेमा छलफल गरी ती पूर्वाधारहरूको नाम र उपयोगिताको बारेमा चर्चा गर्ने । | क) दमक नगरपालिकामा भएका विकासका ठुला पूर्वाधारहरूको नाम बताउनुहोस् ।<br>ख) दमक नगरपालिकामा भएका ठुला पूर्वाधारहरूले मानिसलाई कस्तो सेवा प्रदान गर्छन् ? | १५ |
| २. स्रोत र सम्पदाहरू | २.१ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको संरक्षणका उपायहरू :<br>-हम्से दुम्से सामुदायिक वनक्षेत्रको संरक्षण र पुनः नवीकरण<br>-रमा सामुदायिक वनक्षेत्रको संरक्षण र पुनः नवीकरण<br>-मावा, रतुवा, दीपिनी, बेतना, ढुकुरे आदि नदी/खोलाको जलाधार संरक्षण | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न किसिमका प्राकृतिक स्रोतहरूको अवस्था अवलोकनका लागि क्षेत्र भ्रमणमा लैजाने ।<br>ख) दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतको संरक्षणका लागि के गर्न सकिन्छ भन्ने बारेमा विद्यार्थीसँग छलफल गर्ने ।<br>ग) शिक्षकले प्राकृतिक स्रोतको संरक्षणका सम्भावित उपायहरूको चर्चा गरी अवधारणा दिने । | क) दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतको संरक्षण गर्न के कस्ता क्रियाकलाप गर्न सकिन्छ, कक्षामा छलफल गरी प्रत्येकले एक एकवटा उपाय बताउनुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | -मावा र रतुवा नदीमा भएका बालुवा र ढुङ्गा खानीको संरक्षित उपयोग<br>-माटो/जमिनको प्राकृतिक अवस्थाको संरक्षण<br>-जनचेतना विकास । | | | |
| | २.२ दमक नगरपालिकाभित्र रहेका भौतिक, सांस्कृति सम्पदाहरू, ऐतिहासिक र पारम्परिक ज्ञानको संरक्षण :<br>-राष्ट्रिय पहिचान र एकताको प्रतीक<br>-पर्यटन र आर्थिक विकास<br>-शिक्षा र अनुसन्धानको विकास<br>-सांस्कृतिक विविधताको संरक्षण<br>-भावी पुस्ताको लागि मार्गदर्शन | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न किसिमका भौतिक, सांस्कृतिक सम्पदा स्थलको अवलोकनका लागि क्षेत्र भ्रमणमा लैजाने ।<br>ख) दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको महत्त्वको बारेमा विद्यार्थीसँग छलफल गर्ने ।<br>ग) शिक्षकले कक्षामा मूर्त सांस्कृतिक सम्पदाहरूको महत्त्व उल्लेख भएको सूची प्रस्तुत गरी तिनीहरूको बारेमा चर्चा गरिदिने । | परियोजना कार्य :<br>क) तपाईंको परिवारमा छलफल गरी दमक नगरपालिकामा रहेका प्राकृतिक स्रोतहरूको संरक्षण गर्न के कस्ता उपायहरू गर्न सकिन्छ, टिपोट गरी कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।<br>ख) सांस्कृतिक सम्पदाहरू हाम्रो लागि किन महत्त्वपूर्ण रहेका हुन्छन्, कक्षामा साथीहरूसँग छलफल गरी महत्त्वका बुँदा कक्षामा साथीलाई पालैपालो सुनाउनुहोस् । | १० |
| ३. संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र प्रचलित चाडपर्वहरूको सांस्कृतिक महत्त्व : | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र प्रचलनमा रहेका मौलिक एवम् परम्परागतरूपमा मनाइने चाडपर्व, धर्म र संस्कारको अवलोकनका लागि विभिन्न समुदायका सांस्कृतिक समारोहमा सहभागी गराउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र प्रचलित चाडपर्वहरूको सांस्कृतिक महत्त्व बताउनुहोस् । | ९ |

| | | | | |
|---|---|---|---|---|
| | -सामाजिक एकता र सद्भाव<br>-संस्कृति तथा परम्पराको संरक्षण<br>-जातीय तथा सांस्कृतिक पहिचानको जगेर्ना<br>-धर्म, परम्परा र संस्कारहरूप्रतिको सम्मान । | ख) मौलिक संस्कृति झल्काउने विभिन्न चित्र, भिडियो तथा डकुमेन्ट्रीहरूको प्रदर्शन गरी अवधारणा विकास गर्ने ।<br>ग) दमक नगरपालिकामा बसोवास गर्ने विभिन्न जातिगत तथा सांस्कृतिक समुदायका मानिसले अवलम्बन गर्ने सांस्कृतिक क्रियाकलापको महत्त्वलाई शिक्षकले कक्षामा चर्चा गरिदिने । | ख) दमक नगरपालिकाभित्र प्रचलनमा रहेका विभिन्न चाडपर्वले सामाजिक सद्भाव कायम राख्न कस्तो सहयोग पुऱ्याएका छन् ? | |
| | ३.२ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मानिसहरूले लगाउने सांस्कृतिक गरगहनाहरू :<br>-चुरा, पोते, तिलहरी, नौगेडी, चन्द्रहार, मङ्गलसूत्र, झुम्का, फुली, नथ्थी, पाउजु, औँठी, हार । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र विभिन्न समुदायका पुरुष तथा महिलाले लगाउने मौलिक एवम् परम्परागत गरगहनाहरूको अवलोकनका लागि विभिन्न समुदायका सांस्कृतिक समारोहमा सहभागी गराउने ।<br>ख) मौलिक संस्कृति र परमपरागत गहनाहरू झल्काउने विभिन्न चित्र, भिडियो तथा डकुमेन्ट्रीहरूको प्रदर्शन गरी अवधारणा विकास गर्ने ।<br>ग) दमक नगरपालिकामा बसोवास गर्ने विभिन्न जातिगत तथा सांस्कृतिक समुदायका मानिसले लगाउने सांस्कृतिक गरगहनाको नाम टिपोट गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।<br>क) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका महिलाहरूले लगाउने परम्परागत र सांस्कृतिक गहनाहरूको नाम बताउनुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका पुरुषहरूले लगाउने परम्परागत र सांस्कृतिक गहनाहरूको नाम बताउनुहोस् ।<br>परियोजना कार्य :<br>क) ब्राह्मण, क्षत्री, राई, धिमाल, लिम्बू, मुसलमान, मैथिली, सन्थाललगायत तपाईंको समुदायमा बसोवास गर्ने मानिसले लगाउने गहनाहरूको सूची कक्षामा प्रस्तुत गर्नुहोस् । | ९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४. व्यक्ति, व्यक्तित्व र सङ्घ-संस्थाहरू | ४.१ दमक नगरपालिकाभित्र सामाजमा योगदान पुऱ्याउने व्यक्तिहरू :<br>-सार्वजनिक शैक्षिक संस्थाका संस्थापकहरू<br>-समाजसेवीहरू<br>-मठ मन्दिर/सर्वजनिक पुस्तकालयका संस्थापकहरू<br>-शिक्षाकर्मीहरू<br>-राष्ट्रसेवकहरू<br>-उद्योगका संस्थापक/सञ्चालकहरू । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र बसोवास गरी समाजमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूसँग भेटघाट गराई उनीहरूको अनुभव, विचार र गरेका कामहरूको बारेमा सुन्ने र बुझ्ने अवसर प्रदान गर्ने ।<br>ख) शिक्षकले कक्षामा विद्यार्थीहरूलाई उपरोक्त व्यक्तिहरूबाट नगरको आर्थिक सामाजिक विकासमा पुऱ्याएको योगदानको चर्चा गरिदिने ।<br>ग) शिक्षकले उपरोक्त व्यक्तिहरूको तस्बिर तथा जीवनी वृत्तान्त/वृत्तचित्र प्रदर्शन गर्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र विद्यालय/कलेज स्थापनाका लागि महत्त्वपूर्ण योगदान दिनुहुने व्यत्तिहरूको नाम बताउनुहोस् ।<br>ख) दमक नगरपालिकाको शिक्षा विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने शिक्षाकर्मीहरूको नाम बताउनुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र उद्योग कलकारखाना स्थापना र सञ्चालनका लागि महत्त्वपूर्ण योगदान दिनुहुने व्यक्तिहरूको नाम बताउनुहोस् । | ६ |
| | ४.२ दमक नगरपालिकामा रहेका सङ्घसंस्थाहरू<br>-नेपाल रेडक्रस सोसाइटी<br>-दमक जेसिस<br>-खानेपानी तथा सरसफाइ व्यवस्थापन समिति<br>-दमक उद्योग वाणिज्य सङ्घ । | क) विद्यार्थीलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न सङ्घसंस्थाहरूको अवलोकन भ्रमणमा लैजाने ।<br>ख) अवलोकन गरिएका सङ्घसंस्थाहरूले समाजमा पुऱ्याउने योगदानको बारेमा शिक्षकले चर्चा गरिदिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमकमा रहेको नेपाल रेडक्रस सोसाइटीले कुन कुन सेवा प्रदान गर्दछ, सेवाको नाम बताउनुहोस् ।<br>ख) दमक जेसिजले दिने सेवाहरू बताउनुहोस् ।<br>ग) दमक उद्योग वाणिज्य सङ्घका मुख्य सेवाक्षेत्रको नाम बताउनुहोस् । | ६ |
| | ४.३ दमक नगरपालिकामा रहेका विषयगत समितिहरू :<br>-शिक्षा समिति | क) विद्यार्थीहरूलाई दमक नगरपालिकामा रहेका विषयगत समितिहरूका अध्यक्ष र सदस्यहरूसँग भेटघाट गराउने । | क) दमक नगरपालिकामा रहेका विषयगत समितिहरूको नाम बताउनुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | -सामाजिक समिति<br>-पूर्वाधार समिति<br>-वातावरण समिति<br>-न्यायिक समिति । | ख) दमक नगरपालिकाका विषयागत समितिले गर्ने मुख्य कामको बारेमा विद्यार्थीलाई जानकारी गराउने । | | |
| ५.वातावरण र जैविक विविधता | ५.१ दमक नगरपालिकाभित्र पाइने जन्तु र बोटबिरुवाहरू :<br>क) जन्तुजनावरको नाम<br>-पशु<br>-चरा<br>-घस्रने जीव<br>-किरा<br>ख) बोटबिरुवाको नाम<br>-काठदाउरा हुने<br>-तरकारी/फलफूल हुने<br>-जडीबुटीजन्य<br>-घाँस/झारपात । | क) विद्यार्थीहरूलाई अफ्नो गाउँ, टोल र वडाको दमक नगरपालिकाभित्रका वरपरको खुला चौर, नजिकको वन वा वृक्षरोपण भएको क्षेत्र, सार्वजनिक पार्क, सार्वजनिक स्थान, सडक, चोक, साना नदीकिनार आदि स्थानको अवलोकनका लागि लैजाने ।<br>ख) विद्यार्थीले अवलोकन गरेका स्थानहरूमा पाइने जन्तु र वनस्पतिहरूको नाम र विशेषताको बारेमा शिक्षकले चर्चा गरिदिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र पाइने जन्तुजनावरहरूको नाम बताउनुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र पाइने विभिन्न प्रकारका बोटबिरुवाको नाम बताउनुहोस् ।<br>परियोजना कार्य :<br>क) तपाईंको गाउँटोलमा पाइने विभिन्न प्रकारका जन्तु जनावरको नाम सङ्कलन गरी कक्षामा साथीलाई सुनाउनुहोस् ।<br>ख) तपाईंको गाउँटोलमा पाइने विभिन्न प्रकारका बोटबिरुवाको नाम सङ्कलन गरी कक्षामा साथीलाई सुनाउनुहोस् । | ९ |
| | ५.२ दमक नगरपालिकालाई स्वच्छ र हरियालीयुक्त बनाउन नगरपालिकाबाट भएका प्रयासहरू :<br>-सरसफाइ<br>-वृक्षरोपण<br>-सहरी सौन्दर्यकरण<br>-ढलनिकासको प्रबन्ध<br>-फूलका गमला व्यवस्थापन | क) विद्यार्थीहरूलाई दमक नगरपालिका विभिन्न क्षेत्रको अवलोकन भ्रमणमा लैजाने ।<br>ख) दमक नगरपालिकालाई स्वच्छ र हरियालियुक्त बनाउन गरिएका संस्थागत प्रयासहरूको बारेमा विद्यार्थीलाई जानकारी गराउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) के दमक नगरपालिकाका सहरी क्षेत्र तथा गाउँ/टोलमा भएका बाटा, खोला र चोकहरू सफा छन् ?<br>ख) दमक नगरपालिकाभित्र रहेका गाउँ, टोल, बाटो, चोकको स्वच्छता कायम राख्न नगरपालिकाबाट भएका प्रयासहरू बताउनुहोस् ।<br>ग) दमक नगरपालिकाको सहरी सौन्दर्यका लागि के कस्ता काम गरिएका छन्, | ११ |

| | | | | |
|---|---|---|---|---|
| | - धुलो नियन्त्रण । | | अवलोकन गरी कामको नाम बताउनुहोस् । | |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ आफ्नो समुदायमा भएका मुख्य पेसाहरू : कृषि, व्यापार, शिक्षण, स्वास्थ्य सेवा । | क) बालबालिकाले आफ्नो समुदायमा देखेका विभिन्न पेसाहरूको बारेमा छलफल गराउने ।<br>ख) विभिन्न पेसाकर्मीका चित्रहरू बालबालिकालाई दिई पेसा र उनीहरूले प्रयोग गर्ने साधनका चित्रहरूबिच जोडा मिलाउन लगाउने ।<br>ङ) बालबालिकालाई एउटा पेसा छनोट गरी त्यसले गर्ने कुनै दुईवटा काम भन्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको छरछिमेकमा सबैभन्दा धेरै कुन पेसा गरिन्छ ?<br>ख) कृषि पेसा तपाईंको लागि किन महत्त्वपूर्ण छ ?<br>ग) तपाईंको समुदायमा भएका मानिसले गर्ने मुख्य मुख्य पेसाहरूको नाम र काम लेख्नुहोस् । | ४ |
| | ६.२ आफ्नो वडाका आम्दानीमूलक व्यवसायहरूको नाम र उत्पादन । | क) विद्यार्थीहरूलाई वडामा रहेको नजिकैको पसल, कृषि फार्म वा सानो उद्योग भ्रमण गराउने र व्यवसायीहरूसँग कुरा गर्ने अवसर दिने ।<br>ख) आफ्नो वडामा के के व्यवसाय देख्नुभएको छ भनी छलफल गर्ने ।<br>ग) विद्यार्थीहरूको समूह विभाजन गरी प्रत्येक समूहलाई कुनै एउटा व्यवसाय र त्यसले उत्पादन गर्ने एउटा वस्तुको नाम लेख्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो वडामा भएका कुनै तीनवटा आम्दानीमूलक व्यवसायको नाम लेख्नुहोस् ।<br>ख) आफ्नो वडामा भएका कुनै तीनवटा व्यवसायबाट उत्पादित वस्तु वा सेवाहरूको नाम लेख्नुहोस् । | ४ |
| | ६.३ आफ्नो वडामा उत्पादन हुने वस्तुहरूको नाम र प्रयोग । | क) विद्यार्थीलाई आफ्नो वडामा भएका स्थानीय वस्तुहरू उत्पादन हुने ठाउँको अवलोकन भ्रमण गराउने ।<br>ख) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई आफूले सङ्कलन गरेका वस्तुहरूको नाम र प्रयोगको बारेमा छलफल गर्न लगाउने । | परियोजना कार्य :<br>क) आफ्नो वडामा उत्पादन हुने वस्तुहरूको नाम सङ्कलन गरी त्यसको प्रयोगको बारेमा लेख्नुहोस् । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | ६.४ आफ्नो वडामा रहेका घरेलु उद्योगहरू : नाम र उत्पादन । | क) आफ्नो वडामा भएका घरेलु उद्योगहरूका बारेमा छलफल चलाउने ।<br>ख) आफ्नो वडामा भएका घरेलु उद्योगहरूको नाम बोर्डमा लेख्न लगाउने ।<br>ग) शिक्षकले स्थानीय घरेलु उद्योगका उदाहरणको फोटो/वास्तविक वस्तु देखाएर छोटो चर्चा गरिदिने ।<br>घ) विद्यार्थीलाई चारजनाको समूहमा बाँड्ने र प्रत्येक समूहलाई घरेलु उद्योग र उत्पादित वस्तुहरूको चित्र दिई जोडा मिलाउन लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको वडामा रहेका कुनै दुईवटा घरेलु उद्योगको नाम लेख्नुहोस् ।<br>ख) आफ्नो वडामा भएका तीनवटा घरेलु उद्योग र तिनबाट उत्पादित २-२ वटा वस्तुका नाम लेख्नुहोस् । | ५ |
| | ६.५ आधारभूत सिपहरू : आत्म-हेरचाह, सामाजिकीकरण, भाषा र सिर्जनात्मक सिप । | क) आत्म-हेरचाह तथा सामाजिक सिपबारे प्रासङ्गिक छलफल गर्ने ।<br>ख) मिलाएर कपडा लगाउने, सुत्ने ओच्छ्यान मिलाउने, टाइ मिलाएर लगाउने, बटन लगाउने, जुत्ताको तुना बाँध्ने, सजावट गर्ने, सामान मिलाएर राख्ने, कपडा धुने, नियमित सरसफाइ गर्ने, पुस्तक, खेलौना आदि क्रम मिलाएर राख्ने जस्ता क्रियाकलापको अभ्यास गराउने ।<br>ग) कक्षामा ४-५ वटा समूह बनाएर निम्न सिपहरूमा पालैपालो अभ्यास गराउने :<br>१) भाषिक सिप<br>२) सामाजिकीकरण सिप<br>३) स्वव्यवस्थापन सिप<br>४) सिर्जनात्मक सिप<br>घ) हरेक समूहलाई एउटा चार्टमा आफूले सिक्नुपर्ने चारवटा सिप लेख्न लगाउने र आफ्नो चार्ट कक्षामा प्रस्तुत गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंसँग भएका चारवटा सिपहरूको सूची तयार पार्नुहोस् ।<br>ख) प्रायोगिक मूल्याङ्कन :<br>- जुत्ताका तुना बाँध्नुहोस् ।<br>- सर्टका टाँक लगाउनुहोस् ।<br>(शिक्षकलाई निर्देशन : सिपको सही प्रदर्शन र सहज व्यवहारको अवलोकन गर्नुहोस्) | ७ |
| ७. विपद् र विपद् व्यवस्थापन | ७.१ दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्हरू । | क) विद्यार्थीहरूलाई आफ्नो टोल, समुदायभित्र रहेको कुनै एक प्राकृतिक विपद् प्रभावित क्षेत्र भ्रमण गराई | क) विद्यार्थीहरूलाई आफ्नो टोल, समुदाय र दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्हरूको नाम बताउनुहोस् । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | टोल तथा समुदायभित्र हुनसक्ने विपद्हरूको बारेमा जानकारी गराउने ।<br>ख) विद्यार्थीहरूलाई आफ्नो टोल, समुदाय र दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्हरूको नाम भन्न लगाउने ।<br>ग) विद्यार्थीहरूलाई टोल, समुदाय र दमक नगरपालिकाभित्र हुनसक्ने विपदहरूको बारेमा चित्रको माध्यमबाट धारणा विकासमा सहयोग गर्ने ।<br>घ) विद्यार्थीहरूलाई आफ्नो टोल, समुदाय र दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्हरूको बारेमा छलफल गराई तिनीहरूको नाम टिपोट गर्न लगाउने । | | |
| | ७.२ आफ्नो टोल, समुदाय तथा दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्का क्षेत्रहरूको पहिचान : बाढी, नदीकटान, आँधी, हुरिबतास, आगलागी । | क) क्षेत्र भ्रमणको माध्यमबाट आफ्नो टोल, समुदाय र दमक नगरपालिकाभित्र प्राकृतिक विपद्ले असर गर्ने प्रमुख क्षेत्रको अवलोकन गराउने ।<br>ख) विद्यार्थीहरूलाई घर तथा समुदायभित्र भविष्यमा हुनसक्ने प्राकृतिक विपद्हरूको अनुमान गर्न लगाउने ।<br>ग) आफ्नो घर तथा समुदायभित्र भविष्यमा हुनसक्ने प्राकृतिक विपद्हरूको सूची तयार गर्न लगाउने । | क) आफ्नो टोल तथा समुदायभित्र सम्भावित प्राकृतिक विपद्हरू घट्नसक्ने क्षेत्रहरूको नाम भन्नुहोस् । | ७ |
| | ७.३ आफ्नो टोल र समुदायमा हुनसक्ने मानव सिर्जित विपद्का क्षेत्रको पहिचान : सडक दुर्घटना, यन्त्र उपकरणका कारण हुनसक्ने दुर्घटना, विद्युतीय उपकरण तथा खाना पकाउने ग्यासका कारण हुने आगलागी । | क) क्षेत्र भ्रमणको क्रममा आफ्नो टोल, समुदाय र दमक नगरपालिकाभित्र भविष्यमा हुनसक्ने मानव सिर्जित विपद्का क्षेत्रहरूको पहिचानमा सहयोग गरी त्यसको सूची निर्माण गर्न लगाउने ।<br>ख) आफ्नो टोल, समुदाय र दमक नगरपालिकाभित्र भविष्यमा हुनसक्ने मानव सिर्जित विपद्हरूको सूची तयार गर्न लगाउने । | क) आफ्नो टोल तथा समुदायभित्र सम्भावित मानव सिर्जित विपद्हरूका क्षेत्रहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | ७ |

**कक्षा ४**

| **क्षेत्र** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **मूल्याङ्कन** | **पठचभार** |
|---|---|---|---|---|
| १.दमक नगरपालिकाको परिचय | १.१ दमक नगरपालिकाको नक्सा :<br>- दमक नगरपालिकाको राजनैतिक नक्सा<br>- दमक नगरपालिकाको भौगोलिक स्वरूप । | क) विद्यार्थीलाई दमक नगरपालिकाको राजनैतिक नक्साको अवलोकन र अध्ययन गर्न लगाउने ।<br>ख) कक्षामा शिक्षकले प्रदर्शन गरेको नक्साको आधारमा दमक नगरपालिकाको नक्सा बनाउन अभ्यास गराउने ।<br>ग) विद्यार्थीहरूलाई दमक नगरपालिका भित्रका विभिन्न भौगोलिक क्षेत्रको अवलोकन गराउने र भौगोलिक स्वरूप, हावापानी र प्राकृतिक विशेषता कस्तो छ भनी छलफल गर्ने ।<br>घ) अवलोकनको क्रममा देखिएका भौगोलक स्वरूप एवम् हावापानीका विशेषताहरूलाई शिक्षकले कक्षामा सूची बनाइ प्रस्ट पार्ने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) कक्षाकोठामा प्रदर्शन गरिएको नक्साको आधारमा वडाको विभाजनसमेत देखिने गरी दमक नगरपालिकाको नक्सा बनाई साथीहरूलाई देखाउनुहोस् ।<br>ख) दमक नगरपालिकाको भौगोलिक स्वरूप भनेको के हो ?<br>ग) दमक नगरपालिकाको हावापानीका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । | १६ |
| | १.२ दमक नगरपालिकाको विकास र पहिचानका लागि ठुला पूर्वाधारहरू :<br>-दमक बिजनेस कम्प्लेक्स (भ्यु टावर)<br>-दमक सभागृह<br>-प्रस्तावित दमक औद्योगिक पार्क | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विकासका ठुला पूर्वाधारहरूको अवलोकन गरी तिनीहरूको नाम र ठेगाना टिपोट गर्न लगाउने ।<br>ख) शिक्षकले नगरक्षेत्रमा रहेका विकासका ठुला पूर्वाधारहरूले कसरी दमकको विकास गर्न सहयोग पुऱ्याउँदछन् भनी चर्चा गर्ने र महत्त्वका मुख्य बुँदाहरूको सूची बनाउन लगाउने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकामा रहेका ठुला पूर्वाधारहरूको नाम र ठेगाना उल्लेख गर्नुहोस् ।<br>ख) दमक नगरपालिकामा रहेका विकासका ठुला पूर्वाधारहरूको महत्त्वलाई बुँदामा प्रस्तुत गर्नुहोस् । | १६ |

| | | | | |
|---|---|---|---|---|
| | -प्रस्तावित मदन भण्डारी रङ्गशाला<br>- मदनडाँगी-ताराबारी सडक<br>-दमक चक्रपथ | | | |
| २. स्रोत र सम्पदाहरू | २.१ दमक नगरपालिका भित्रका मूर्त सांस्कृतिक सम्पदाहरू :<br>-पशुपतिनाथ मन्दिर, दमक-६<br>- राधाकृष्ण मन्दिर, दमक-७<br>-सुन्नि मदिना मस्जिद, दमक-७<br>-.साङ्गेछोइलिङ बौद्धगुम्बा, दमक-९<br>- दोघरे ग्रामस्थान, दमक-३<br>-ज्योति चर्चमण्डली, दमक ५<br>-युमा माङ्हिम, दमक ५ | क) विद्यार्थीहरूलाई दमक नगरपालिकामा रहेका प्रमुख मूर्त सांस्कृतिक सम्पदाहरूको अवलोकनका लागि सम्पदा स्थलमा लैजाने ।<br>ख) अवलोकन गरिएका सांस्कृतिक सम्पदाहरूलाई दमक नगरपालिकाको नक्सामा सङ्केत गर्न शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>ग) अवलोकन गरिएका सांस्कृतिक सम्पदाहरूको छोटो चर्चा गरी मुख्य सांस्कृतिक महत्त्व टिपोट गरिदिने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको नक्सामा नगरपालिकाभित्र रहेका प्रमुख सांस्कृतिक सम्पदा स्थलहरूलाई नक्सामा सङ्केत गर्नुहोस् ।<br>ख) कुनै तीनवटा सांस्कृतिक सम्पदाहरूको महत्त्व लेख्नुहोस् । | ८ |
| | २.२ दमक नगरपालिकाको भित्रका प्राकृतिक सम्पदाहरू :<br>-बालुवा खानी<br>-ढुङ्गा खानी<br>-वनपैदावार | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका प्रमुख प्राकृतिक सम्पदाहरूको अवलोकनका लागि सम्पदा स्थलमा लैजाने ।<br>ख) अवलोकन गरिएका प्राकृतिक सम्पदाहरूलाई दमक नगरपालिकाको नक्सामा सङ्केत गर्न शिक्षकले आवश्यक सहजीकरण गर्ने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको नक्सामा नगरपालिकाभित्र रहेका प्रमुख प्राकृतिक सम्पदास्थलहरूलाई सङ्केत गर्नुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | -उब्जाउ जमिन<br>-वनक्षेत्र । | ग) अवलोकन गरिएका प्राकृतिक सम्पदाहरूको उपयोगिताबारे छोटो चर्चा गर्ने । | ख) दमक नगरपालिका भित्रका कुनै तीनवटा प्राकृतिक सम्पदाहरूको उपयोगिता लेख्नुहोस् । | |
| ३. संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने निम्न समुदायका मौलिक संस्कार :<br>-धिमाल<br>-लिम्बू<br>-मुस्लिम<br>-किरात<br>-ब्राह्मण/क्षत्री<br>-सिल्पी<br>-सन्यासी<br>-नेवार । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न जातिगत समुदायमा प्रचलनमा रहेका मौलिक एवम् परम्परागत संस्कारहरूको अवलोकनका लागि विभिन्न समुदायका सांस्कृतिक समारोहमा सहभागी गराउने ।<br>ख) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न जातिगत समुदायमा प्रचलित मौलिक संस्कार झल्काउने विभिन्न चित्र, भिडियो तथा डकुमेन्ट्रीहरूको प्रदर्शन गरी अवधारणा विकास गर्ने ।<br>ग) अवलोकन गरिएका जातिगत संस्कारहरूको विशेषताबारे छोटो चर्चा गर्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र बसोवास गर्ने धिमाल समुदायको जन्मसंस्कारसँग सम्बन्धित कुनै तीनवटा विशेषता लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र बसोवास गर्ने लिम्बू समुदायको मृत्युसंस्कारसँग सम्बन्धित कुनै तीनवटा विशषेता लेख्नुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र बसोवास गर्ने नेवार समुदायको विवाहसंस्कारसँग सम्बन्धित कुनै तीनवटा क्रियाकलाप बताउनुहोस् ।<br>घ) दमक नगरपालिकाभित्र बसोवास गर्ने ब्राह्मण/क्षत्री समुदायको चूडाकर्मका कुनै तीनवटा विशेषता लेख्नुहोस् । | ९ |
| | ३.२ आफ्नो परिवार एवम् समुदायमा सहयोग र सम्मान । | क) विद्यार्थीलाई आफ्नो परिवार र समुदायमा कसरी सहयोग गर्न सकिन्छ भनी कक्षामा छलफल गर्न लगाउने ।<br>ख) आफ्नो परिवार र समुदायमा अग्रज व्यक्ति तथा मान्यजनप्रति गरिने सम्मानपूर्ण व्यवहारको अभिनय गरी प्रदर्शन गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो परिवार र समुदायमा अन्य व्यक्तिलाई कसरी सहयोग गर्न सकिन्छ ? लेख्नुहोस् ।<br>ख) आफ्नो परिवार र समुदायमा अग्रज व्यक्ति तथा मान्यजनप्रति कसरी सम्मान | ७ |

| | | | | |
|---|---|---|---|---|
| | | ग) मान्यजनप्रति गरिने आदरसम्मानको बारेमा विद्यार्थीसँग छलफल गरी शिष्ट व्यवहारका तरिका बताउने । | प्रकट गर्न सकिन्छ, कुनै तीन बुँदामा उल्लेख गर्नुहोस् । | |
| ४. व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ४.१ दमक नगरपालिकामा बसोवास गर्ने विशिष्ट व्यक्तित्वहरूको नाम :<br>क) ..... .... ....<br>ख).................<br>ग).................<br>घ)................. | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र बसोवास गर्ने विशिष्ट व्यक्तित्वहरूसँग भेटघाट गराउने र उनीहरूका नाम, अनुभव, विचार र गरेका कामहरूको बारेमा सुन्ने र बुझ्ने अवसर प्रदान गर्ने ।<br>ख) शिक्षकले कक्षामा दमक नगरका विशिष्ट व्यक्तिहरूको तस्बिर तथा जीवन वृत्तान्त (वृत्तचित्र) प्रदर्शन गर्ने ।<br>ग) विशिष्ट व्यक्तिहरूले गरेका योगदानको बारेमा टिपोट गर्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्रका कुनै पाँचजना विशिष्ट व्यक्तिहरूको नाम लेख्नुहोस् ।<br>ख) कुनै दुई विशिष्ट व्यक्तिहरूले गरेका योगदानहरू लेख्नुहोस् । | ८ |
| | ४.२ दमक नगरपालिकामा बसोवास गर्ने विशिष्ट प्रतिभाको नाम र क्षेत्र :<br>-साहित्य<br>-कला<br>-खेलकुद । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र बसोवास गर्ने विशिष्ट प्रतिभाहरूसँग भेटघाट गराउने र उनीहरूका नाम, अनुभव, विचार तथा कामहरूको बारेमा सुन्ने र बुझ्ने अवसर प्रदान गर्ने ।<br>ख) शिक्षकले कक्षामा दमक नगरका विशिष्ट प्रतिभाहरूको तस्बिर तथा जीवन वृत्तान्त (वृत्तचित्र) प्रदर्शन गर्ने ।<br>ग) विशिष्ट प्रतिभाले गरेका महत्त्वपूर्ण कामको चर्चा गर्ने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्रका कुनै तीनजना विशिष्ट प्रतिभाहरूको नाम र क्षेत्र उल्लेख गर्नुहोस् ।<br>ख) कुनै दुई जना विशिष्ट प्रतिभाहरूले गरेका महत्त्वपूर्ण कामहरू लेख्नुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| ५.वातावरण र जैविक विविधता | ५.१ दमक नगरपालिकाभित्रको वातावरणको स्वच्छता कायमराख्न नगरपालिकाबाट भएका प्रयासहरू :<br>-वनक्षेत्रको संरक्षण<br>-हरियाली प्रवर्धन<br>-फोहरमैला व्यवस्थापन<br>-नदी, ताल, पोखरी, सिमसारको संरक्षण<br>-सार्वजनिक एवम् खुल्ला क्षेत्रको संरक्षण । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्रका खुल्ला चौर, नजिकको वनक्षेत्र, वृक्षरोपण भएको क्षेत्र, सार्वजनिक पार्क, सार्वजनिक स्थान, सडक, चोक, नदी, नदीकिनार, ताल, पोखरी, सिमसार, औद्योगिक क्षेत्र आदि स्थानको अवलोकनका लागि लैजाने ।<br>ख) अवलोकन गरिएका स्थानहरूको वातावरणको अवस्था, वातावरण संरक्षणका लागि नगरपालिकाबाट गरिएका प्रयासहरू र सरसफाइको अवस्थाबारे जानकारी दिने ।<br>ग) विद्यार्थीहरूसँग छलफल गरी दमक नगरपालिकाको वातावरण संरक्षण गर्न र नगरलाई स्वच्छ तथा हरियाली राख्न नगरपालिकाबाट भएका प्रयासहरूको सूची बनाउन शिक्षकले सहजीकरण गर्ने । | - निम्न क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको वातावरण संरक्षण गर्न नगरपालिकाले गरेका प्रयासहरू लेख्नुहोस् ।<br>ख) नगरलाई स्वच्छ बनाउन दमक नगरपालिकाबाट भएका प्रयासहरूको सूची तयार गर्नुहोस् । | ७ |
| | ५.२ मानवीय क्रियाकलाप र सहरीकरणबाट दमक नगरपालिकाको वातावरणमा परेको प्रभाव :<br>-वावारण प्रदूषण<br>-वनविनाश<br>-जलस्रोत र जलाधार क्षेत्रको सङ्कुचन<br>-जैविक विविधताको विनाश | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्रका सहरी क्षेत्र, खुल्ला चौर, नजिकको वनक्षेत्र वृक्षरोपण भएको क्षेत्र, सार्वजनिक पार्क, सार्वजनिक स्थान, सडक, चोक, नदी, नदीकिनार, ताल, पोखरी, सिमसार, औद्योगिक क्षेत्र आदि स्थानको अवलोकनका लागि लैजाने ।<br>ख) अवलोकनका आधारमा दमक नगरपालिकामा भएको सहरीकरण र मानवीय क्रियाकलापका कारण वातावरणको क्षेत्रमा देखिएका नकारात्मक असरहरूको सङ्कलित विवरण कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गर्ने । | क) सहरीकरण र मानवीय क्रियाकलापका कारण दमक नगरपालिकाको वातावरणमा परेको नकारात्मक प्रभावको सूची बनाउनुहोस् । | ७ |

| | | | | |
|---|---|---|---|---|
| | -माटोको उत्पादकत्वमा कमी । | | | |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ आफ्नो समुदायमा अपनाइने पेसा र व्यवसायहरूको वर्गीकरण । | क) आफ्नो समुदायमा के-के पेसा गरिन्छ भनी छलफल गर्ने ।<br>ख) आफ्नो समुदायमा केकस्ता व्यवसाय गरिन्छ भनी छलफल गर्ने ।<br>ग) समुदायमा भएका पेसा र व्यवसायको उदाहरणसहित भिन्नता प्रस्ट पारिदिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) व्यवसाय भनेको के हो ?<br>ख) पेसा भनेको के हो ?<br>ग) आफ्नो समुदायमा भएका कुनै पाँचवटा पेसाका नाम लेख्नुहोस् ।<br>घ) आफ्नो समुदायमा भएका कुनै पाँचवटा व्यवसायको नाम लेख्नुहोस् ।<br>ङ) व्यवसाय र पेसाबिच फरक छुट्याउनुहोस् । | ४ |
| | ६.२ आफ्नो समुदायमा सञ्चालित उद्योग/ कलकारखानाहरू : नाम र उपयोगिता । | क) आफ्नो समुदायमा के-कस्ता उद्योग/कारखाना छन् भनी छलफल गर्ने ।<br>ख) आफ्नो समुदायमा सञ्चालित उद्योग तथा कारखानाको फोटो देखाएर सम्बन्धित उद्योगको नाम बताउन लगाउने ।<br>ख) विद्यार्थीलाई ४-५ जनाका समूहमा बाँडेर प्रत्येक समूहलाई एउटा उद्योग छानी तिनका नाम र काम लेख्न लगाउने ।<br>ग. उद्योगले समुदायलाई पुऱ्याएका दुईवटा फाइदा लेख्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो समुदायमा भएका उद्योग तथा कारखानाहरूको नाम लेख्नुहोस् ।<br>ख) आफ्नो समुदायमा भएको उद्योगले तपाईंको परिवारलाई कस्तो फाइदा पुऱ्याएको छ ?<br>ग) आफ्नो समुदायमा भएका कुनै दुईवटा उद्योगका २-२ वटा फाइदा लेख्नुहोस् । | ४ |
| | ६.३ उद्यमशीलता : अर्थ र महत्त्व । | क) मान्छे के गरेर उद्यमी हुन्छ ? उसले कस्ता सिपहरू प्रयोग गर्दछ ? भन्ने विषयमा छलफल गर्ने ।<br>ख) उद्यमशीलताको अर्थ बुझाउने एउटा मेटाकार्ड प्रस्तुत गर्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) उद्यमशीलताको भनेको के हो, लेख्नुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | | ग) उद्यमशीलताबाट हुने फाइदाहरूको बारेमा छलफल गर्न लगाउने । | ख) उद्यमशीलताको महत्त्वको बारेमा चारवटा बुँदा लेख्नुहोस् । | |
| | ६.४ आधारभूत घरायसी सिपहरू । | क) विद्यार्थीलाई आफूले घरमा गर्ने घरायसी कामको बारेमा छलफल गराउने ।<br><br>ख) आधारभूत घरायसी सिपहरू टिपोट गरिदिने । | क) तपाईँले घरमा बुबाआमालाई के के काममा सहयोग गर्नुभएको छ ? | १ |
| | ६.५ सुरक्षासम्बन्धी सावधानी :<br>आगो तथा धारिलो वस्तुबाट बच्ने । | क) विद्यार्थीलाई धारिलो हतियार, तातो पानी, आगो, बिजुली उपकरण आदिका चित्र हेरेर जोखिम पहिचान गर्न लगाउने ।<br>ख) समूह विभाजन गरी हरेक समूहलाई चार्टपेपरमा एउटा घरको चित्र बनाएर सुरक्षित र जोखिमपूर्ण व्यवहार चिन्न लगाउने । साथै सुरक्षित घरेलु सिपसम्बन्धी पोस्टर बनाई प्रस्तुत गर्न लगाउने ।<br>ग) घरायसी काममा सहयोग दिने र सहयोग लिने कार्यहरू प्रदर्शन गर्न लगाउने । | ख) घरेलु सुरक्षा झल्काउने पाँचवटा सावधानीहरू लेख्नुहोस् ।<br>ग) तपाईँले घरमा कस्ता काम गर्नुहुन्छ ?<br>घ) घरमा काम गर्दा कस्तो सावधानी अपनाउनुभएको छ ? | २ |
| ७. विपद् तथा विपद् व्यवस्थापन | ७.१ विपद्बाट बच्न गरिने पूर्वतयारी र आपत्कालीन योजनाको अवधारणा । | क) आ-आफूले अनुभव गरेका वा देखेका विपद्हरूको विषयमा विद्यार्थीहरूमाझ अनुभव साझा गर्न लगाउने ।<br>ख) आफ्नो घर तथा समुदायभित्र आइपर्नसक्ने विपद्हरूको सूचीकरण गरी विपद् प्रभावित क्षेत्रको भ्रमण गराउने र सो विपद्बाट बच्ने पूर्वतयारीका विषयमा विद्यार्थीका धारणाहरू आदानप्रदान गर्न लगाउने ।<br>ग) विपद्बाट बच्न अपनाइने आपत्कालीन योजनाबारे छलफल गरी निष्कर्षका बुँदाहरू टिपोट गरिदिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) विपद्को पूर्वतयारी भन्नाले के बुझिन्छ ?<br>ख) आपत्कालीन योजना भनेको के हो ? | **५** |

| | | | | |
|---|---|---|---|---|
| | ७.२ दमक नगरपालिकाभित्र सम्भावित प्राकृतिक विपद्हरूको जोखिम न्यूनीकरण । | क) विपद्को जोखिम न्यूनीकरणका लागि आवश्यक पर्ने प्रक्रिया, सामग्री र जनशक्तिको विषयमा छलफल गराई यससम्बन्धी धारणा विकास गराउने ।<br>ख) विपद्बाट बच्नका लागि आवश्यक उपायहरूबारे छलफल गरी बुँदा टिपोट गराउने । | क) दमक नगरपालिकामा सम्भावित प्राकृतिक विपद्हरूको जोखिम न्यूनीकरणका उपायहरू लेख्नुहोस् । | **५** |
| | ७.३ दमक नगरपालिकामा सम्भावित मानव सिर्जित विपद्को न्यूनीकरणका उपायहरू । | क) आफ्नो घर, समुदाय र स्थानीय तहभित्र मानवीय क्रियाकलापले उत्पन्न हुने विपद्हरूको न्यूनीकरणका उपायहरूबारे कक्षामा छलफल गराउँदै यसबारे स्पष्ट धारणा बनाउन सहयोग गर्ने ।<br>ख) मानवीय क्रियाकलापले उत्पन्न हुनसक्ने विपद्हरूको जोखिम न्यूनीकरण गर्न आवश्यक उपायहरूको तालिका निर्माण गर्न लगाउने ।<br>ग) विपद् न्यूनीकरणको पूर्वसजगता स्वरूप सचेत हुनुपर्ने कार्यहरूबारे अध्ययन गराउने । | क) दमक नगरपालिकामा हुनसक्ने मानव सिर्जित विपद्को न्यूनीकरणका उपायहरू बताउनुहोस् । | **५** |

**कक्षा -५**

| **क्षेत्र** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **मूल्याङ्कन** | **पठचभार** |
|---|---|---|---|---|
| १.दमक नगरपालिकाको परिचय | १.१ दमक नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि<br>-स्थापना<br>-पुराना बस्तीहरू<br>-पुराना पूर्वाधारहरू<br>-पालिकाको विकासक्रम । | क) परियोजना कार्यको रूपमा विद्यार्थीहरूलाई आफ्नो परिवारका सदस्यहरू वा समुदायका अगुवा व्यक्तिसँग छलफल गरी दमक नगरपालिकाको स्थापना, दमकको विकासक्रम, पुराना पूर्वाधार, पुराना बस्तीहरू, उद्योग र व्यापारको बारेमा विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिका (तत्कालीन दमक गाउँ पञ्चायत) को स्थापना कहिले भएको थियो ? | १८ |

| | | | | |
|---|---|---|---|---|
| | | ख) विद्यार्थीले सङ्कलन गरेका टिपोटहरूको सम्पादन गर्न सहजीकरण गर्ने र बाँकी रहेका तथ्यहरूलाई ऐतिहासिक क्रमानुसार प्रस्तुत गर्ने । | ख) दमक नगरपालिकाभित्र रहेका पुराना बस्तीहरूको नाम र ठेगाना बताउनुहोस् ।<br>ग) दमक नगरपालिकाका पुराना पूर्वाधारहरूको नाम उल्लेख गर्नुहोस् ।<br>घ) दमक नगरपालिकाको विकासक्रमको चर्चा गर्नुहोस् । | |
| | १.२ दमकको नामकरणसम्बन्धी विभिन्न किम्बदन्तीहरू । | क) विद्यार्थीहरूलाई आफ्नो परिवारका सदस्यहरू वा समुदायका अगुवा व्यक्तिसँग छलफल गरी दमकको नामकरण सम्बन्धमा प्रचलित विभिन्न किम्बदन्तीहरूको बारेमा विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>ख) विद्यार्थीले सङ्कलन गरेका टिपोटहरूको सम्पादन गर्न सहजीकरण गर्ने र ऐतिहासिक तथ्यहरू एवम् उपलब्ध आलेखहरूका आधारमा थप किम्बदन्तीहरू प्रस्तुत गरी छलफल गर्ने । | क) दमकको नामकरणसम्बन्धी कुनै दुईवटा किम्बदन्तीहरू लेख्नुहोस् । | १४ |
| २.स्रोत र सम्पदाहरू | २.१ दमक नगरपालिकामा रहेका मूर्त सांस्कृतिक सम्पदाहरू :<br>-ऐतिहासिक पृष्ठभूमि<br>-स्थापना<br>-महत्त्व । | क) विद्यार्थीहरूलाई आफ्नो गाउँ, छिमेक र नगरमा भएका मूर्त सांकृतिक सम्पदाहरूको अवलोकन गराई ती सम्पदाहरूको ऐतिहासिक पृष्ठभूमि र महत्त्वका बारेमा जानकारी दिने ।<br>ख) दमक नगरपालिकाभित्र रहेका विभिन्न सांस्कृतिक सम्पदाहरूको चित्र, भिडियो वा वृत्तचित्र/डकुमेन्ट्री प्रदर्शन गर्ने ।<br>ग) दमक नगरपालिकाभित्र रहेका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूको छोटो परिचय र महत्त्वका बारेमा चर्चा गरी बुँदाहरू टिपोट गरिदिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका मुख्य मूर्त सांस्कृतिक सम्पदाहरूको सूची बनाउनुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र रहेका कुनै तीनवटा प्रमुख सांस्कृतिक सम्पदाहरूको छोटो परिचय दिनुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र रहेका कुनै चारवटा मुख्य सांस्कृतिक सम्पदाहरूको महत्त्वलाई सङ्क्षेपमा वर्णन गर्नुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | २.२ स्रोत र सम्पदाहरूको संरक्षणका लागि दमक नगरपालिकाले गरेका प्रयासहरू :<br>-स्रोत संरक्षणका प्रयासहरू<br>-सम्पदा संरक्षणका प्रयासहरू । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विविध स्रोत/सम्पदाहरूको अवलोकनका लागि क्षेत्र भ्रमणमा लैजाने ।<br>ख) अवलोकन गरिएका स्रोत/सम्पदाहरूको संरक्षणका लागि दमक नगरपालिकाबाट भएका प्रयासहरूको विवरण सङ्कलन गरी प्रस्तुत गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) स्रोतहरूको संरक्षणका लागि दमक नगरपालिकाबाट भएका प्रयासहरूको सूची तयार पार्नुहोस् ।<br>ख) दमक नगरपालिकाबाट सम्पदा संरक्षणका लागि भएका प्रयासहरू उल्लेख गर्नुहोस् । | ८ |
| ३. संस्कार र संस्कृति | ३.१ सांस्कृतिको संरक्षणका लागि दमक नगरपालिकाबाट भएका प्रयासहरू :<br>-सांस्कृतिक बाजाहरूको संरक्षण<br>-सांस्कृतिक पर्व र जात्राहरूको संरक्षण<br>-सांस्कृतिक भेषभूषाको संरक्षण<br>- मठमन्दिर, गुम्बा, मस्जिद, थानहरूको संरक्षण । | क) विद्यार्थीहरूलाई आफ्नो गाउँ, छिमेक र नगरमा भएका सांकृतिक सम्पदाहरूको अवलोकन गराई ती सम्पदाहरूका ऐतिहासिक पृष्ठभूमि र महत्त्वका बारेमा जानकारी हासिल गर्न उत्प्रेरित गर्ने ।<br>ख) दमक नगरभित्र रहेका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूको छोटो परिचय र महत्त्वको बारेमा चर्चा गरी बुँदाहरू टिपोट गरिदिने ।<br>ग) दमक नगरपालिकाभित्र रहेका विभिन्न सांस्कृति सम्पदाहरूको संरक्षणका लागि दमक नगरपालिकाले गरेका प्रयासहरूको सम्बन्धमा कक्षामा छलफल गर्ने ।<br>घ) दमक नगरपालिकाबाट संस्कृति संरक्षणका लागि गरेका प्रयासहरू उल्लिखित चार्ट प्रदर्शन गर्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) सांस्कृतिक सम्पदा संरक्षणका लागि दमक नगरपालिकाबाट भएका कुनै पाँचवटा प्रयासहरू लेख्नुहोस् ।<br>ख) सांस्कृतिक सम्पदा संरक्षणका लागि दमक नगरपालिकाबाट भएका प्रयासहरूबारे छोटो वर्णन गर्नुहोस् । | १० |
| | ३.२ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मूल्यमान्यता । | क) विद्यार्थीलाई आफ्नो समुदायका परम्परा र संस्कृति अनुसारका मूल्यमान्यताहरूको अनुसरण गरी ती मूल्यमान्यताको पालना गर्न उत्प्रेरित गर्ने ।<br>ख) विभिन्न समुदायका मूल्यमान्यता झल्काउने चित्र, भिडियो तथा वृत्तचित्र प्रदर्शन गर्ने । | क) तपाइँ आफ्नो समुदायमा प्रचलित मूल्यमान्यताहरूको कसरी पालना गर्नुहुन्छ ? कक्षामा अभिनय गरी देखाउनुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | ग) मूल्यमान्यताको पालना र सम्मानपूर्ण व्यवहारको मूल्याङ्कन गरी विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्ने । | | |
| ४. व्यक्ति, व्यक्तित्व सङ्घसंस्थाहरू | ४.१ दमक नगरपालिकामा रहेका सामाजिक व्यक्तिहरूको योगदान । | क) विद्यार्थीहरूलाई आफ्नो नगरपालिकाभित्र सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तिहरूसँग भेटघाट गराउने र उनीहरूको अनुभव, विचार र योगदानहरूको बारेमा सुन्ने र बुझ्ने अवसर प्रदान गर्ने ।<br>ख) सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तिहरूको तस्बिर तथा जीवन वृत्तान्त (वृत्तचित्र) प्रदर्शन गर्ने ।<br>ग) सामाजिक व्यक्तिहरूको नाम र तिनले गरेका योगदानको बारेमा चर्चा गरिदिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र सामाजिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूको नाम बताउनुहोस् ।<br>ख) दमक नगरपालिकामा बसोवास गरी नगरको विकास गर्न र पहिचान राख्न योगदान पुऱ्याउने कुनै दुईजना व्यक्तित्वको योगदानको चर्चा गर्नुहोस् । | ७ |
| | ४.२ दमक नगरपालिकाका विषयगत समितिको कार्यक्षेत्र :<br>-शिक्षा समिति<br>-सामाजिक समिति<br>-न्यायिक समिति<br>-वातावरण समिति । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाको विषयगत समितिको अवलोकनका लागि नगरपालिकामा लैजाने ।<br>ख) विषयगत समितिका संयोजक र समितिका सदस्यहरूसँग समितिले गर्ने प्रमुख कार्यको बारेमा छलफल गर्ने ।<br>ग) शिक्षकले विषयगत समितिका मुख्य कार्यको विवरणको सूची बनाई कक्षामा प्रस्तुत गर्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाका विषयगत समितिहरूको नाम उल्लेख गर्नुहोस् ।<br>ख) दमक नगरपालिकाका कुनै दुईवटा विषयगत समितिको कार्यक्षेत्रको सूची बनाउनुहोस् । | ९ |
| ५.वातावरण र जैविक विविधता | ५.१ दमक नगरपालिकाको वातावरण र जैविक विविधता संरक्षणका लागि चुनौतीहरू :<br>- मावा र रतुवा नदीबाट नदीजन्य पदार्थको अति उत्खनन हुनु<br>-दमकका लागि जलाधारको रूपमा रहेको | क) दमक नगरपालिकाको 'वातावरण र जैविक विविधता संरक्षणका लागि चुनौतीहरू' विषयमा स्पष्ट पार्दै विद्यार्थीहरूलाई यससम्बन्धी विवरण सङ्कलन गरी प्रस्तुत गर्न लगाउने ।<br>ख) दमक नगरपालिकाको वातावरण र जैविक विविधता संरक्षणका लागि चुनौतीहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्ने । | क) दमक नगरपालिकाको वातावरण र जैविक विविधता संरक्षणका लागि आइपर्ने चुनौतीहरू के के हुन् ? | ७ |

| | | | | |
|---|---|---|---|---|
| | चुरे क्षेत्रको वन विनाश हुनु ।<br>-पानीका परम्परागत स्रोतहरू सुक्दै जानु ।<br>-प्राकृतिक जलाधार क्षेत्रमा मानवीय क्रियाकलापको अतिक्रमण हुनु ।<br>-नदीनालाहरूको प्रवाहक्षेत्र घट्दै जानु ।<br>-पोखरी र सिमसारहरू सुक्दै जानु ।<br>-जैविक विविधताको विनाश हुँदै जानु ।<br>-भौतिक विकाससम्बन्धी कार्य गर्दा वातवरण र जैविक विविधता संरक्षणको पक्षलाई कम महत्त्व दिइनु ।<br>-व्यवस्थित सहरी विकास हुन नसक्नु ।<br>-फोहरमैलाको उचित व्यवस्थापन हुन नसक्नु । | | | |
| | ५.२ दमक नगरपालिकाको वातावरण स्वच्छ राख्न अपनाउनु पर्ने उपायहरू :<br>- वन संरक्षण | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्रको खुला चौर, नजिकको वन वा वृक्षरोपण भएको क्षेत्र, सार्वजनिक पार्क, सार्वजनिक स्थान, सडक, चोक, नदी, नदीकिनार, ताल, पोखरी, सिमसार, औद्योगिक क्षेत्र, सहरी विकास, सहरी बसोवासको अवस्था, फोहरमैला | क) दमक नगरपालिकाको वातावरण स्वच्छ राख्न अपनाउनु पर्ने उपायहरूको सूची बनाउनुहोस् । | ७ |

| | | | | |
|---|---|---|---|---|
| | - हरियाली प्रवर्धन<br>-जलाधारको संरक्षण<br>-जलस्रोत संरक्षण<br>-फोहरमैला व्यवस्थापन<br>-कृषिक्षेत्रमा रासायनिक मल र विषादीको प्रयोगमा न्यूनीकरण<br>-प्रदूषण नियन्त्रण । | व्यवस्थापनको अवस्था र स्थानको अवलोकनका लागि लैजाने ।<br>ख) अवलोकन गरिएका स्थानहरूको वातावरणको अवस्था, वातावरण संरक्षणका चुनौतीहरूबारे जानकारी दिने ।<br>ग) विद्यार्थीहरूलाई दमक नगरको वातावरण र जैविक विविधताको संरक्षण गर्न र नगरलाई स्वच्छ तथा हरियाली राख्ने उपायहरूको सम्बन्धमा बुँदागत रूपमा जानकारी गराउने । | | |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ दमक नगरपालिकामा प्रचलित पेसाहरू : नाम र वर्गीकरण । | क) विद्यार्थीहरूसँग पेसा भनेको के हो भन्ने बारेमा छलफल गर्ने ।<br>ख) फ्ल्यासकार्ड, चित्र वा स्लाइड सोमार्फत विभिन्न पेसाका व्यक्तिहरूको कामको बारेमा छोट्करीमा वर्णन गरिदिने ।<br>ग) पेसाहरूलाई वर्गीकरण गरिएको चार्ट प्रदर्शन गर्ने ।<br>घ) विद्यार्थीहरूलाई समूहमा विभाजन गरी एउटा पेसा चयन गर्न लगाउने र त्यो पेसाअनुसारको भूमिका निर्वाह गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दिइएको चित्रमा पेसाको नाम चिन्नुहोस् ?<br>ख) जोडा मिलाउनुहोस् :<br>पेसा वर्ग<br>शिक्षा उत्पादन<br>किसान व्यापार<br>विक्रेता सेवा<br>ग) खाली ठाउँ भर्नुहोस् :<br>-.... ले अन्न उत्पादन गर्छन् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकामा प्रचलित कुनै १० वटा पेसाहरूको नाम लेखी वर्गीकरण गर्नुहोस् । | ३ |

| | | | | |
|---|---|---|---|---|
| | ६.२ घरेलु उद्योगहरू : नाम, वर्गीकरण । | क) तपाईंको घर वा छिमेकमा कुन कुन घरेलु उद्योग चलेका छन् भनी चर्चा गर्ने ।<br>ख) फ्ल्यासकार्ड, चित्र वा भिडियोमार्फत दमक नगरका घरेलु उद्योगहरू देखाई नाम भन्न लगाउने ।<br>ग) कच्चा पदार्थ, उत्पादन प्रक्रिया र उत्पादित वस्तु आधारमा घरेलु उद्योगको वर्गीकरण गरिदिने ।<br>घ) विद्यार्थीहरूलाई स्थानीय घरेलु उद्योग चलाउने ठाउँ हेर्न लगी सम्बन्धित व्यक्तिसँग जिज्ञासा राख्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) घरेलु उद्योग भनेको के हो ?<br>ख) दमक नगरपालिकामा रहेका कुनै पाँचवटा घरेलु उद्योगहरूको नाम भन्नुहोस् ?<br>ग) जोडा मिलाउनुहोस् :<br>उद्योग कच्चा पदार्थ<br>माटाको भाँडा माटो<br>............... .........<br>घ) खाली ठाउँ भर्नुहोस् :<br>- .......उद्योगले बाँसबाट टोकरी बनाउँछ ।<br>ङ) दमक नगरमा पाइने १० वटा घरेलु उद्योगको सूची बनाई वर्गीकरण गर्नुहोस् । | ६ |
| | ६.३ आर्थिक क्रियाकलापहरू :<br>-नियमित बचत<br>-बैङ्क भौचर र चेक भर्न<br>-आम्दानी र खर्चको विवरण तयार पार्न<br>-बिजुली र पानीको बिल हेर्न । | क) तपाईंले खुत्रुकेमा पैसा जम्मा गर्नुभएको छ भनी प्रश्नोत्तर गर्दै बचतका बारेमा छोटो चर्चा गर्ने ।<br>ख) प्रत्येक विद्यार्थीलाई मासिक आम्दानीका आधारमा आफ्नो खर्चको सूची बनाउन लगाउने ।<br>ग) समूह विभाजन गरी आम्दानी, खर्च र बचतको नमुना बजेट तालिका बनाउन लगाउने ।<br>घ) बैङ्क भौचर र चेकको नमुना देखाई खाली ठाउँमा नाम, रकम, मिति र हस्ताक्षर भर्न सिकाउने ।<br>ङ) विद्यालय नजिकैको वित्तीय संस्थाको भ्रमण गराई बैङ्क कर्मचारीको सहयोगमा बचत खाता, भौचर, चेकको प्रयोगबारे जानकारी दिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) बचत किन आवश्यक छ ?<br>ख) चेकमा कुन कुन विवरण हुन्छ ?<br>ग) भौचर भर्दा कुन कुन विवरण आवश्यक हुन्छ ?<br>घ) नियमित बचत गर्ने बानीले के के फाइदा हुन्छ ?<br>ङ) बैङ्क भौचर र चेकको एक एकवटा नमुना भर्नुहोस् ।<br>च) तपाईंको घरको आम्दानी र खर्चको विवरण तयार पार्नुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | च) विद्यार्थीलाई घरबाट खानेपानी र बिजुलीको बिल ल्याउन लगाई खपत निकाल्ने तरिका र उठेको बिल रकम हेर्ने तरिका सिकाउने । | छ) तपाईंको घरमा खानेपानी र बिजुलीको बिल कति उठेको छ, बिल रकम र खपत लेख्नुहोस् ।<br>परियोजना कार्य :<br>तपाईंको आफ्नो आम्दानी र खर्चको एक महिनासम्मको विवरण प्रस्तुत गर्नुहोस् । | |
| | ६.४ घरपरिवारका आधारभूत घरेलु सिपहरू :<br>- सफाइ तथा सुरक्षा सावधानीहरू । | क) तपाईंले घरमा कस्ता काम गर्नुहुन्छ भनी छलफल गर्ने ।<br>ख) घरको सफाइको लागि तपाईं कुन कुन काम गर्नुहुन्छ भनी छलफल गर्ने ।<br>ग) सुरक्षासँग सम्बन्धित सिपको बारेमा नमुना देखाएर अभ्यास गर्न लगाउने ।<br>घ) विद्यार्थीहरूलाई समूह विभाजन गरी प्रत्येक समूहलाई घरेलु सुरक्षाका उपायहरूको चार्ट प्रस्तुत गर्न लगाउने ।<br>ङ) विद्यार्थीलाई आफूले दैनिक जीवनमा गरेका र आफूमा भएका घरेलु सिपहरूको सूची बनाउन लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) भान्सामा काम गर्दा के सावधानी अपनाउनु पर्छ ?<br>ख) आफूले जानेको सुरक्षासम्बन्धी कुनै एउटा सिप प्रदर्शन गर्नुहोस् ।<br>ग) जोडा मिलाउनुहोस् :<br>सिप सावधानी<br>झाडु लगाउने - फोहोर छनोट<br>घ) खाली ठाउँ भर्नुहोस् :<br>- बाथरूममा धारा ...... राख्नु हुँदैन ।<br>ङ) घरेलु सफाइसँग सम्बन्धित कुनै पाँचवटा आधारभूत सिपहरू लेख्नुहोस् ।<br>च) घरेलु सुरक्षासँग सम्बन्धित कुनै पाँचवटा आधारभूत सिपहरू लेख्नुहोस् ।<br>परियोजना कार्य :<br>क) आफूले घरमा गरेका सहयोगी कार्यहरू समेटी तीन दिनसम्मको एउटा दैनिकी लेख्नुहोस् । | ४ |
| ७. विपद् र विपद् व्यवस्थापन | ७.१ दमक नगरपालिकाका विपद्हरू व्यवस्थापनमा समुदायको | क) विपद् व्यवस्थापनको अवधारणा विद्यार्थीमाझ स्पष्ट पारिदिने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् : | ५ |

| | | | | |
|---|---|---|---|---|
| | भूमिका : तयारी, प्रतिक्रिया र पुनर्स्थापना । | ख) विपद् व्यवस्थापनमा पूर्वतयारीको अवधारणा स्पष्ट पारिदिने ।<br>ग) विपद् व्यवस्थापनमा सम्बन्धित पक्षको प्रतिक्रियाको अवधारणा स्पष्ट पारिदिने ।<br>घ) विपद् व्यवस्थापनमा पुनर्स्थापनाको अवधारणा स्पष्ट पारिदिने ।<br>ङ) विपद् व्यवस्थापनमा समुदायले के कार्य गर्न सक्दछ भन्ने विषयमा विद्यार्थीमाझ छलफल गरी विपद् व्यवस्थापनमा समुदायले गर्नसक्ने भूमिका स्पष्ट पारिदिने । | क) विपद् व्यवस्थापनअन्तर्गत कुन कुन पक्षहरू पर्दछन् ।<br>ख) विपद् व्यवस्थापनमा समुदायको भूमिका लेख्नुहोस् । | |
| | ७.२ दमक नगरपालिकाका विपद्हरू व्यवस्थापनमा सङ्घसंस्थाको भूमिका : तयारी, प्रतिक्रिया र पुनर्स्थापना । | क) विपद् व्यवस्थापनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपले संलग्न दमक नगरपालिकाभित्रका सङ्घसंस्थाहरूको परिचय गराउने ।<br>ख) विपद् व्यवस्थापनमा सङ्घसंस्थाले के कार्य गर्न सक्दछन् भन्ने विषयमा विद्यार्थीहरूमाझ छलफल गरी निष्कर्षका बुँदाहरू टिपोट गर्न लगाउने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) विपद् व्यवस्थापनमा कार्य गर्ने दमक नगरपालिकाका कुनै पाँच संस्थाको नाम लेख्नुहोस् ।<br>ख) विपद् व्यवस्थापनमा दमक नगरपालिका भित्रका सङ्घसंस्थाले खेल्ने भूमिकाको विषयमा छोटो वर्णन गर्नुहोस् । | ५ |
| | ७.३ विपद् व्यवस्थापनमा दमक नगरपालिकाको भूमिका : तयारी, प्रतिक्रिया र पुनर्स्थापना । | क) विपद् व्यवस्थापनमा काम गर्ने दमक नगरपालिका मातहत रहेका संयन्त्रहरूको परिचय गराउने ।<br>ख) दमक नगरपालिकाले विपद् व्यवस्थापनमा गर्न सक्ने कामका विषयमा विद्यार्थीहरूमाझ छलफल गराउँदै दमक नगरपालिका मातहतका आपत्कालीन सेवाहरूको बारेमा प्रस्ट पारिदिने ।<br>ग) विपद् व्यवस्थापनमा दमक नगरपालिकाको भूमिका स्पष्ट पार्ने । | - निम्न प्रश्न र क्रियाकलापको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकामा विपद् व्यवस्थापनका लागि कस्ता आन्तरिक संरचना निर्माण भएका छन् ? छोटो परिचय दिनुहोस् ।<br>ख) विपद् व्यवस्थापनमा दमक नगरपालिकाले कस्तो भूमिका खेल्न सक्छ ? | ५ |

## १४ . विषयवस्तुको विस्तृतीकरण र क्रियाकलाप :

### कक्षा ६-८

कक्षा ६

| विषयवस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|
| १. दमक नगरपालिकाको परिचय | १.१. विश्वको नक्सामा दमक नगरपालिकाको अवस्थिति :<br>- गोलार्ध<br>- अक्षांश<br>- देशान्तर<br>- समुद्र सतहबाट उचाइ । | क) विश्वको नक्सा र ग्लोब देखाई त्यसमा नेपालको अवस्थिति अवलोकन गर्न लगाउने ।<br>ख) नक्सामा नेपाल रहेको स्थानको गोलार्ध, अक्षांश र देशान्तर टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>ग) नेपालको नक्सामा दमकको अवस्थिति अवलोकन पश्चात् गोलार्ध, अक्षांश र देशान्तर टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>घ) समुद्र सतहबाट दमकको औसत उचाइ टिपोट गरिदिने । | निम्नलिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिका पृथ्वीको कुन गोलार्धमा पर्दछ ?<br>ख) दमक नगरपालिकाको अक्षांश र देशान्तर लेख्नुहोस् ।<br>ग) दमक नगरपालिका समुद्र सतहबाट औसत कति उचाइमा रहेको छ ? (मिटर र फिटमा) लेख्नुहोस् । | ६ |
| | १.२ भौगोलिक स्वरूप :<br>- स्थिति<br>- सिमाना<br>- क्षेत्रफल । | क) नेपालको राजनीतिक र प्राकृतिक नक्सा देखाई त्यसमा दमक नगरपालिकाको अवस्थिति पत्ता लगाउन विद्यार्थीहरूलाई सहजीकरण गरिदिने ।<br>ख) दमक नगरपालिकाको नक्सा देखाई यसको सहायताले दमक नगरपालिकाको वडागत सिमाना र क्षेत्रफलको सम्बन्धमा छलफल गर्न लगाउने र निष्कर्षका लागि शिक्षकले आवश्यक सहजीकरण गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको भौगोलिक सिमाना उल्लेख गर्नुहोस् ।<br>ख) दमक नगरपालिकाको क्षेत्रफल कति छ ? वर्ग किलोमिटरमा लेख्नुहोस् ।<br>ग) दमक नगरपालिकाका वडाहरूको क्षेत्रफल कति छ ? सूची बनाउनुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | १.३ पूर्वाधार र विकासको अवस्था :<br>- सडक<br>- सिँचाइ<br>- विद्युत् | क) विद्यार्थीहरूलाई दमक नगरक्षेत्रभित्र रहेका विकासका पूर्वाधारहरूको अवलोकन गर्न स्थलगत भ्रमणमा लैजाने र ती पूर्वाधारको अवस्थाको बारेमा छलफल गर्न लगाउने । .<br>ख) पूर्वाधार विकासको वर्तमान अवस्थाको सम्बन्धमा टिपोट लेख्न लगाउने र निष्कर्षका लागि शिक्षकले सहजीकरण गर्ने । | परियोजना कार्य :<br>क) दमक नगरपालिकमा भएका विकासका पूर्वाधारहरूको सूची बनाउनुहोस् र तालिकामा निम्न तथ्याङ्कहरू प्रविष्ट गर्नुहोस् ।<br>१. पक्की सडकको नाम र लम्बाइ<br>२. कच्ची सडकको नाम र लम्बाइ<br>३. सिँचाइ प्रणालीको नाम र सिँचाइ क्षमता<br>४. विद्युत् आपूर्तिको अवस्था | ८ |
| | १.४ दमक नगरपालिकाको जनसङ्ख्याको अवस्था :<br>- वडागत जनसङ्ख्या वितरण<br>- जनसङ्ख्या वृद्धिको प्रवृत्ति | क) विद्यार्थीहरूलाई दमक नगर प्रोफाइल स्टाटिस्टिकल इयरबुक वा अन्य स्रोत सामग्रीहरूको अध्ययन गरी दमक नगरपालिकाको जनसङ्ख्याको अवस्था टिपोट गर्न लगाउने ।<br>ख) जनसङ्ख्या तालिकाको सहयोगबाट विद्यार्थीहरूलाई दमक नगरका सबै वडाहरूको वर्तमान जनसङ्ख्या अवस्था र नगरको पछिल्लो जनगणनाअनुसार जनसङ्ख्या वृद्धिको प्रवृत्ति टिपोट गर्न लगाउने ।<br>ग) शिक्षकले स्तम्भचित्र वा रेखाचित्र एवं तालिका समेतको उपयोग गरी निष्कर्ष टिपोट गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) २०७८ सालको जनगणना अनुसार दमक नगरपालिकाको वडागत जनसङ्ख्या वितरण लेख्नुहोस् ।<br>ख) विगतका जनगणनाहरूको आधारमा दमक नगरपालिकाको जनसङ्ख्या वृद्धिको प्रवृत्ति उल्लेख गर्नुहोस् । | ९ |

| | | | | |
|---|---|---|---|---|
| २. स्रोत र सम्पदा | २.१ दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरू : वर्गीकरण, उपयोगिता र संरक्षण । (जल, जमिन, वन खानी) | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको अवलोकन गराउने ।<br>ख) प्राकृतिक स्रोतहरूको वर्गीकरण गर्न शिक्षकले सहजीकरण गर्ने<br>ग) स्रोतहरूको उपयोगिता सम्बन्धमा छलफल गर्ने र उपयोगिताहरूको सूची तयार गर्न लगाउने ।<br>घ) प्राकृतिक स्रोतहरूको संरक्षण र नवीकरणका उपायहरूको सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्ने ।<br>ङ) शिक्षकले आवश्यक सहजीकरण गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङकन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका मुख्य प्राकृतिक स्रोतहरूको नाम लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र रहेका मुख्य प्राकृतिक स्रोतको उपयोगिता उल्लेख गर्नुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र रहेका मुख्य प्राकृतिक स्रोतहरूको संरक्षणका उपाय लेख्नुहोस् ।<br>घ) दमक नगरपालिकाभित्र रहेका मुख्य प्राकृतिक स्रोतको नवीकरणका उपायहरू लेख्नुहोस् । | ९ |
| | २.२ दमक नगरपालिका क्षेत्रभित्र रहेका सांस्कृतिक सम्पदाहरूको चिनारी र संरक्षण :<br>- मन्दिर<br>- गुम्बा<br>- ग्रामथान<br>- मस्जिद<br>- मेला र जात्रा<br>- माङ्हिम<br>- साकेला थान<br>- माङ्खिम । | क) नगरभित्रका मुख्य सांस्कृतिक सम्पदा स्थलको अवलोकन गराई सांस्कृतिक सम्पदाहरूको सूची तयार गर्न लगाउने ।<br>ख) सम्पदा संरक्षणका उपायहरूका बारेमा छलफल गर्ने ।<br>ग) शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>घ) शिक्षकले सम्पदा संरक्षणको महत्त्वलाई बुँदागत रूपमा प्रस्ट पार्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका मुख्य सांस्कृतिक सम्पदाहरूको सूची तयार पार्नुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षणका उपायहरू लेख्नुहोस् ।<br>ग) दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदा संरक्षणको महत्त्व उल्लेख गर्नुहोस् । | ९ |
| ३. संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका | क) विद्यार्थीहरूलाई आफूले मनाउने चाडपर्वको नाम र मनाउने तरिका पालैपालो भन्न लगाउने | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् : | ११ |

| | | | | |
|---|---|---|---|---|
| | - चाडपर्वहरू<br>- रैथाने बाजाहरू<br>- मौलिक खानपिन र रहनसहन संरक्षणका उपायहरू । | ख) चित्र, भिडियो आदिको सहायताबाट दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायमा मनाइने चाडपर्वहरूको नाम, समय, मुख्य विशेषता र क्रियाकलापहरूको सम्बन्धमा छलफल गराउने ।<br>ग) विभिन्न समुदायमा मनाइने चाडपर्वहरूमा पकाइने मुख्य खानेकुराको तालिका तयार गर्न शिक्षकले सहजीकरण गर्ने ।<br>घ) चित्र, भिडियो आदिको सहायताले दमक नगरपालिकभित्र बसोवास गर्ने विभिन्न समुदायमा प्रचलित सांस्कृतिक बाजाहरूको नाम विशेषता र सांस्कृतिक महत्त्व र संरक्षणका उपायहरूको सूची बनाउन विद्यार्थीलाई सहजीकरण गर्ने । | क) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायमा मनाइने मुख्य चाडपर्वहरूको सूची बनाउनुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मुख्य चाडपर्वहरूमा पकाइने मुख्य परिकारको नाम उल्लेख गर्नुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायमा प्रचलनमा रहेका मौलिक बाजाहरूको विवरण सङ्कलन गरी तालिकामा प्रस्तुत गर्नुहोस् । | |
| ४. व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ४.१ दमक नगरपालिकाभित्र रहेका व्यक्तित्वहरूको चिनारी र सम्मान (व्यक्तित्वको योगदान क्षेत्र)<br>- शिक्षा<br>- स्वास्थ्य<br>- साहित्य<br>- संस्कृति । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका शिक्षा, स्वास्थ्य, साहित्य र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याउनुहुने व्यक्तित्वहरूसँग भेटघाट अन्तर्क्रिया गराउने ।<br>ख) चित्र, वृत्तचित्र र जीवनी सङ्कलन गरी विभिन्न व्यक्तित्वहरूको परिचय र योगदान बताउने ।<br>ग) विद्यार्थीहरूलाई विविध विधाका व्यक्तित्वहरूको फोटो, चित्र सङ्कलन गर्न लगाई उनीहरूको योगदानसमेत उल्लेख भएको चार्ट बनाउन लगाउने ।<br>. | क) दमक नगरपालिकाभित्र विभिन्न विधामा योगदान पुऱ्याउने व्यक्तित्वहरूको नाम र योगदानको क्षेत्र समेटिएको चार्ट बनाउनुहोस् । | १० |
| ५. वातावरण र जैविक विविधता | ५.१ दमक नगरपालिकाको प्राकृतिक वातावरण :<br>- हावापानी<br>- जमिन<br>- सिमसार क्षेत्र<br>- तालतलैया<br>- नदीनाला । | क) विद्यार्थीहरूलाई आफ्नो वरपरको प्राकृतिक वातावरणको अवलोकनका लागि लैजाने ।<br>ख) दमक नगरपालिकाभित्र रहेको वातावरणीय अवस्था सम्बन्धमा छलफल गराउने ।<br>ग) वातावरणमा रहेको विशेषतालाई प्रस्ट पार्न शिक्षकले सहजीकरण गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका प्रमुख नदीहरूको नाम लेख्नुहोस् ।<br>ख) दमकको हावापानीका मुख्य विशेषताहरू उल्लेख गर्नुहोस् । | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | घ) विद्यार्थीहरूलाई आफ्नो वरपरको प्राकृतिक वातावरणको अवलोकनका लागि लैजाने । | | |
| | ५.२ दमक नगरपालिका भित्रको जैविक विविधता :<br>- वनस्पतिका प्रकार<br>- जीवजन्तुहरूका प्रकार । | क) वरपरको वातावरणमा पाइने जन्तु र वनस्पतिहरूको नमुना सङ्कलन गर्न लगाई त्यसको विशेषता पत्ता लगाउन शिक्षकले सहजीकरण गर्ने ।<br>ख) दमक नगरपालिका भित्रको जैविक विविधताको विवरण शिक्षकले कक्षामा प्रस्तुत गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईँ रहेको समुदायमा पाइने मुख्य वनस्पतिहरूको नाम लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र पाइने मुख्य जनावरहरूको नाम लेख्नुहोस् । | ५ |
| | ५.३ दमक नगरपालिका भित्र पाइने जडीबुटीहरू :<br>- तुलसी<br>- निम<br>- बोझो<br>- तितेपाती<br>- हर्रो,<br>- बर्रो<br>- अमला (कुनै ५ वटा) । | क) विद्यार्थीहरूलाई आफनो वरपर पाइने औषधिजन्य बोटबिरुवाहरू छनौट गरी नमुना सङ्कलन गर्न लगाउने ।<br>ख) विद्यार्थीले सङ्कलन गरेका नमुना औषधिजन्य बोटबिरुवाहरूको औषधीय गुण र तिनीहरूको महत्त्व दर्साउने चार्ट शिक्षकले प्रस्तुत गरिदिने । | परियोजना कार्यः<br>क) तपाईंको समुदाय र परिवारमा प्रयोग हुने औषधिजन्य बोटबिरुवाहरूको नमुना सङ्कलन गरी तिनीहरूको नाम र औषधीय उपयोग क्षेत्रको चार्ट बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । | ६ |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ पेसा वा वृत्तिको परिचय र छनौट गर्ने तरिकाहरू :<br>- रुचि र खुबी<br>- पेसा र वृत्ति<br>- सिप । | क) विद्यार्थीहरूलाई रुचि र खुबीको बारेमा छलफल गराउने ।<br>ख) पेसा र वृत्तिको बारेमा विभिन्न उदाहरणहरू दिएर परिचय गराउने ।<br>ग) विद्यार्थीहरूलाई सबैभन्दा पहिला आफ्नो रुचि र खुबी केमा छ आफूले अँगाल्ने पेसाप्रति आफ्नो विश्वास कस्तो छ भन्ने कुरा बुझ्न जरुरी हुन जान्छ भन्ने कुरा छलफल गराएर आफूलाई मन लागेको कामबारे विभिन्न प्रकारका प्रश्नहरू गर्ने र फारम भराएर छलफल गराई अँगाल्ने पेसाको बारेमा आँकलन गर्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो रुचि र खुबी भनेको के हो ?<br>ख) आफ्नो रुचि र खुबी केमा छ ? कसरी पत्ता लगाइन्छ ?<br>ग) पेसाको छनौट गर्ने तरिकाहरू बताऊ ।<br>परियोजना कार्य :<br>क) आफ्नो परिवारका सदस्यहरूको रुचि र खुबी केमा छ ? फारम भराई पत्ता लगाएर प्रस्तुत गर्ने । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | घ) आफ्नो रुचि र खुबी केमा छ ? पत्ता लगाएर व्यावसाय छनौट कसरी गरिन्छ भन्ने तरिकाबारे उदाहरणसहित बताउने ।<br>ङ) घर तथा विद्यालय सफाइ तथा सजावट गर्ने सिपको बारेमा छलफल गराई प्रयोगात्मक कार्य लगाउने । | | |
| | ६.२ व्यापार र व्यवसाय :<br>- व्यापार<br>- व्यवसाय<br>- मुख्य व्यापारिक क्षेत्रहरू । | क) व्यापार र व्यवसायको परिचय दिँदै आफ्नो वरपर भएका पसल र व्यावसायिक कार्यहरू कसरी सञ्चालन गरिएका छन् भन्नेबारे उदाहरणसहित बताउने ।<br>ख) दमकको विकास र समृद्धिका लागि व्यापार र व्यवसायको महत्त्वबारे छलफल गराउने ।<br>ग) दमकका मुख्य व्यापारिक क्षेत्रहरू :<br>फर्निचर - फर्निचर लाइन<br>गरगहना - मुख्य बजार<br>औषधी - दमक चोकबजार<br>तरकारी र फलफूल - सब्जीमन्डी<br>पर्यटन - भ्युटावर, इन्द्रेणी ताल, झोलुङ्गे पुलहरू, पार्कहरू आदिको बारेमा जानकारी दिँदै छलफल गराउने ।<br>घ) व्यापारिक क्षेत्रहरूको अवलोकन भ्रमण गराई त्यसको फाइदा तथा महत्त्व र सिपहरूबारे छलफल गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) व्यापार र व्यवसायको महत्त्वहरू र फाइदाहरूको बारेमा बताउनुहोस् ।<br>परियोजना कार्य :<br>क) दमकमा भएका विभिन्न व्यावसायिक क्षेत्रहरूको सूची तयार गरी व्यवसायको बारेमा उल्लेख गर्नुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | ६.३ उद्योग :<br>- साना तथा घरेलु उद्योग<br>- वित्तीय संस्थाहरू<br>- सहकारी संस्थाहरू । | क) साना तथा घरेलु उद्योगहरूको परिचय दिँदै तिनीहरूबाट उत्पादन हुने सामग्रीको बारेमा सामान्य जानकारी दिने ।<br>ख) दमक नगरपालिकामा रहेका साना तथा घरेलु उद्योगहरूको अवलोकन भ्रमण गराई ती उद्योगका नाम र ठेगाना टिपोट गर्न लगाउने ।<br>ग) विद्यालय नजिकैको कुनै एक घरेलु उद्योगबाट उत्पादन हुने वस्तुहरूको नाम टिपोट गर्न लगाउने ।<br>ग) आफ्नो घरवरपर भएका वित्तीय संस्थाहरूको परिचय दिँदै तिनीहरूबाट प्राप्त गर्न सकिने सेवाहरूको बारेमा छलफल गराउने ।<br>घ) आफ्नो वरपर भएका सहकारी संस्थाहरूको परिचय दिँदै तिनीहरूबाट प्राप्त गर्न सकिने सेवाहरूको बारेमा छलफल गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) घरेलु उद्योग भनेको के हो ?<br>ख) दमक नगरपालिकामा भएका कुनै पाँचवटा घरेलु उद्योगको नाम र ठेगाना लेख्नुहोस् ।<br>ग) दमकमा रहेका कुनै पाँचवटा वित्तीय संस्थाहरूको नाम र त्यसबाट पाइने सेवाको नाम लेख्नुहोस् ।<br>घ) दमक नगरपालिकामा भएका कुनै पाँचवटा सहकारीको नाम र ठेगाना लेख्नुहोस् ।<br>ङ) सहकारी संस्थाबाट पाउन सकिने कुनै पाँचवटा सेवाहरू उल्लेख गर्नुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकामा भएको कुनै एक घरेलु उद्योगको नाम, ठेगाना र त्यसबाट प्राप्त हुने सेवाको विवरण प्रस्तुत गर्नुहोस् । | ६ |
| | ६.४ सिप :<br>- बिजुलीको करेन्ट जाँच<br>- पेच खोल्ने र कस्ने<br>- किला ठोक्ने<br>- निवेदन लेखन<br>- सामानको सजावट । | क) बिजुलीको करेन्ट जाँच, पेच खोल्ने र कस्ने, किला ठोक्ने, घरायसी काममा सहयोग, समानको सजावट, निवेदन लेखन जस्ता व्यावहारिक सिप हासिल गर्न विद्यार्थीहरूलाई अभ्यास गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) बिजुलीको करेन्ट जाँच गर्दा अपनाउनु पर्ने सावधानीहरू लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकाका नगर प्रमुखलाई सम्बोधन गरी एउटा निवेदनको ढाँचा तयार पार्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| ७. विपद् तथा विपद् व्यवस्थापन | ७.१ दमक नगरपालिका क्षेत्रमा हुनसक्ने प्राकृतिक विपद् ।<br>- आगलागी,<br>- बाढी<br>- हावाहुरी<br>- चट्याङ<br>- नदीकटान तथा डुबान<br>- डढेलो<br>- जङ्गली हात्तीबाट हुने क्षति । | क) दमक क्षेत्रको अवलोकन भ्रमण गराई यस क्षेत्रमा हुनसक्ने प्राकृतिक विपद्हरूबारे परिचित गराउने ।<br>ख) पोस्टर तथा श्रव्यदृश्य सामग्रीहरूको प्रस्तुति गर्दै दमक नगरपालिकाभित्र हुनसक्ने प्राकृतिक विपद्बारे छलफल गराउने ।<br>ग) दमक नगरपालिकाभित्र हुनसक्ने सम्भावित प्राकृतिक विपदहरूको भौगोलिक क्षेत्र अनुसारको सूची तयार गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक क्षेत्रमा आइपर्न सक्ने प्राकृतिक विपद्हरू के के हुन् ? छोटकरीमा बताउनुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र हुनसक्ने सम्भावित प्राकृतिक विपद्हरूको भौगोलिक क्षेत्र अनुसारको सूची तयार गर्नुहोस् । | ६ |
| | ७.२. दमक नगरपालिका क्षेत्रमा घट्नसक्ने मानवसिर्जित विपद्हरू :<br>- विद्युत् सर्ट<br>- ग्यास सिलिन्डरका कारण हुनसक्ने आगलागी,<br>- उद्योग कारखाना र उपकरणहरूबाट हुनसक्ने दुर्घटना,<br>- सडक दुर्घटना । | क) पोस्टर तथा श्रव्यदृश्य सामग्रीहरू प्रस्तुत गर्दै दमक नगरपालिका क्षेत्रभित्र हुनसक्ने मानवसिर्जित विपद्हरूबारे छलफल गराउने ।<br>ख) दमक नगरपालिका क्षेत्रभित्र हुनसक्ने मानवसिर्जित विपदहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र हुनसक्ने सम्भावित मानवसिर्जित विपद्हरूको सूची तयार गर्नुहोस् ।<br>ख) आफ्नो घरभित्र धनजनको क्षति गराउन सक्ने सम्भावित मानवसिर्जित विपद्हरू के के हुन् ? सूची तयार गर्नुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | ७.३ दमकमा विपद् सिर्जना गर्नसक्ने वन्यजन्तुहरू :<br>- जङ्गली हात्ती<br>- भुस्याहा कुकुर<br>- सर्पदंश । | क) वन्यजन्तुहरूका कारण हुनसक्ने क्षतिसम्बन्धी जानकारी विद्यार्थीहरूबाट सङ्कलन गरी टिपोट गर्ने ।<br>ख) दमक नगरमा वन्यजन्तुका कारण धनजनको क्षति हुनसक्ने क्षेत्रको पहिचान गर्न क्षेत्र भ्रमणको अवसर प्रदान गरी सिकाइलाई स्थायित्व प्रदान गर्ने ।<br>ग) दमक नगरपालिकाभित्र वन्यजन्तुका कारण आइपर्नसक्ने सम्भावित विपद्हरूबाट बचावटका उपायहरू पत्ता लगाउन सहयोग गर्दै विद्यार्थीहरूलाई समूहगत प्रस्तुति निर्माण गर्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र धनजनको क्षति गराउनसक्ने मुख्य वन्यजन्तुहरू के के हुन् ? लेख्नुहोस् ।<br>ख) जङ्गली हात्तीबाट हुनसक्ने धनजनको क्षतिबाट बच्न के कस्ता उपायहरू अपनाउन सकिन्छ ? आफ्नो धारणा लेख्नुहोस् ।<br>परियोजना कार्य<br>क) धनजनको क्षति गराउनसक्ने वन्यजन्तुहरूबाट बचावटका लागि गर्न सकिने कार्यहरू समावेश गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | ६ |

कक्षा ७

| विषय वस्तुको क्षेत्र | विषयवस्तु र तिनको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|
| १. दमक नगरपालिकाको परिचय | १.१ दमक नगरपालिकामा विकासका पूर्वाधारको अवस्था :<br>- सञ्चार<br>- शिक्षा<br>- स्वास्थ्य<br>- पर्यटन | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विकासका पूर्वाधारहरूको अवलोकन गर्न स्थलगत भ्रमणमा लैजाने र ती पूर्वाधारहरूको अवस्थाको बारेमा छलफल गरी टिपोट गर्न लगाउने ।<br>ख) अवलोकन गरिएका पूर्वाधारहरूको अवस्थाका बारेमा निष्कर्षमा पुग्न शिक्षकले सहजीकरण गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका सञ्चार सेवा प्रदायक कुनै तीनवटा संस्थाको नाम लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र रहेका कुनै पाँचवटा शैक्षिक संस्थाहरूको नाम र ठेगाना लेख्नुहोस् ।<br>ग) दमक अस्पतालले दिने मुख्य सेवाहरूको नाम लेख्नुहोस् ।<br>घ) दमक नगरपालिका भित्रका कुनै पाँचवटा पर्यटकीय स्थलहरूको नाम र ठेगाना लेख्नुहोस् । | ११ |

| | | | | |
|---|---|---|---|---|
| | १..२ दमक नगरपालिकाको जनसाङ्ख्यिक अवस्थाको विश्लेषण :<br>- जन्मदर<br>- मृत्युदर<br>- बसाइँ सराइको वर्तमान अवस्था । | क) विद्यार्थीहरूलाई दमक नगर प्रोफाइल र स्टाटिस्टिकल इयरबुक वा २०७८ को जनगणना अनुसारको जनसङ्ख्या तथ्याङ्कका आधारमा विद्यार्थीहरूलाई नगरको जनसङ्ख्या, जन्म, मृत्यु र बसाइँसराइको वर्तमान अवस्थाको अध्ययन गर्न लगाउने ।<br>ख) शिक्षकले आवश्यक तथ्याङ्कहरूलाई तालिकामा प्रदर्शन गर्दै तथ्यहरू टिपोट गरिदिने ।<br>ग) दमक नगरपालिकाको कोरा जन्मदर, कोरा मृत्युदर, भित्री र बाहिरी बसाइँसराइको दर गणना गर्ने तरिका बताउने र अभ्यास गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दिइएका तथ्याङ्कको आधारमा दमक नगरपालिकाको कोरा जन्मदर उल्लेख गर्नुहोस् ।<br>ख) दिइएका तथ्याङ्कको आधारमा दमक नगरपालिकाको कोरा मृत्युदर उल्लेख गर्नुहोस् ।<br>ग) दिइएका तथ्याङ्कको आधारमा दमक नगरपालिकामा भित्री र बाहिरी बसाइँसराइको दर उल्लेख गर्नुहोस् । | ८ |
| | १.३ दमक नगरपालिकाबाट प्रवाह हुने सेवाहरू :<br>- वडाबाट प्राप्त हुने सेवाहरू<br>- शाखाहरूको नाम र सेवाहरू । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाको कार्यालय र विद्यालय रहेको वडाको अध्ययनका लागि लैजाने ।<br>ख) वडाबाट प्राप्त हुने सेवाहरूको विवरण सङ्कलन गर्न लगाउने ।<br>ख) अध्ययन गरिएका शाखाहरूको नाम र तिनीहरूबाट प्राप्त हुने सेवाको बारेमा जानकारी गराउने ।<br>ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं विभिन्न शाखाहरूका प्रमुखसँग भेटघाट गराई ती शाखाबाट प्रवाह हुने सेवाको बारेमा जानकारी लिने ।<br>घ) विद्यार्थीहरूले टिपोट गरेका विषयवस्तुको सम्पादन गरी शिक्षकले कक्षामा सहजीकरण गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिका अन्तर्गतका शाखाहरूको सूची बनाउनुहोस् ।<br>ख) विद्यालय रहेको वडाबाट प्राप्त हुने कुनै पाँचवटा सेवाहरूको नाम लेख्नुहोस् ।<br>ग) दमक नगरपालिका अन्तर्गतका शाखा र शाखाहरूले दिने सेवाका नाम लेख्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| २. स्रोत र सम्पदा | २.१ दमक नगरपालिकामा रहेका प्राकृतिक स्रोतहरू :<br>- उपयोगिता<br>- संरक्षणका उपायहरू । | क) दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको नामावली तालिकामा प्रस्तुत गर्ने र स्रोतहरूको उपयोगिताहरूको सूची बनाउन लगाउने ।<br>ख) प्राकृतिक स्रोत संरक्षणका उपायहरूको सम्बन्धमा छलफल गरी निष्कर्ष टिपोट गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको कुनै पाँचवटा उपयोगिता उल्लेख गर्नुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतहरूको संरक्षणका कुनै पाँचवटा उपायहरूको सूची बनाउनुहोस् । | ६ |
| | २.२ दमक नगरपालिका रहेका सांस्कृतिक सम्पदाहरू :<br>- महत्त्व<br>- संरक्षणका उपायहरू । | क) विद्यार्थीहरूलाई दमक नगरपालिका भित्र रहेका सांस्कृतिक सम्पदा स्थलहरूको अवलोकन गर्न लैजाने ।<br>ख) अवलोकन गरिएका सम्पदाहरूको महत्त्व र संरक्षणका उपायहरू समेटी एउटा प्रतिवेदन लेख्न लगाउने ।<br>ग)दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको महत्त्व प्रस्तुत गर्दै सम्पदा संरक्षणका उपायहरूको सम्बन्धमा निष्कर्ष टिपोट गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरूको महत्त्व उल्लेख गरी छोटो प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।<br>ख) सांस्कृतिक सम्पदा जोगाउन चाल्नुपर्ने उपायहरूको चर्चा गर्नुहोस् । | ४ |
| | २.३ दमक नगरपालिका रहेका पुरातात्त्विक सम्पदाहरूको पहिचान । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका पुरातात्त्विक महत्त्वका स्थलको अवलोकन गराउने ।<br>ख) पुरातात्त्विक सम्पदाहरूको नाम, स्थापनाको मिति र संस्थापकको विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | क) दमक नगरपालिकाभित्र रहेका पुरातात्त्विक सम्पदाहरूको सूची बनाउनुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकामा रहेका पुरातात्त्विक सम्पदाहरूको विवरण सङ्कलन गरी छोटो प्रतिवेदन प्रस्तुत गर्नुहोस् । | ४ |
| ३. संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका भाषा, पहिरन, सांस्कृतिक मेलाहरूको महत्त्व । | क) विद्यार्थीहरूलाई आफ्नो परिवार र समुदायमा बोलिने भाषाको बारेमा छलफल गराउने ।<br>ख) शिक्षकले दमक नगरपालिकाभित्र रहेका विभिन्न समुदायमा बोलिने मुख्य भाषाहरूको नाम, विशेषता र महत्त्वको सूची प्रस्तुत गर्ने ।<br>घ) चित्र, भिडियो र वास्तविक वस्तुको सहायताबाट दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मानिसहरूको | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायमा बोलिने भाषाहरूको सूची बनाउनुहोस् । | ११ |

| | | | | |
|---|---|---|---|---|
| | | परम्परागत पहिरनहरूको नाम, महत्त्व र विशेषता झल्कने तालिका प्रस्तुत गर्ने ।<br>ङ) दमक नगरपालिकाभित्र विभिन्न समुदायमा मनाइने मेलाहरूको नाम, मेला लाग्ने स्थान र मेलाको सांस्कृतिक महत्त्व झल्किने तालिका बनाई कक्षामा छलफल गर्दै निष्कर्षका बुँदा टिपोट गरिदिने । | ख) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मानिसहरूले लगाउने परम्परागत पहिरनको नाम उल्लेख गर्नुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायले मनाउने सांस्कृतिक मेलाहरूको नाम, मेला लाग्ने स्थान र मेलाको सांस्कृतिक महत्त्व झल्किने तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । | |
| ४. व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ४.१ दमक नगरपालिकाभित्र रहेका विभिन्न विधामा योगदान पुऱ्याउने व्यक्तित्वहरूको चिनारी र सम्मान :<br>- समाजसेवा<br>- सार्वजनिक नेतृत्व । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका समाजसेवा र सार्वजनिक नेतृत्वको क्षेत्रमा योगदान पुऱ्याउनु हुने केही व्यक्तित्वहरूसँग भेटघाट, अन्तर्क्रिया गराउने ।<br>ख) चित्र, वृत्तचित्र र जीवनीको सहयोगले उक्त क्षेत्रका व्यक्तित्वहरूको परिचय र योगदानबारे बताउने ।<br>ग) विद्यार्थीहरूलाई उक्त विधाका व्यक्तित्वहरूको फोटो सङ्कलन गर्न लगाई उनीहरूको योगदानसमेत उल्लेख भएको चार्ट बनाउन लगाउने । | परियोजना कार्य :<br>क) दमक नगरपालिकाभित्र सामाजिक सेवा र सार्वजनिक नेतृत्वको क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूको नाम र योगदानको क्षेत्र समेटिएको चार्ट बनाई प्रस्तुत गर्नुहोस् । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | ४.२ नगरपालिकाभित्र रहेका सङ्घसंस्थाको पहिचान :<br>- ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठान<br>- अपाङ्गता पुनर्स्थापना केन्द्र<br>- शिक्षालयहरू<br>- वित्तीय संस्थाहरू<br>- फोहरमैला व्यस्थापन एकाइ<br>- दमक अपाङ सहयोग समिति । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र रहेका विभिन्न सङ्घसंस्थाहरूको स्थलगत अवलोकनका लागि लौजाने ।<br>ख) अवलोकन गरिएका संस्थाहरूको स्थापना, औचित्य र विशेषताहरू सङ्कलन गर्न लगाउने ।<br>ग) विद्यार्थीले सङ्कलन गरेका विवरणलाई छलफल गरी निष्कर्ष प्रस्तुत गरिदिने । | तलका प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>क) दमकमा ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठानको स्थापनाको औचित्य पुष्टि गर्नुहोस् ।<br>ख) दमक अपाङ्ग सहयोग समितिले खेल्न सक्ने सामाजिक भूमिका प्रस्तुत गर्नुहोस् ।<br>ग) दमक नगरपालिकामा रहेका कुनै दशवटा शैक्षिक संस्थाहरूको नाम र ठेगाना लेख्नुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकामा रहेका कुनै दशवटा वितीय संस्थाहरूको नाम र तिनीहरूले दिने सेवा टिपोट गरी प्रस्तुत गर्नुहोस् ।<br>ख) दमकमा रहेको फोहोरमैला व्यवस्थापन एकाइले दमकलाई सफा राख्न पुऱ्याएको योगदान समेटेर एउटा प्रतिवेदन तयार पार्नुहोस् । | ८ |

| | | | | |
|---|---|---|---|---|
| ५. वातावरण र जैविक विविधता | ५.१ दमक नगरपालिका क्षेत्रको वातावरण र जैविक विविधताको संरक्षणका उपायहरू :<br>- वृक्षरोपण<br>- वन संरक्षण<br>- पोखरी निर्माण<br>- जलस्रोत र जलाधारको संरक्षण<br>- वन्यजन्तुको संरक्षण<br>- विषादी र रासायनिक मलको प्रयोगलाई न्यूनीकरण । | क) विद्यार्थीहरूलाई आफ्नो वरपरको प्राकृतिक वातावरणको अवलोकनका लागि लैजाने ।<br>ख) स्थानीय वातावरणमा रहेका जैविक र अजैविक तत्वहरू र मानिसबिचको अन्तरसम्बन्धको बारेमा छलफल गरी निष्कर्षमा पुग्ने ।<br>ग) जैविक विविधता संरक्षणका उपायहरूबारे छलफलको आयोजना गरी विद्यार्थीहरूलाई सहभागी हुन लगाउने ।<br>घ) दमक नगरपालिकाको वातावरण एवं जैविक विविधता संरक्षणका उपायहरूको सूची बनाई प्रस्तुत गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिका भित्रको वातावरण संरक्षणका उपायहरू लेख्नुहोस् ।<br>ख) दमक नगरपालिका भित्रको जैविक विविधता संरक्षणका उपायहरू उल्लेख गर्नुहोस् ।<br>परियोजना कार्य:<br>क) तपाईं बसोवास गरेको वरपरको वातावरण संरक्षणका लागि समुदाय स्तरमा गरिएका प्रयासहरूको विवरण सङ्कलन गरी छोटो प्रतिवेदन तयार पार्नुहोस् ।<br>ख) तपाईं बसोबास गरेको वरपरको जैविक विविधता संरक्षणका लागि सरकारी वा गैरसरकारी स्तरमा अवलम्बन गरिएका उपायहरूको विवरण सङ्कलन गरी छोटो प्रतिवेदन तयार पार्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | ५.२ दमक नगरपालिकाभित्र पाइने मुख्य जडीबुटीहरूको पहिचान । | क) विद्यार्थीहरूलाई आफ्नो समुदायमा पाइने औषधीजन्य बोटविरुवाहरूको नमुना सङ्कलन गर्न लगाई तिनीहरूको औषधीय गुणको बारेमा कक्षामा छलफल गर्न लगाउने ।<br>ख) शिक्षकले आफ्नो समुदायमा पाइने जडीबुटीहरूको चिकित्साक्षेत्रमा हुने प्रयोगको बारेमा बुँदागत टिपोट गरिदिने ।<br>ग) दमक नगरपालिकामा उपलब्ध आयुर्वेद चिकित्सा क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वलाई अतिथि स्रोतव्यक्तिको रूपमा विद्यालयमा आमन्त्रण गरी बोटविरुवाहरूको औषधीय गुण र तिनको प्रयोग गर्ने तरिकाको बारेमा विद्यार्थीहरूलाई जानकारी गराउने । | परियोजना कार्य :<br>क) आफ्नो समुदायमा पाइने औषधिजन्य बोटविरुवाहरूका नमुना सङकलन गरी तिनीहरूको नाम र तिनको औषधीय उपयोगको सूची तालिकामा प्रस्तुत गर्नुहोस् । | **६** |
| ६. पेसा, व्यवासाय र उद्यमशीलता | ६.१ पेसा वा वृत्तिको छनौट गर्ने तरिकाहरू । | क) रुचि र खुबीबिचको फरक विभिन्न उदाहरण दिँदै छलफल गराउने ।<br>ख) कुनै पनि व्यक्तिको वृत्ति भनेको के हो भन्ने बारेमा छलफल गराउँदै वृत्ति विकासका विशेषताहरूबारे छलफल गराउने ।<br>ग) दमक नगरपालिका स्तरमा पेसा र व्यवसाय छनौटका लागि आवश्यक पर्ने आधारभूत तत्त्वहरूको सूची बनाउन लगाउने ।<br>घ) आफ्नो रुचिअनुसारको पेसा वा वृत्तिको छनौटसम्बन्धी अवधारणा बनाउनका लागि फारम भराएर छलफल गराउने ।<br>ङ) पेसा प्रवेशका लागि दक्षता, योग्यता र सिपहरूको आवश्यकताका बारेमा उदाहरण दिँदै छलफल गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) रुचि र खुबीबिचको फरक छुट्याउनुहोस् ।<br>ख) भविष्यमा तपाईं कुन पेसा छनौट गर्नुहुन्छ ? कारणसहित लेख्नुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिका स्तरमा उपलब्ध पेसा र व्यवसायहरूको सूची बनाउनुहोस् । | ४ |
| | ६.२ व्यापार र व्यवसाय :<br>- व्यावसायिकता<br>- बजार व्यवस्थापन प्रक्रिया । | क) कुनै पनि व्यवसायलाई व्यावसायिकता प्रदान गर्दा आईपर्ने चुनौतीहरूबारे छलफल गराउने ।<br>ख) दमकका प्रचलित व्यवसायको व्यवसायीकरण प्रक्रियाहरूका बारेमा छलफल गराउने ।<br>ग) व्यापार र व्यवसायको बजार व्यवस्थापन के कसरी हुनसक्छ र गर्न सकिन्छ भनी छलफल गर्ने ।<br>घ) दमकमा उत्पादित सामग्रीको बजारीकरणका चुनौतीहरू के के हुनसक्छन् भनी छलफल गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) व्यवसायको व्यावसायिकताका चुनौतीहरू केके हुन सक्छन् ? लेख्नुहोस् ।<br>ख) बजार व्यवस्थापन प्रक्रियाबारे छोटकरीमा लेख्नुहोस् ।<br>परियोजना कार्य : | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | ङ) बजारीकरण र त्यसबाट व्यवसायमा पर्ने सकारात्मक प्रभावका बारेमा विषयगत विज्ञसँग छलफल गरी निष्कर्ष दिने । | क) फरकफरक व्यवसाय गर्ने तीनजना स्थानीय व्यवसायीसँग बजारीकरणका चुनौतीहरू के के हुनसक्छन् सोधेर सूची तयार गर्नुहोस् । | |
| | ६.३ साना तथा घरेलु र मझौला उद्योग :<br>- परिचय<br>- महत्त्व<br>- चुनौती । | क) साना तथा घरेलु र मझौला उद्योगको बारेमा के फरक छ भनी छलफल गराउने ।<br>ख) उद्योगको महत्त्वबारे छलफल गराउने र यसका आर्थिक पक्षहरूको विवेचना गर्ने ।<br>ग) उद्योग सञ्चालन गर्दा आइपर्नसक्ने समस्याहरूका बारेमा बुँदागत रूपमा छलफल गरी प्रस्तुत गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) साना तथा घरेलु र मझौला उद्योगका बिच रहेका पाँच भिन्नताहरू लेख्नुहोस् ।<br>ख) ) साना तथा घरेलु उद्योगका कुनै पाँचवटा महत्त्व लेख्नुहोस् ।<br>ग) मझौला उद्योग सञ्चालन गर्दा आइपर्नसक्ने चुनौतीहरू के के हुन् ? | ४ |
| | ६.४ सिपहरू :<br>- धारो फेर्ने र मर्मत गर्ने,<br>- इलेक्ट्रिक उपकरणहरूको सुरक्षित प्रयोग,<br>- बैङ्क भौचर बनाउने,<br>- विभिन्न निवेदन, तमसुक लेख्ने,<br>- कृषिसम्बन्धी सिप । | क) आफ्नो दैनिक जीवनमा आवश्यक व्यावहारिक सिप हासिल गर्न विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>ख) 'पढ्दै कमाउँदै' अवधारणासँग सम्बन्धित प्रारम्भिक सिप हासिल गर्ने तरिकाको बारेमा छलफल गराउने ।<br>ग) शिक्षालाई सिपसँग जोड्ने तरिकाहरूका बारेमा परिचय गराउँदै कुनै तीनवटा व्यावसायिक सिपको अभ्यास गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) शिक्षालाई सिपसँग कसरी जोड्न सकिन्छ ?<br>ख तल दिइएकामध्ये कम्तीमा तीनवटा व्यावसायिक क्षेत्रका लागि आवश्यक पर्ने सिपहरू उल्लेख गरी विवरण तयार गर्नुहोस् ।<br>- कृषि व्यवसाय<br>- धारा जडान तथा मर्मत<br>- विद्युत् जडान तथा मर्मत<br>- निवेदन तथा तमसुक लेखन<br>- भौचर तथा बिल भर्ने । | २० |

| | | | | |
|---|---|---|---|---|
| ७. विपद् तथा विपद् व्यवस्थापन | ७.१. दमक नगरपालिका क्षेत्रमा हुनसक्ने विपद् न्यूनीनकरणका उपायहरू :<br>- सचेतना र शिक्षा<br>- पूर्वतयारी<br>- सूचना प्रणाली<br>- स्रोत र सहभागिता<br>- तटबन्ध र सुरक्षित संरचना निर्माण<br>- वृक्षरोपण<br>- आगलागी नियन्त्रण । | क) दमक नगरपालिका क्षेत्रमा हुनसक्ने विपद्हरू पहिचान गरी सूची तयार गर्न समूहगतरूपमा कार्य विभाजन गर्ने ।<br>ख) दमक नगरपालिका क्षेत्रमा हुनसक्ने प्राकृतिक विपद्हरू पहिचान गरी तिनको न्यूनीकरणका उपायहरूका विषयमा समूहगत छलफल गराई न्यूनीकरणका उपायहरू सङ्कलन गर्न सहयोग गर्ने ।<br>ग) दमक नगरपालिका क्षेत्रमा हुनसक्ने मानवसिर्जित विपद्हरू पहिचान गरी तिनको न्यूनीकरणका उपायहरू विषयमा समूहगत छलफल गराई न्यूनीकरणका उपायहरू सङ्कलन गर्न सहयोग गर्ने ।<br>घ) दमक नगरपालिकाको सहरी सुरक्षा तथा विपद् व्यवस्थापनमा दमक नगरपालिकाले चालेका प्रयासहरूबारे जानकारी दिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) विपद् न्यूनीकरण भनेको के हो ?<br>ख) दमक नगरपालिका क्षेत्रमा हुनसक्ने प्राकृतिक विपद्हरू कसरी न्यूनीकरण गर्न सकिन्छ ? उपायहरू बताउनुहोस् ।<br>ग) यान्त्रिक उपकरणका कारणले के कस्ता विपद्हरू सिर्जना हुनसक्छन् ? तालिका निर्माण गर्नुहोस् ।<br>घ) मानवसिर्जित तथा यान्त्रिक कारणले हुनसक्ने विपद् न्यूनीकरणका उपायहरूको सूची तयार गर्नुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | ७.२ दमकको सहरी सुरक्षा व्यवस्थापनका उपायहरू :<br>- सार्वजनिक स्थलको निगरानी<br>- यातायात सुरक्षा<br>- आपत्कालीन सेवा सुदृढीकरण<br>- सामाजिक अपराध नियन्त्रण<br>- भौतिक पूर्वाधारहरूको सबलीकरण<br>- जनचेतना र सहभागिता<br>- प्रविधिको प्रयोग । | क) सहरी सुरक्षा व्यवस्थापन विषयमा धारणा विकास गर्न कक्षामा छलफल तथा प्रस्तुति आयोजना गर्ने ।<br>ख) विद्यार्थीलाई दमक नगरपालिकाको सहरी क्षेत्रको अवलोकन गराई सुरक्षा व्यवस्थापनका चुनौतीहरू अध्ययन गर्न लगाउने ।<br>ग) सहरी सुरक्षा व्यवस्थापनका उपायहरूको सूची तयार गरी प्रस्तुत गर्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) सहरी सुरक्षा व्यवस्थापन भनेको के हो ?<br>ख) दमक नगरपालिकामा सहरी सुरक्षाका चुनौतीहरू उल्लेख गर्नुहोस् ।<br>ग) दमक नगरपालिकामा सहरी सुरक्षा व्यवस्थापनका उपायहरू लेख्नुहोस् । | ६ |

कक्षा ८

| **विषय वस्तुको क्षेत्र** | **विषय वस्तु र तिनको विस्तृतीकरण** | **सिकाइ सहजीकरण प्रक्रिया** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** | **पाठघण्टी** |
|---|---|---|---|---|
| १. दमक नगरपालिकाको परिचय | १.१ विकासका पूर्वाधार :<br>- ढल निकास<br>- पिउने पानी । | क) विद्यार्थीलाई दमक नगरपालिकाभित्र विकासका पूर्वाधारहरू भएको क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराई तिनीहरूको बारेमा जानकारी गराउने ।<br>ख) विकासका पूर्वाधारहरू ढल निकास र पिउने पानीको वर्तमान अवस्थाको विवरण सङ्कलन गरी प्रस्तुत गर्न लगाउने ।<br>ग) अवलोकन गरिएका पूर्वाधारहरूबाट दमक नगरवासीको स्वास्थ्यमा पर्ने प्रभावहरूको सूची बनाउन लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको कुन कुन क्षेत्रमा ढल निकासको प्रबन्ध गरिएको छ ?<br>ख) दमक नगरपालिकाभित्र कति जनसङ्ख्याले शुद्ध पिउने पानीको उपभोग गर्दछन् ?<br>ग) ढल निकास र पिउने पानीबाट स्वास्थ्यमा पर्ने प्रभावहरूको सूची बनाउनुहोस् । | ४ |
| | १.२ दमक नगरपालिकामा दिगो विकासका लागि निम्न पूर्वाधारहरूको उपयोगिता :<br>- दमक बिजनेस कम्प्लेक्स<br>- दमक औधोगिक पार्क<br>- दमक सभागृह<br>- मदन भण्डारी रङ्गशाला<br>- विज्ञानपार्क<br>- फोहारमैला प्रशोधन केन्द्र । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाको दिगो विकासका लागि तोकिएका पूर्वाधारहहरूका सम्बन्धमा नगरपालिकाका प्रतिनिधिसँगको छलफलमा सहभागी गराउने ।<br>ख) दमक नगरपालिकाको दिगो विकासका लागि ठुला पूर्वाधारहरूको उपयोगिताहरूलाई सूचीबद्ध गर्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकामा ठुला पूर्वाधारहरूको नाम र ठेगाना लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकाको दिगो विकासका लागि कुनै तीनवटा ठुला पूर्वाधारहरूको उपयोगिता लेख्नुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | १.३ सहरीकरणका समस्या र व्यवस्थापनका उपाय :<br>- जनसङ्ख्याको चाप<br>- ट्राफिक जाम र प्रदूषण<br>- अव्यवस्थित बसोबास<br>- सार्वजनिक सेवा र पूर्वाधारमा दबाब<br>- प्रकोप जोखिम । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकामा भएको सहरीकरणको अवस्था अध्ययनका लागि क्षेत्र भ्रमणमा लैजाने ।<br>ख) विद्यार्थीहरूलाई आफूले अवलोकन गरेका सहरी व्यवस्थापनका समस्याहरूको टिपोट गर्न लगाउने ।<br>ग) विद्यार्थीहरूलाई दमक नगरको सहरी व्यवस्थापनका लागि चाल्नुपर्ने कदमको बारेमा आफ्नो राय समेटी प्रतिवेदन लेख्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको सहरीकरणका समस्याहरूको सूची बनाउनुहोस् ।<br>ख) दमक नगरपालिकाको सहरी व्यवस्थापनका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ ? कुनै ५ बुँदामा आफ्नो राय प्रस्तुत गर्नुहोस् । | ६ |
| | १.४ दमक नगरपालिकाको जनसङ्ख्या बनावट<br>- उमेर<br>- लिङ्ग<br>- पेसा<br>- साक्षरता | क) २०७८ सालको जनगणनाको आधारमा दमक नगरपालिकाको जनसाङ्ख्यिक तथ्याङ्कहरूको अध्ययन गर्न लगाउने ।<br>ख) तथ्याङ्कहरूको अध्ययनको आधारमा दमक नगरको जनसङ्ख्याको उमेरगत, लैङ्गिक, साक्षरता र पेसागत बनावट टिपोट गरी छलफल गर्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाको उमेरगत, लैङ्गिक एवं पेसागत जनसङ्ख्या बनावटलाई तालिकामा देखाउनुहोस् ।<br>ख) दमक नगरपालिकाको साक्षरताको अवस्था चर्चा गर्नुहोस् । | ८ |
| २. स्रोत र सम्पदा | २.१ दमक नगरपालिका क्षेत्र भित्र रहेका मानवीय स्रोतहरू :<br>- पहिचान<br>- महत्त्व । | क) विद्यार्थीहरूलाई मानवीय स्रोतसम्बन्धी क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिसँगको छलफलमा सहभागी गराउने ।<br>ख) मानवीय स्रोतको विवरण प्रस्तुत गरी यसको महत्त्वबारेका बुँदाहरू प्रस्तुत गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र रहेका मानवीय स्रोतहरूको बारेमा छोटो विवरण प्रस्तुत गर्नुहोस् ।<br>ख) दमक नगरपालिकामा मानवीय स्रोतको महत्त्व दर्साउने बुँदाहरू प्रस्तुत गर्नुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| ३. संस्कार र संस्कृति | ३.१ दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायको संस्कार र संस्कृतिको पहिचान र संरक्षणका उपायहरू :<br>- सामाजिक संस्कारहरू (जन्म, मृत्यु, विवाह)<br>- धार्मिक संस्कारहरू । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका मानिसहरूको संस्कारमा भएको विविधताको बारेमा छलफल गर्ने ।<br>ख) उनीहरूको मौलिक संस्कृतिको संरक्षण गर्न चाल्नुपर्ने कदमको सम्बन्धमा छलफल गरी निष्कर्ष टिपोट गरिदिने । | क) दमक नगरपालिकाभित्र बसोवास गर्ने विभिन्न समुदायका संस्कृति संरक्षणका कुनै १० वटा उपायहरू लेख्नुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकाभित्र बसोवास गर्ने फरकफरक समुदायका अगुवा व्यक्तित्वसँग छलफल गरी ती समुदायको संस्कार र संस्कृतिको संरक्षण गर्न कस्ता उपायहरू अपनाउन सकिन्छ ? प्रतिवेदनको रूपमा आफ्नो सुझाव प्रस्तुत गर्नुहोस् । | १२ |
| ४. व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | ४.१ नगरपालिकाभित्र रहेका सङ्घसंस्थाहरूको पहिचान र सेवाका क्षेत्रहरू :<br>- यु.एन.एच.सि.आर<br>- लुथरन विश्व सेवा<br>- रेडक्रस<br>- दूरसञ्चार प्रदायक संस्थाहरू<br>- खानेपानी संस्थाहरू<br>- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू<br>- परोपकारी संस्थाहरू | क) विद्यार्थीहरूलाई दमक नगरपालिका भित्र कार्यक्षेत्र भएका केही सङ्घसंस्थाहरूको स्थलगत अवलोकनमा लैजाने ।<br>ख) अवलोकन गरिएका संस्थाका प्रमुख वा प्रतिनिधिसँग भेटघाट गरी संस्थाले दिने सेवाको क्षेत्र, आवश्यकता र प्रभावको सम्बन्धमा छलफलको माध्यमबाट मुख्य बुँदा टिपोट गर्न लगाउने ।<br>ग) दमक नगरपालिका भित्र कार्यक्षेत्र भएका संस्थाहरूको नाम, ठेगाना, सेवाको क्षेत्र समेटिएको चार्ट प्रस्तुत गरी ती संस्थाको औचित्य प्रस्ट पारिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकाभित्र कार्यक्षेत्र भएका कुनै पाँचवटा सङ्घसंस्थाहरूको नाम लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकाभित्र रहेका सङ्घसंस्थाहरूले दिने सेवाको विवरण झल्कने चार्ट बनाउनुहोस् । | १२ |

| | | | | |
|---|---|---|---|---|
| ५. वातावरण र जैविक विविधता | ५.१ दमक नगरपालिकाभित्रका वातावरणीय समस्याहरू :<br>- वनविनाश<br>- जलस्रोत र जलाधार क्षेत्रको सङ्कुचन<br>- नदीजन्य स्रोतहरूको अतिदोहन<br>- कृषि क्षेत्रमा विषादीको जथाभावी प्रयोग । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाभित्रका वातावरणीय पक्षको अवलोकन गराई समस्याहरू टिपोट गर्न लगाउने ।<br>ख) वातावरण विनाश हुनुका कारणहरूको सम्बन्धमा छलफल गर्ने ।<br>ग) वातावरणीय समस्याहरूको सूची तयार गरी प्रस्तुत गर्ने । | क) दमक नगरपालिकाभित्र रहेका वातावरणीय समस्याहरूको सूची बनाउनुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | ५.२ दमक नगरपालिका भित्रका वातावरणीय समस्याहरूको समाधानका उपायहरू :<br>- ढलनिकास<br>- फोहरमैला व्यवस्थापन<br>- वन संरक्षण<br>- जलस्रोत र जलाधार क्षेत्रको संरक्षण<br>- नदीजन्य स्रोतहरूको नियन्त्रित प्रयोग<br>- कृषिक्षेत्रमा रासायनिक मल र विषादीको सीमित उपयोग । | क) विद्यार्थीहरूलाई दमक नगरपालिकाको वातावरणीय पक्षको अवलोकनका लागि क्षेत्र भ्रमण गराई समस्याहरू टिपोट गर्न लगाउने ।<br>ख) दमक नगरपालिकाको वातावरणीय समस्याहरूको समाधानका लागि नगरपालिका र नागरिकको भूमिका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्ने ।<br>ग) वातावरण संरक्षणसम्बन्धी क्षेत्रमा अनुभव भएका व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा विद्यालयमा आमन्त्रित गरी वातावरण संरक्षणका उपायहरूको बारेमा जानकारी लिन लगाउने ।<br>घ) दमक नगरपालिकाको वातावरणीय समस्या समाधानका उपायहरूको सूची बनाइ प्रस्तुत गरिदिने । | क) दमक नगरपालिकाभित्र रहेका वातावरणीय समस्याहरूको समाधानका उपायहरू उल्लेख गर्नुहोस् । | ८ |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | ६.१ रोजगारीका लागि आवश्यक सिप :<br>- सञ्चार सिप<br>- कार्य सम्पादन सिप<br>- इमानदारी<br>- कामप्रतिको बफादारी<br>- भाषागत ज्ञान । | क) रोजगारीका लागि आवश्यक न्यूनतम सिपहरूको बारेमा छलफल गराउने ।<br>ख) कुनै न कुनै परीक्षा उत्तीर्ण गरेपछि मात्र रोजगारीमा प्रवेश गर्न सकिनेबारे उदाहरण दिँदै रोजगार प्राप्त गर्न विभिन्न प्रकारका तयारीका बारेमा छलफल गराउने । | क) रोजगारीका लागि आवश्यक कुनै पाँचवटा सिपहरू लेख्नुहोस् । | ३ |
| | ६.२ रोजगारीका क्षेत्रहरू :<br>- कृषि<br>- उद्योग<br>- सेवा<br>- व्यापार<br>- पर्यटन । | क) दमक नगरपालिकामा रोजगारीका क्षेत्रहरूको बारेमा छलफल गराउने ।<br>क) रोजगारीका अन्य विभिन्न क्षेत्रहरूका बारेमा छलफल गराई रोजगारदाता स्थानीय व्यक्तिहरूसँग अन्तर्क्रिया गराउने ।<br>ग) रोजगारीका क्षेत्रहरूको सूची बनाई प्रस्तुत गरिदिने । | क) दमक नगरपालिकामा रोजगारीका मुख्य क्षेत्रहरूको सूची तयार पार्नुहोस् । | ३ |

| | | | | |
|---|---|---|---|---|
| | ६.३ रोजगारीका लागि आवश्यक प्रक्रियाहरू । | क) रोजगार परामर्श संस्था मार्फत रोजगारीका आवश्यक प्रक्रियाहरूबारे छलफल गर्ने ।<br>ख) रोजगारीका आवश्यक प्रक्रियाहरू टिपोट गरी प्रस्तुत गर्न लगाउने । | क) रोजगारीका आवश्यक प्रक्रियाका कुनै पाँचवटा बुँदा लेख्नुहोस् । | २ |
| | ६.४ व्यापार र व्यावसायिकता :<br>- उत्पादित सामग्रीको बजार व्यवस्थापन<br>- खुद्रा तथा थोक व्यापार गर्ने प्रक्रिया<br>- व्यापार गर्ने सिप । | क) उत्पादित सामग्रीको बजार व्यवस्थापन प्रक्रियाको बारेमा छलफल गराउने ।<br>ख) छलफलबाट प्राप्त निष्कर्षलाई सूचीबद्ध गरी प्रस्तुत गर्न लगाउने ।<br>ग) खुद्रा तथा थोक व्यापार सञ्चालनका प्राविधिक तथा कानुनी प्रक्रियाहरूको बारेमा छलफल गराउँदै निष्कर्ष निकाल्न लगाउने ।<br>घ) व्यापार गर्न आवश्यक पर्ने सिपहरूको बारेमा छलफल गराई निष्कर्ष निकाल्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकामा उत्पादित सामग्रीको बजार व्यवस्थापनको प्रक्रिया लेख्नुहोस् ।<br>ख) दमक नगरपालिकामा उत्पादित सामग्रीको खुद्रा तथा थोक व्यापार गर्ने प्रक्रियाको बारेमा बताउनुहोस् ।<br>ग) व्यापार गर्न आवश्यक पर्ने सिपहरू उल्लेख गर्नुहोस् । | ३ |
| | ६.५ व्यावसायिक खेती : कृषिबाट हुने आर्थिक योगदान । | क) दमक नगरपालिकाभित्र रहेका कृषि फर्ममा अध्ययन भ्रमण गराई व्यवसायीहरूसँग कृषिको महत्त्वबारे प्रत्यक्ष अन्तर्क्रिया गराउने ।<br>ख) कृषिबाट दमक नगरवासीलाई पुगेको आर्थिक योगदानबारे अन्तर्क्रिया गर्ने र बुँदागत रूपमा प्रस्तुत गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमकमा व्यावसायिक खेतीका महत्त्व पाँचवटा बुँदामा उल्लेख गर्नुहोस् ।<br>परियोजना कार्य :<br>क) कृषि व्यवसायबाट दमक नगरवासीलाई पुगेको आर्थिक योगदानहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । | २ |
| | ६.६ उपभोक्ता अधिकार | क) विद्यार्थीहरूबिच उपभोक्ता अधिकारको बारेमा छलफल गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) उपभोक्ता अधिकार भनेको के हो ? | २ |

| | | | | |
|---|---|---|---|---|
| | | ख) उपभोक्ता अधिकारको बारेमा परिचय दिँदै त्यसको संरक्षणका लागि अपनाउनु पर्ने भूमिका र उपायहरूको बारेमा छलफल गराउने ।<br>ग) दमक नगरपालिकाभित्र उपभोग्य वस्तु एवं सेवाको क्षेत्रमा देखिएका समस्याहरूको चर्चा गर्ने ।<br>ङ) उपभोक्ता अधिकारका बुँदाहरूलाई तालिकामा प्रस्तुत गर्ने । | ख) दमकमा उपभोक्ता अधिकार संरक्षणका लागि अपनाउनु पर्ने कुनै पाँच उपायहरू बताउनुहोस् ।<br>परियोजना कार्य:<br>क) दमक नगरपालिकामा उपभोक्ता अधिकारको क्षेत्रमा देखिएका समस्याहरू गरी समाधानका लागि अपनाउनु पर्ने उपायहरू प्रस्तुत गर्नुहोस् । | |
| | ६.७ उद्योग :<br>- घरेलु तथा साना उद्योग सञ्चालन प्रक्रिया । | क) घरेलु तथा साना उद्योग दर्ता तथा सञ्चालन प्रक्रियाका उपायहरूको बारेमा छलफल गर्दै निष्कर्ष निकाल्न लगाउने<br>ख) घरेलु तथा साना उद्योग सञ्चालनका लागि आवश्यक प्रविधिक तथा कानुनी प्रक्रियाबारे निष्कर्ष प्रस्तुत गरिदिने । | क) दमकमा घरेलु तथा साना उद्योग स्थापनाको लागि सञ्चालन प्रक्रियाको बारेमा बताउनुहोस् । | २ |
| | ६.८ सिप :<br>- बिजुलीको तार जडान<br>- फ्युज जडान<br>- एमसीबी चेकजाँच<br>- पङ्खा जडान<br>(तलका मध्ये कुनै तीन सिप)<br>क) सीएफएल चिम उत्पादन<br>ख) वाइरिङसम्बन्धी आधारभूत सिप<br>ग) प्लम्बिङसम्बन्धी आधारभूत सिप<br>घ) सेनिटरी प्याड निर्माण<br>ङ) खेलौना निर्माण<br>च) माला/वरमाला निर्माण<br>छ) च्याउ खेती | क) सिकाइलाई दैनिक जीवनमा प्रयोग हुने सिपसँग जोड्ने तरिकाहरूको बारेमा छलफल गर्ने ।<br>ग) दमकमा 'पढ्दै कमाउँदै' अवधारणासँग सम्बन्धित आधारभूत सिपहरूको प्रयोगात्मक अभ्यास गराउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दैनिक जीवनमा सिपको महत्त्वबारे कुनै पाँचवटा बुँदा लेख्नुहोस् ।<br>परियोजना कार्य :<br>ख) तल दिइएकामध्ये कम्तीमा ३ वटा सिपको प्रयोगात्मक अभ्यास गर्नुहोस् :<br>क) सीएफएल चिम उत्पादन<br>ख) वाइरिङसम्बन्धी आधारभूत सिप<br>ग) प्लम्बिङसम्बन्धी आधारभूत सिप<br>घ) सेनिटरी प्याड निर्माण<br>ङ) खेलौना निर्माण<br>च) माला/वरमाला निर्माण<br>छ) च्याउ खेती | २१ |

| | | | | |
|---|---|---|---|---|
| | ज) पुष्प व्यवसाय | | ज) पुष्प व्यवसाय । | |
| ७. विपद् तथा विपद् व्यवस्थापन | ७.१ विपद् व्यवस्थापनका लागि पूर्वतयारी :<br>- जोखिम मूल्याङ्कन र नक्साङ्कन<br>- जनचेतना र तालिम<br>- संयन्त्र निर्माण<br>- सामग्रीको तयारी<br>- संरचना निर्माण<br>- सञ्चार व्यवस्था । | क) विपद् व्यवस्थापन पूर्वतयारीको धारणा विकासमा सहयोग पुऱ्याउन छलफलको माध्यमद्वारा क्रियाकलाप सञ्चालन गर्ने ।<br>ख) दमक नगरपालिकामा विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वतयारीका विभिन्न पक्षहरू समेटी प्रस्तुत गरिदिने ।<br>ग) दमक नगरपालिकाको विपद् व्यवस्थापन समिति र वातावरण शाखाले गरेका पूर्वतयारीहरू सूची प्रस्तुत गरिदिने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) विपद् व्यवस्थापनको पूर्वतयारी भनेको के हो ? छोटकरीमा उत्तर दिनुहोस् ।<br>ख) विपद्को व्यवस्थापनको पूर्वतयारीको लागि हामीले के कस्ता कार्य गर्न सक्छौँ बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।<br>परियोजना कार्य :<br>क) दमक नगरपालिकाभित्र प्राकृतिक कारणबाट सिर्जना हुनसक्ने विपद्को सामना गर्न के कस्ता पूर्वतयारीहरू गर्न सकिन्छ ? तालिका निर्माण गर्नुहोस् । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | ७.२ विपद् व्यवस्थापनका लागि प्रतिकार्य र पुनर्स्थापना :<br>- खोज तथा उद्धार<br>- प्राथमिक स्वास्थ्य सेवा<br>- अस्थायी आवास<br>- राहत वितरण | क) विपद् व्यवस्थापनका लागि प्रतिकार्य र पुनर्स्थापना विषयमा विद्यार्थीहरूमाझ छलफल गराई यससम्बन्धी धारणा विकासमा सहजीकरण गरिदिने ।<br>ख) विपद् व्यवस्थापन कार्यका लागि दमक नगरपालिकाले गरेका प्रयासहरूको बारेमा जानकारी लिन विपद् व्यवस्थापन समिति तथा वातावरण शाखाका अधिकारीहरूसँग छलफलमा सहभागी गराउने ।<br>ग) छलफलबाट प्राप्त सूचनालाई प्रतिवेदनको रूपमा कक्षामा प्रस्तुत गर्न लगाउने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) विपद् व्यवस्थापनमा प्रतिकार्य योजना भनेको के हो ? छोटकरीमा उत्तर दिनुहोस् ।<br>ख) विपद् व्यवस्थापनका लागि पुनर्स्थापनाको योजना भनेको के हो ? छोटकरीमा उत्तर दिनुहोस् ।<br>ग) विपद् व्यवस्थापनका लागि प्रतिकार्य र पुनर्स्थापनाका कुनै चार उपायहरू लेख्नुहोस् ।<br>परियोजना कार्य :<br>क) प्राकृतिक विपद्हरूको प्रतिकार्यका लागि दमक नगरपालिकाले गरेका तयारीहरूलाई समेटेर एउटा प्रतिवेदन तयार गर्नुहोस् । | ४ |
| | ७.३ मानवसिर्जित विपद्का क्षेत्रहरू :<br>- ग्यास चुहावट<br>- विद्युत् सर्ट<br>- सडक दुर्घटना<br>- यान्त्रिक दुर्घटना । | क) मानवसिर्जित विपद्सम्बन्धी उदाहरणहरू दिँदै धारणा स्पष्ट पारिदिने ।<br>ख) श्रव्यदृश्य सामग्रीद्वारा मानवसिर्जित विपद्हरूको थप अवधारणा प्रस्ट पारिदिने ।<br>ग) मानवसिर्जित विपद्का कारणहरूको सूची प्रस्तुत गरी चर्चा गर्ने । | निम्न लिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) दमक नगरपालिकामा हुनसक्ने मानवसिर्जित कुनै पाँचवटा विपद्हरूको नाम लेख्नुहोस् ।<br>ख) कुनै दुईवटा मानवसिर्जित विपद्का नाम लेखी तिनका दुई दुईवटा कारणहरू उल्लेख गर्नुहोस् । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | ७.४ सहरी सुरक्षा तथा विपद् व्यवस्थापनमा दमक नगरपालिकाले गरेका कामहरू :<br>- शिक्षा तथा सचेतना<br>- राहत कोषको स्थापना<br>- बारुणयन्त्र परिचालन<br>- बारुण यन्त्र फिलिङ सेन्टर<br>- सवारी पार्किङ व्यवस्थापन<br>- विपद्का लागि पूर्वसूचना<br>- साइरन व्यवस्था । | क) दमक नगरपालिकाको सहरी सुरक्षा तथा विपद् व्यवस्थापन कार्यका लागि नगरपालिकाले गरेका कार्यहरूको बारेमा जानकारी हासिल गर्न नगरपालिकाको विपद् व्यवस्थापन समितिका अधिकारीहरूसँग विद्यार्थीहरूलाई छलफलमा सहभागी गराउने ।<br>ग) छलफलबाट प्राप्त जानकारीलाई प्रस्तुत गर्न लगाउने । | क) सहरी सुरक्षा तथा विपद् व्यवस्थापनका लागि दमक नगरपालिकाले गरेका कामहरूको सूची बनाउनुहोस् । | ६ |

## १५. सिकाइ सहजीकरण क्रियाकलापहरू :

यस पाठ्यक्रममा उल्लेख गरिएका विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि सबै क्षेत्रलाई समान महत्त्व दिनुपर्ने हुन्छ। सम्बन्धित विषयवस्तुको एकीकृतरूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनु पर्दछ । यस विषयले व्यावहारिक सिकाइलाई जोड दिने हुँदा कक्षाभित्र वा बाहिर आआफ्नो गाउँ, टोल र समुदायहरूसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनु पर्दछ। यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीलाई आफ्ना समुदायमा खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनु पर्दछ ।

यस स्थानीय विषयको पाठ्यक्रमले विभिन्न सिर्जनाहरू जस्तैः कथा, कविता, नाटक, समाचार, चिठी, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, फोटोमार्फत विद्यार्थीहरूले भाव अभिव्यक्त गरून् भन्ने लक्ष्य राखेको छ । यी सबै सिपहरूको विकास गर्न विद्यार्थीलाई आफ्ना रुचिअनुसारका सिपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्छ । विद्यार्थीलाई क्रियाकलापमा आधारित भई गरेर सिक्ने वातावरण र अवसर तयार गर्नु पर्दछ भन्ने सोच र चिन्तनको अभिवृद्धि गराउनु नै यस पाठ्यक्रमको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरू तल दिइएका छन् तर यी नमुना मात्र भएकाले शिक्षकले परिस्थितिअनुकूल विधिहरू छनोट गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ । यी सिपहरूको विकासका लागि सबै विद्यार्थीलाई एकै खालको सहजीकरणले सम्भव हुँदैन। विद्यार्थीहरूलाई 'गर र सिक' भन्ने धारणाको अभिवृद्धि गराउनु यस स्थानीय पाठ्यक्रमको मूल लक्ष्य हो । बालबालिकाले आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ ।

**शिक्षण विधिहरू :**

प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, खोज, अभिनय, परियोजना कार्य, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि ।

**समालोचनात्मक चिन्तन सिप विधिः**

मस्तिष्क मन्थन, सङ्गठित सिंहावलोकन, जिग-स, शब्दार्थ चित्र, जोडीमा पढाइ र जोडीमा सारांश, शीघ्र लेखन, मान्यता, इमेज थिएटर, समस्या वृक्ष, पात्र अनुमान, के.डब्लु.एल चार्ट, ग्राफिटी जस्ता सिकाइका रणनीतिहरू आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ।

माथि उल्लिखित विधिलाई प्रभावकारी र उपलब्धिमूलक तुल्याउन र सिकाइलाई व्यवहारमा उतार्ने अभिप्रायले र विद्यालयमा देहाय अनुसारका प्रक्रियाहरू कार्यान्वयन गर्नुपर्ने छ ।

क) यस पाठ्यक्रमका विषयवस्तुहरू पठनपाठन प्रक्रियामा विद्यार्थीको उमेर र बालमनोविज्ञानलाई मध्यनजर गरी सहजीकरण गरिने छ ।

ख) हरेक विषयवस्तुहरूको सिकाइ सहजीकरण गर्दा विद्यार्थीको पूर्वज्ञान पहिचान गरी सोही पूर्वज्ञानको जगमा सिकाइ क्रियाकलापहरू कार्यान्वयन गर्नु पर्ने छ ।

ग) सिकाइका तरिकाहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभ्यास गरेर, खोजेर, अनुभव गरेर, तुलना गरेर, वार्तालाप गरेर आदिलाई उपयुक्त स्थान र अवस्थामा उपयोग गर्नुपर्ने छ ।

घ) विद्यार्थीहरूको फरक फरक अवस्था र क्षमताको आधारमा शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने छ ।

ङ) पाठ्यक्रमका विषयक्षेत्रलाई सहजीकरण गर्न सम्बन्धित क्षेत्रका स्थानीय विशेषज्ञहरूको अनुभव र सिकाइलाई उपयोग गर्नुपर्ने छ ।

च) सहजीकरणका विधिहरूमा विषयवस्तुलाई छलफलमा ल्याउने, विद्यार्थीलाई बोलाइमा प्रेरित गर्ने, खोजी र छलफल गराउने, खेल खेलाउने, गीत र नृत्यमा सहभागी गराउने, समूह कार्य, परियोजना कार्य, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरूमा सहभागी गराउने आदिलाई उपयोग गर्नुपर्ने छ ।

छ) यस पाठ्यक्रममा सैद्धान्तिक पक्षभन्दा व्यावहारिक र प्रयोगात्मक पक्षलाई बढी प्राथमिकता दिइएकोले शिक्षण सिकाइलाई पनि सोहीअनुसार व्यावहारिक अभ्यासमा बढी समय दिनुपर्ने छ।

ज) पाठचक्रमको मर्म र भावनाअनुसार कक्षागत रूपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
झ) कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, व्याख्या, आईसीटीको प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारितामा ध्यान दिनुपर्ने छ ।

## १६. विद्यार्थी मूल्याङ्कन :

यस पाठचक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए/नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुबै किसिमका मूल्याङ्कन गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि र विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसूची, श्रेणीमापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदि विधिहरूको उपयोग गर्नुपर्दछ । विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् यस्तो मूल्याङ्कन गरी सो क्षेत्र वा एकाइअन्तर्गत विद्यार्थीको सिकाइ स्तर मापन गर्नुपर्दछ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरेर पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गर्नुपर्दछ । अझ न्यूनतम सिकाइस्तर हासिल गर्न नसकेको पाइएमा थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटक पटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइस्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

१६.१ **आन्तरिक मूल्याङ्कन** :

**विद्यार्थी मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड निर्देशिका २०८० लाई आधारको रूपमा लिनुपर्ने छ ।** यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (पोर्टफोलियो) व्यवस्थित गरी राख्नुपर्छ । कक्षा १-३ सम्मका विद्यार्थीको मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन पद्धतिको अवलम्बन गर्नुपर्ने छ । कक्षा १-३ सम्मका विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक रुब्रिक्स अनुसूचीमा दिइएको छ । कक्षा ४- ८ सम्मका विद्यार्थी मूल्याङ्कनका लागि ५० प्रतिशत आन्तरिक (निर्माणात्मक) एवम् ५० प्रतिशत आवधिक मूल्याङ्कन (लिखित परीक्षा)को अवलम्बन गर्नुपर्ने छ ।

**१६.१.१ आन्तरिक मूल्याङ्कनको आधार** (कक्षा ४- ८) :

निम्न लिखित पक्षमा तोकिएअनुसार भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गर्नुपर्ने छ :

| क्षेत्र | आधार | सूचक | अङ्क |
|---|---|---|---|
| १. | सहभागिता | हाजिरी (२ अङ्क) र कक्षाकोठाको सक्रियता (२ अङ्क) | ४ |
| २. | प्रयोगात्मक कार्य/ परियोजना कार्य | प्रयोगात्मक कार्य/परियोजना कार्य सञ्चालन र कार्यसम्पादन (ज्ञानको शुद्धता, कार्य सम्पन्नता, छलफलमा सहभागिता, प्रस्तुतीकरण, अभिलेखीकरण, सामग्री र सिपको स्तरीयता र समय सीमा) | ३६ |
| ३. | त्रैमासिक परीक्षा | प्रथम र दोस्रो त्रैमासिक परीक्षाबाट | १० |
| | जम्मा | | ५० |

**१६.१.२ सहभागिताको मूल्याङ्कन :**

सहभागिता बापतको ४ अङ्कभारअन्तर्गत हाजिरी/उपस्थितिबापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताबापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्क गर्नुपर्ने छ। सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ :

| क्र.स. | आधार | सूचक | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | उपस्थिति | ९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा | २ | |
| | | ८५ प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.७५ | |
| | | ८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा | १.५ | |
| | | ७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा | १ | |
| २ | सिकाइमा सक्रियता र सहभागिता | सिकाइमा जिज्ञासा राख्ने, अन्तर्क्रियामा भाग लिने, आफ्नो विचार प्रस्तुत गर्ने, दिइएको कार्य (कक्षा कार्य, समूह कार्य वा अन्य कार्य पूरा गर्ने गरेमा | २ | |
| | | उल्लिखित मध्ये कुनै ३ ओटा कार्य गरेमा | १.५ | |
| | | उल्लिखित मध्ये कुनै २ ओटा कार्य गरेमा | १ | |
| | | उल्लिखित मध्ये कुनै १ ओटा कार्य गरेमा | ०.५ | |
| जम्मा | | | ४ | |

**१६.१.३. प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन (३६ अङ्कभार) :**

स्थानीय पाठ्यक्रम 'हाम्रो दमक'ले दमक नगरपालिकामा भएका विषयवस्तुमा आधारित भई स्थानीय साधन स्रोतको जानकारी, मूल्यमान्यता, गतिविधि, सिप र व्यवहार परिवर्तनको अपेक्षा गरेको छ । यी पक्षहरूको सिकाइको लागि अवलोकन भ्रमण, खोज, सामुदायिक कार्य, बानीव्यवहारमा परिवर्तन, नक्सा, चार्ट, तालिका वा ग्राफको निर्माण, प्रयोगात्मक कार्य, तयारी सामग्रीको बजारीकरण गर्ने सिप तथा परियोजना कार्य जस्ता सहभागितामूलक सिकाइ रणनीति र विधिहरूको अवलम्बन गर्नुपर्ने छ । यसका लागि सबै एकाइबाट पाठ्यक्रममा दिइएका परियोजना/प्रयोगात्मक कार्य गराउनुपर्ने हुन्छ । प्रत्येक एकाइको परियोजना/प्रयोगात्मक कार्यको लागि जम्मा ३६ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ । त्रैमासिक रूपमा परियोजना /प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक परियोजना/प्रयोगात्मक कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ । पहिलो त्रैमासिकमा परियोजना कार्य / प्रयोगात्मक कार्यको मूल्याकन गर्दा सो अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्कको औसत निकाल्नु पर्दछ । दोस्रो त्रैमासिकका हकमा पहिलो त्रैमासिकपछि र दोस्रो त्रैमासिक अवधिमा गरिएका परियोजना / प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेका जम्मा अङ्कको मात्र औसत निकाली मूल्याङ्कन गर्नुपर्छ । वार्षिक रूपमा परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा वर्षभरि पठनपाठन गरेका सबै एकाइका परियोजना र प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर सबै परियोजना कार्य /प्रयोगात्मक कार्यको सङ्ख्याले भाग गरेर औसत निकाल्नु पर्छ । यदि कुनै एकाइमा परियोजना/प्रयोगात्मक कार्य दुबै गर्नुपर्ने भएमा सो व्यहोरा खुलाएर मूल्याङ्कन गर्नुपर्छ । प्रत्येक परियोजना कार्य/ प्रयोगात्मक कार्यका लागि रुब्रिक्स/चेकलिस्ट/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ । प्रत्येक परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्नुपर्ने छ :

**१६.१.४ परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कन (रुब्रिक्स) (१८ अङ्कभार) :**

तल उल्लिखित रुब्रिक्सको आधारमा १८ अङ्कभारमा मूल्याङ्कन गरी ३६ अङ्कभारमा रूपान्तरण गर्नुपर्दछ ।

प्रत्येक परियोजना / प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्न सकिन्छ :

| आधार | सूचक | जम्मा अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| परियोजना / प्रयोगात्मक कार्य तयारी | परियोजना / प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको । | ४ | |
| | परियोजना / प्रयोगात्मक कार्यको अधिकांश कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको । | ३ | |
| | परियोजना / प्रयोगात्मक कार्यको केही कार्य मात्र सफा, सङ्गठित भएको र केही भागमात्र बुझ्न सहज भएको र केही मात्र आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको । | २ | |
| | परियोजना / प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज नभएको र अधिकांश आवश्यक ढाँचा वा प्रक्रिया पूरा नगरेको । | १ | |
| सिर्जनशीलता | परियोजना / प्रयोगात्मक कार्यमा धेरै सिर्जनशीलता, सोच र समयको प्रयोग भएको । | ४ | |
| | परियोजना / प्रयोगात्मक कार्यमा केही सिर्जनशीलता, सोच र समयको प्रयोग भएको । | ३ | |
| | परियोजना / प्रयोगात्मक कार्यमा थोरै सिर्जनशीलता, सोच र समयको प्रयोग भएको । | २ | |
| | परियोजना / प्रयोगात्मक कार्यमा एकदमै थोरै सिर्जनशीलता, सोच र समयको प्रयोग भएको । | १ | |

| | | | |
|---|---|---|---|
| विषयवस्तुको प्रस्तुति | विषयवस्तु स्पष्ट र उपयुक्त रही उच्च सिकाइ स्तर प्रदर्शन गरेमा र तयारी सामग्रीको बजारीकरण गर्ने सिप सकारात्मक भएमा । | ४ | |
| | विषयवस्तु स्पष्ट र उपयुक्त रही मध्यम सिकाइ स्तर प्रदर्शन गरेमा र तयारी सामग्रीको बजारीकरण गर्ने सिप सकारात्मक भएमा । | ३ | |
| | विषयवस्तु स्पष्ट र उपयुक्त रही सामन्य सिकाइ स्तर प्रदर्शन गरेमा र तयारी सामग्रीको बजारीकरण गर्ने सिप सकारात्मक भएमा । | २ | |
| | विषयवस्तु स्पष्ट र उपयुक्त रही निम्न सिकाइ स्तर प्रदर्शन गरेमा र तयारी सामग्रीको बजारीकरण गर्ने सिप सकारात्मक भएमा । | १ | |
| सहकार्य, जिम्मेवारी सक्रियता र समय पालना | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा उच्च र नियमति रूपमा सक्रिय रही तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा । | २ | |
| | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरूपमा धेरै जसो कार्यमा नियमित सक्रियता प्रदर्शन गरी तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा । | १.५ | |
| | परियोजना / प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरूपमा कहिलेकाहि मात्र सक्रियता प्रदर्शन गरेको र तोकिएको जिम्मेवारी समयभन्दा केही ढिला पूरा गरेमा । | १ | |
| | परियोजना/ प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरूपमा सक्रिय नरहेको र तोकिएको जिम्मेवारी समेत पूरा गरेमा । | ०.५ | |
| कक्षामा प्रस्तुतीकरण र | शिक्षक र अन्य विद्यार्थीमाझ उपयुक्त स्वर र आँखाको सम्पर्क (आई कन्ट्याक्ट) कायम राखी तार्किक प्रस्तुतीकरण गरेमा । | २ | |
| | कहिलेकाहीँ मात्र शिक्षक र अन्य विद्यार्थीमाझ उपयुक्त स्वर र आँखाको सम्पर्क (आई कन्ट्याक्ट) कायम राखी अधिकांश प्रस्तुतीकरण तार्किक रूपमा गरेमा । | १.५ | |
| | शिक्षक र अन्य विद्यार्थी माझ सानो स्वर र आक्कलझुक्कल मात्र आँखाको सम्पर्क (आई कन्ट्याक्ट) कायम गरी सामान्य तार्किक प्रस्तुतीकरण गरेमा । | १ | |
| | शिक्षक र अन्य विद्यार्थी माझ सारै सानो स्वरमा प्रस्तुतीकरण गरेको र आँखाको सम्पर्क ( आई कन्ट्याक्ट) कायम नरहनुका साथै तार्किक प्रस्तुतीकरण एकदम कमजोर रहेमा । | ०.५ | |
| अभिलेखीकरण | क्रमबद्ध र सही तरिकाले नियमित अभिलेख राखेमा । | २ | |
| | अभिलेख राखेको तर प्रक्रियामा कमजोरी रहेमा । | १.५ | |
| | अभिलेख नियमित राख्ने नगरिएको र प्रक्रियामा धेरै कमजोरी रहेमा । | १ | |
| | अभिलेख राख्ने प्रयास मात्र गरेमा । | ०.५ | |
| | जम्मा अङ्कभार | १८ | |
| | प्राप्ताङ्क | ३६ | |

**परियोजना/प्रयोगात्मक कार्यको अभिलेखीकरणका लागि निम्नलिखित फारमको प्रयोग गर्न सकिन्छ :**

**परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कन अभिलेखीकरण फाराम (कक्षा ४-५) :**

| एकाइ | परियोजना/प्रयोगात्मक कार्य (३६ अङ्क) | | | कैफियत |
|---|---|---|---|---|
| | जम्मा प्रयोगात्मक कार्यको सङ्ख्या | विद्यार्थीले गरेका सङ्ख्या | प्राप्त अङ्क | |
| १. नगरपालिकाको परिचय | | | | |
| २. स्रोत र सम्पदाहरू | | | | |
| ३. संस्कार र संस्कृति | | | | |
| ४. व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | | | | |
| ५. वातावरण र जैविक विविधता | | | | |
| ६. पेसा, व्यवसाय र उद्यमशीलता | | | | |
| ७. विपद् र विपद् व्यवस्थापन | | | | |
| जम्मा | | | | |
| औषत | | | | |

**१६.१.५** आन्तरिक मूल्याङ्कन अभिलेखीकरण फारम (कक्षा ४-८) :

कक्षा :

| रोल नं : | विद्यार्थीको नाम | विषय : हाम्रो दमक | | | |
|---|---|---|---|---|---|
| | | सहभागिता (४) | प्रयोगात्मक परियोजना कार्य (३६) | त्रैमासिक परीक्षा(१०) | जम्मा |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**१७. आवधिक मूल्याङ्कन :**

**५० प्रतिशत आवधिक मूल्याङ्कन (लिखित परीक्षा) को अङ्कभार तालिका :**

| | | कक्षा १-३ | | कक्षा ४-५ | | कक्षा ६-८ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र एकाइ | पाठ्य घन्टी | | पाठ्यघन्टी | अङ्कभार | कक्षा ६ को पाठ्यघन्टी | कक्षा ७ को पाठ्यघन्टी | कक्षा ८ को पाठ्यघन्टी | अङ्कभार |
| १ | दमक नगरपालिकाको परिचय | ४० | | ३२ | १५ | २९ | २९ | २४ | १० |
| २ | स्रोत र सम्पदाहरू | २० | | १६ | ६ | १८ | १६ | ६ | ४ |
| ३ | संस्कार र संस्कृति | १८ | | १६ | ६ | ११ | ११ | १२ | ६ |
| ४ | व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | २० | | १६ | ६ | १० | १२ | १२ | ७ |
| ५ | वातावरण र जैविक विविधता | २० | | १४ | ४ | १६ | १६ | १८ | ५ |
| ६ | पेसा, व्यवसाय र उद्यमशीलता | २४ | | १९ | ७ | २६ | ३२ | ३८ | १२ |
| ७ | विपद् तथा विपद् व्यवस्थापन | १८ | | १५ | ६ | १८ | १२ | १८ | ६ |
| | जम्मा | १६० | | १२८ | ५० | १२८ | १२८ | १२८ | ५० |

१. कक्षा ४- ८ सम्मको आवधिक परीक्षातर्फको प्रश्नपत्र यस पाठ्यक्रममा दिइएको विशिष्टीकरण तालिकाबमोजिम र मूल्याङ्कन प्रमाणीकरण लेटरग्रेडिङ निर्देशिका २०८० बमोजिम हुने छ।

२. कक्षा ४-८ सम्म निर्णयात्मक मूल्याङ्कनका लागि २ घण्टा समयावधिको लिखित परीक्षा सञ्चालन गर्नुपर्ने छ।

**१८. समय निर्धारण** :

आधारभूत तहको कक्षा १-३ सम्म स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ घन्टी र वार्षिक पठनपाठनको समय १६० घण्टा तथा क्रेडिट आवर ५ र कक्षा ४- ८ सम्मको साप्ताहिक पाठ्यभार ४ घन्टी र वार्षिक पठनपाठनको समय १२८ घण्टा तथा क्रेडिट आवर ४ हुने छ। प्रत्येक घन्टीको शिक्षण सहजीकरणको समायावधि १ घण्टाको हुने छ तर वार्षिक पाठ्यघन्टीमा असर नपुग्ने गरी यसलाई समायोजन गर्न सकिने छ। प्रत्येक विषय क्षेत्रको पाठ्यांशअनुसार विद्यार्थीहरूलाई कक्षा शिक्षण सिकाइ, अवलोकन भ्रमण, प्रयोगात्मक कार्य, अन्तरक्रिया आदिलाई समेत उक्त अवधिमा मिलान गरिने छ।

**१९. पाठ्यघन्टी र अङ्क विभाजन तालिका (कक्षा ४– ५ को विशिष्टीकरण तालिका) :**

| क.सं. | क्षेत्र एकाइ | अतिछोटो उत्तर आउने प्रश्न (१) | | | छोटो उत्तर आउने प्रश्न (२) | | | लामो उत्तर आउने प्रश्न (४) | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १ | दमक नगरपालिकाको परिचय | १ | १ | १ | १ | २ | १ | | १ | | १५ |
| २ | स्रोत र सम्पदाहरू | १ | | १ | | २ | | | | | ६ |
| ३ | संस्कार र संस्कृति | १ | १ | | २ | | | | | | ६ |
| ४ | व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | २ | २ | | | | १ | | | | ६ |
| ५ | वातावरण र जैविक विविधता | | | | | | | | १ | | ४ |
| ६ | पेसा, व्यवसाय र उद्यमशीलता | | १ | | १ | | | | १ | | ७ |
| ७ | विपद् तथा विपद् व्यवस्थापन | | | | १ | | २ | | | | ६ |
| | जम्मा | ५ | ५ | २ | १० | ८ | ८ | | १२ | | ५० |

नोटः प्रश्न निर्माण गर्दा ज्ञान, बोध, प्रयोग र उच्च दक्षता तहका प्रश्नहरू निर्माण गर्नु पर्दछ।

**१९.१ प्रश्नको तह :**
अतिछोटा प्रश्नहरूमा आवश्यकताअनुसार बहुवैकल्पिक, खाली ठाउँ भर्ने र जोडा मिलाउने किसिमका पनि राख्न सकिने छ।

| प्रश्न | अङ्क | प्रतिशत |
|---|---|---|
| ज्ञान र बोध | १५ | ३० |
| प्रयोग र सिर्जनात्मक सिप | २५ | ५० |
| उच्च दक्षता | १० | २० |
| जम्मा | ५० | १०० |

**१९.२ प्रश्नको किसिम :**

| | | प्रश्न सङ्ख्या | अङ्क |
|---|---|---|---|
| १ | लामो उत्तर आउने प्रश्न | ३ | १२ |
| २ | छोटो उत्तर आउने प्रश्न | १३ | २६ |
| ३ | अतिछोटो उत्तर आउने प्रश्न | १२ | १२ |
| | जम्मा | २८ | ५० |

## १९.३ विशिष्टीकरण तालिका (कक्षा ६ – ८) :

| क.सं. | क्षेत्र एकाइ | अतिछोटो उत्तर आउने प्रश्न ( १) | | | छोटो उत्तर आउने प्रश्न (२) | | | लामो उत्तर आउने प्रश्न (४) | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १ | दमक नगरपालिकाको परिचय | १ | १ | | | १ | १ | | १ | | १० |
| २ | स्रोत र सम्पदाहरू | | | | | २ | | | | | ४ |
| ३ | संस्कार र संस्कृति | १ | १ | | २ | | | | | | ६ |
| ४ | व्यक्ति, व्यक्तित्व र सङ्घसंस्थाहरू | १ | २ | | १ | | १ | | | | ७ |
| ५ | वातावरण र जैविक विविधता | १ | | | | | | | १ | | ५ |
| ६ | पेसा, व्यवसाय र उद्यमशीलता | १ | १ | | १ | | ६ | | १ | | १२ |
| ७ | विपद् तथा विपद् व्यवस्थापन | | | | १ | १ | १ | | | | ६ |
| | जम्मा | ५ | ५ | | १० | ८ | १० | | १२ | | ५० |
| | | | | | | | | | | | |

१९.४ प्रश्नको तह :–

| प्रश्न | अङ्क | प्रतिशत |
|---|---|---|
| ज्ञान र बोध | १५ | ३० |
| प्रयोग र सिर्जनात्मक सिप | २५ | ५० |
| उच्च दक्षता | १० | २० |
| जम्मा | ५० | १०० |

१९.५ प्रश्नका किसिम :

| | | प्रश्न सङ्ख्या | अङ्क |
|---|---|---|---|
| १ | लामो उत्तर आउने प्रश्न | ३ | १२ |
| २ | छोटो उत्तर आउने प्रश्न | १४ | २८ |
| ३ | अतिछोटो उत्तर आउने प्रश्न | १० | १० |
| | जम्मा | २७ | ५० |

**२०. शिक्षकलाई निर्देशन :**

दमक नगरपालिकाको आवश्यकताको जगमा सरोकारवालाहरूको सक्रिय सहभागितामा यो पाठ्यक्रम निर्माण गरिएको हो । स्थानीय पाठ्यक्रम स्वभावले नै लचिलो प्राकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिष्कार एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्त्वपूर्ण छन्, ती विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन् । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गर्ने पाठ्यक्रम हो । यो केन्द्रमुखी हुँदैन, हुनु हुँदैन पनि । यहाँका प्रत्येक टोल टोल र गाउँ गाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगोलिक परिवेश, जातजाति, संस्कार एवम् संस्कृति र मूल्यमान्यता पनि विविधता पाइन्छ । दमक नगरपालिका प्राकृतिक स्रोतसाधन, पर्यटकीय सम्भावना तथा जातिगत विशिष्टताले धनी छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगारी सिर्जना गर्नेभन्दा अरूले सिर्जना गरी दिएको रोजगारीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । हामीले बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम्

धार्मिक अवस्था र महत्त्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका हुन्छ । स्थानीय पेसा, व्यावसाय तथा जीविकोपार्जनमा सिकारुलाई सहभागी गराउन यो पाठ्यक्रम उपयोगी सिद्ध हुने छ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालबालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यो पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरूका लागि आवश्यक स्रोतसामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । यसका लागि आवश्यक स्रोत र साधनको खोजी गर्नसमेत क्रियाशील हुनुपर्छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सक्नेछन् ।

**क) सहभागिता शिक्षण :**

- विद्यार्थीको सक्रिय सहभागिता बढाउन समूह कार्य, छलफल, प्रश्नोत्तर, अभिनय र प्रत्यक्ष अवलोकन जस्ता विधि प्रयोग गर्ने ।
- कक्षाबाहिर पनि भ्रमण, परियोजना कार्य र सामुदायिक संलग्नतालाई शिक्षणसँग जोड्ने ।

**ख) स्थानीय स्रोत र संसाधनको उपयोग:**

- स्थानीय पेसा, संस्कृति र विशेषज्ञहरूलाई सिकाइ प्रक्रियामा समावेश गर्ने ।
- स्थानीय स्रोतसामग्री (कला, इतिहास, भौगोलिक विविधता) सङ्कलन गरी शिक्षणलाई व्यावहारिक बनाउने ।

**ग) एकीकृत र लचिलो शिक्षण:**

- अन्य विषयहरूसँग समन्वय गरी एकीकृत शिक्षण दिने ।
- सरलबाट जटिल विषयतर्फ क्रमिक रूपमा अग्रसर हुने ।

**घ) मूल्याङ्कन र प्रतिक्रिया:**

- परीक्षाभन्दा निरन्तर अभ्यास, परियोजना र व्यवहार परिवर्तनमा आधारित मूल्याङ्कन गर्ने ।
- विद्यार्थीको सिर्जनात्मकता र प्रयासलाई प्रोत्साहन दिने ।

**ङ) सामुदायिक सहयोग:**

- अभिभावक, स्थानीय विशेषज्ञ र सरोकारवालाहरूसँग सहकार्य गर्ने ।
- पाठ्यक्रमलाई समसामयिक बनाउन नगरपालिकास्तरीय छलफल गरी आवश्यक परिमार्जन गर्ने ।

**च) व्यावहारिक जीवनसँग जोड:**

- श्रम, नैतिक मूल्य र स्वरोजगारीको महत्त्व बुझाउने ।
- विपद् व्यवस्थापन, सुरक्षित विद्यालय र आर्थिक सक्षमताको शिक्षा दिने ।

**अनुसूची :**

**कक्षा १-३ का विद्यार्थी मूल्याङ्कन मापनका आधार :**

प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । सिकाइ उपलब्धि मूल्याङ्कन गर्दा प्रयोग गरिएका साधन कैफियत महलमा उल्लेख गर्नुपर्दछ । मूल्याङ्कनका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य (कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा), परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । कुनै सिकाइ उपलब्धिको सिकाइ हुन बाँकी रहेमा कैफियत महलमा उल्लेख गरी सिकाइपश्चात् मात्र मूल्याङ्कन गरी अभिलेखित गर्नुपर्छ ।

**अनुसूची १ :**

१. कक्षा १-३ सम्मका कक्षाको विद्यार्थी मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन पद्धतिको अवलम्बन गर्नुपर्ने छ । कक्षा १-३ सम्मका कक्षाको विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक रुब्रिक्स तलको तालिकामा दिइएको छ :

**हाम्रो दमक विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख :**

**कक्षा : १ विषयक्षेत्र : दमक नगरपालिकाको परिचय विद्यार्थीको नाम :**

| थिम | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| १. म र मेरो परिवार | १. आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाम बताउन । | आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाम बताउन सकेमा (४ अङ्क) | | | | | |
| | | आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाममध्ये कुनै तीनओटा भन्न सकेमा (३ अङ्क) | | | | | |
| | | आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाममध्ये कुनै दुईओटा भन्न सकेमा (२ अङ्क) | | | | | |
| | | आफ्नो घर भएको ठाउँ, टोल, बस्ती र वडाको नाममध्ये कुनै एउटा भन्न सकेमा (१ अङ्क) | | | | | |
| | २. आफ्नो वडा र छिमेकी वडाका ठाउँ, | आफ्नो वडा र छिमेकी वडाका ठाउँ, टोल, बस्तीका नाम बताउन सकेमा (४ अङ्क) | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | टोल, बस्तीको नाम बताउन । | आफ्नो वडा र छिमेकी वडाका ठाउँ, टोल, बस्तीका नाममध्ये ३ वटा नाम बताउन सकेमा (३ अङ्क) | | | | | |
| | | आफ्नो वडा र छिमेकी वडाका ठाउँ, टोल, बस्तीका नाममध्ये २ वटा नाम बताउन सकेमा (२ अङ्क) | | | | | |
| | | आफ्नो वडा र छिमेकी वडाका ठाउँ, टोल, बस्तीका नाममध्ये १ वटा नाम बताउन सकेमा (१ अङ्क) | | | | | |
